CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिरीषको फूल



पारिजात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साहित्यिक कार्यक्रम

२०३९

गद्यतर्फ तृतीय



नवराज-कटुवाल

०३९।१२।२४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४

शिरीषको फूल

पारिजात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिरीषको फूल : पारिजात
(२०२२ को 'मदन पुरस्कार' प्राप्त)

प्रकाशक :

साझा प्रकाशन,
काठमाडौं।

पहिलो संस्करण – २०२२
दोस्रो संस्करण –
तेस्रो संस्करण – २०३८
साझा प्रकाशनबाट पहिलो पटक २१०० प्रति

मूल्य : ८।६५

मुद्रक :

साझा प्रकाशनको छापाखाना,
पुलचोक, ललितपुर।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"शिरीष-फूल
भ्रमरचुम्बनमै
ओइली कुर्छ !"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

'शिरीषको फूल' पारिजातको जेठो उपन्यास हो । जेठो भएर मात्र यो चर्चित भएको होइन, उत्कृष्ट हुनाले प्रशंसित भएको हो । नेपाली साहित्यमा प्रस्तुत उपन्यासको विशिष्ट स्थान छ । तेस्रो संस्करणदेखि छाप्ने अनुमति दिएर साझा प्रकाशनप्रति यसका लेखकले देखाएको सुजनता र सहयोगका लागि आभार प्रकट गर्दै ठूलो गुन मानेका छौं ।

२०३८

साझा प्रकाशन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

Blue Mimosa

शंकर लामिछाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अल्छिलाग्दो एक अपराह्न । पसलमा बसेको छु, साथमा डेनिस एक चित्रकार छ । ऊ झन्डै वर्ष दिनदेखि काठमाडौंमा रुमल्लिरहेछ । यहाँको साहित्यिक तथा सांस्कृतिक वातावरणमा अल्मलिएर । गरीब छ यस कारण चित्रकारिता अपनाएको छ, अथवा भनौं चित्रकार भएकोले नै गरीब छ ।

यस्तैमा आउँछिन् सुकन्या, यो उपन्यासकी लेखिकाकी बहिनी । एउटा चिट्ठी छ, र छ एउटा पाण्डुलिपि ।

पढ्छु,–

"पुतलीसडक,
पौष २५,२०२२

शंकरदाइ,

दुःख दियो नभन्नुहोला । एउटा उपन्यास लेखेकी छु र यसको भूमिका किनकिन तपाईबाट नै बाँधिनुपर्छ भन्ने अठोट लागिसकेको छ मलाई । छाप्ने प्रयत्नमा छु । कृपया निराश नफर्काउनुहोला ।

सधन्यवाद !

तपाईंको
पारिजात"

सम्पूर्ण चिट्ठीमा मलाई आकर्षित गरे दुई शब्दले–'किन-किन' र 'अठोट'-ले ।

पारिजातलाई म प्रेम गर्छु । कसो कसो एउटी बहिनीभन्दा बढी नै शायद प्रेमिका जत्ति नै,जोसँग आत्मीय मात्र संसर्ग होवोस्, जोसँग यौनको सम्बन्ध तुच्छकर वा हेयकर लागोस् । र यौनलाई नअँगालेर यदि प्रेमको Orgasm (चरमसीमा)को कल्पना सम्भव छ भने, मैले उसलाई गरेको प्रेमको परिभाषा त्यही मात्र हुन सक्ला ।

अहँ, म मान्दिनँ !

यति आधुनिक उपन्यासकी लेखिकाका लागि मैले स्वयं दिएको परिभाषा खिइसकेका उपमाहरूमा आधारित छ । म एकदमै नयाँ उपमा दिन्छु । भन्छु–मास्सिन लागेको आफ्नो Species को अन्तिम कडीप्रति अघिल्लो कडीको प्रेम हो मेरो । त्यससँग यत्ति आफन्ति सम्बन्ध छ कि न त प्रजनन नै सम्भव छ न त पर्याप्ति नै । एक मनले चाहन्छ यही हो मेरो स्वप्नको साकार रूप र अर्को मनले भन्छ यही नै हो पूर्ण विराम ।...र, 'शिरीषको कथा'...पख एक छिनपछि भन्छु ! हतार के छ ?

पारिजात आई पनि मेरो जीवनमा अनौठोसँग । लाइब्रेरियन भएको मेरो अवतारमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊ आफ्ना साथी-संगाती लिएर उपस्थित भई । र भनी, 'नेपालका लेखकहरूलाई, निश्चय पनि सबैलाई चिन्नुभएको छ । हामीलाई एक पटक शंकर लामिछानेसँग परिचय गराइ-दिनुहोस् !' मैले भन्ठानें यो मेरो जीवनको ठूलो ठट्टा हो तर ठट्टा होइन रहेछ, उनीहरूले साँच्चि नै लामिछानेलाई चिन्न खोज़ेका रहेछन् । म तीनछक परें । त्यस वेला पारिजात-पारिजात भइसकेकी थिइन । ऊ विष्णु वाइवा थिई ।

अनि ऊ पारिजात भई । यस 'हुनु' मा अनेक मानसिक र शारीरिक र रोमान्टिक (जसको मलाई पटक्क ज्ञान छैन !) घटना भए, उसको जीवनमा । ऊ कवि बनी, प्रतिष्ठा पाई; ऊ रोगी बनी, अस्पताल भर्ना भई । (ऊ निराश बनी प्रेममा ?—त्यो म जान्दिनें !)

मेरो जीवनमा पनि हेरफेर आए । म लेखकबाट जागीरे, र जागीरेबाट साहित्यिक, र साहित्यिकबाट साहित्य-प्रेमी, र साहित्य-प्रेमीबाट व्यापारी बन्न पुगें । यत्ति हो—पैसा भएको बेला, नेपाली साहित्यको प्रगति र ह्रास बुझ्न म पत्रिका खूब किन्थें । र गतिको बोध सकभर राख्ने प्रयास गर्थें ।

डेनिस चित्रकारले सोध्यो—"यो त पाण्डुलिपिजस्तो छ नि ?"

मैले भनें "हो ! यो पाण्डुलिपि हो ।"

"अहिले आउनेले लेखेको ?"

"होइन, उसकी दिदीले ।"

"यो के, कथा ?"

"होइन, उपन्यास ।"

"छोटो देखिन्छ नि ?"

"छाप्दा झण्डै ८०—९० पेज हुन जान्छ कि ?"

"के उनी राम्री लेखिका हुन् ?"

(अंग्रेजीमा उसको प्रश्न थियो—'Is she a beautiful writer ?' विशेषणको प्रयोग कुन अर्थमा भएको हो भनी बुझ्न मैले उसको अनुहार हेर्‌ें । उसको अनुहार प्रश्न चिह्नको प्रतीक थियो !)

यहाँनिर, ज्वाट्ट बोल्न म असमर्थ भएँ । गुनें, उसको प्रश्नमा कुनै व्यंग्य मैले पाइनें । भनें—"हो । उनी मेरी युगकी अन्तिम लेखिका हुन् ।"

"अर्थात्.....?"

"तिमीले यहाँ केही काल राम्ररी बिताएका छौ भने, र यहाँको वातावरण बुझ्न सकेका रहेछौ भने, तिमी युग छुट्टचाउन सक्छौ ।"

"त्यो त म सक्छु !"

"उनी मेरो युगकी अन्तिम लेखिका र प्रथम कवयित्री हुन् !"

"उनको चर्चा मैले कहिले सुनिनें !"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"मैले पनि त कहिले गरिनँ ! नेपाली चर्चा गर्दैनन्, कट्टता मात्र पोख्छन् !"

"हो, त्यो त मलाई पनि राम्रो थाहा भइसक्यो । 'बार' हरूमा यही त हुन्छ । र साँच्चै भनुँ भने, शंकर, म नेपालका साहित्यिकहरू देखेर निराश भइसकें ।"

मैले व्यापारी मुस्कान प्रसारित गरिदिएँ । के भन्न सक्छु र ? उसको धारणाको अभ्यर्थनामा वा समर्थनमा भनिने लायक छ नै के र ? .....

.....शायद मैले लेखिरहेको यो कुरा भूमिका भएन ! असलमा, म भूमिका लेख्नै जान्दिनँ ! मेरो कुनै किताब अझ छापिएको छैन, तसर्थ भूमिकाको समस्या अझै मेरो सामू परेको छैन !

र, मलाई लाग्दछ, मानिसले भूमिका कमै पढ्दछन् । कमसेकम मैले आजसम्मन् पढेका किताबहरूमध्ये अन्दाजी सयकडा पच्चीसको मात्र भूमिका हेर्रें हुँला—पढेको म भन्दिनँ !...

.....त, पाण्डुलिपि मेरो हातमा पऱ्यो । र साथै एक उत्साह पनि । एउटा औपन्यासिक कौमार्य समर्पण गरिएको छ मलाई !

किताबको नाम छ शिरीषको फूल । र म चाहिं शिरीषको फूल नै नचिनेको मान्छे । किताब पढुन्जेल मेरो आँखामा जकराण्डा आइरह्यो—पछि थाहा पाएँ अंग्रेजीमा यसलाई Mimosa Sirisa भन्दा रहेछन् । यो फूल पत्याइनसक्नु किसिमले राम्ररी फुल्छन् रे !

र किताब पनि पत्याइनसक्नु किसिमले राम्रो छ । लेखिकाले मलाई अनुमति दिन्छिन् भने म यसलाई उपन्यास नभनेर काव्यान्यास भन्छु । यत्ति हो यसमा कतैकतै गद्य छिर्न पुगेको छ—बस् ।

पारिजात कविको रूपमा (ओँ, कवयित्री मैले जानीजानी भनिनँ ! यो के वाहियात कुरा...सृष्टिकारको पनि लिङ्ग हुन्छ र ? लिङ्ग हुने त निर्माता मात्र !) ...ओँ, भन्दै थिएँ, पारिजात कविको रूपमा आइन् हाम्रो समक्ष । उनका सृजना बराबर आँखा अघि आउँथे—गद्य पनि पद्य पनि । गद्यहरूमा कैयन् मन पराइनें कसो-कसो ! शायद आत्मीयताले होला; शायद कोमल पारिजातबाट सुकुमारीपन नै चाहेर होला ! तर, 'शिरीषको फूल'—बाट म तीन-छक परें ! (पारिजातैद्वारा जीवनमा दोस्रो पटक!)

१. स्वास्नीमान्छे भएर, कुमारी भएर, ४५—४६ वर्षको अधबैंसे भूतपूर्व सैनिकको चित्रण उसले कसरी गर्न सकी, खास गरी त्यसका यौन-जीवन र अन्तर्द्वन्द्व ! उपन्यासका प्रत्येक शब्द पढुन्जेल यस भावनाले मलाई ओँगालिरह्यो ।

२. भाषा बहाव र छनौट ! भन्ने कुरा उसले पहिले नै भनिसकेको हुन्छ, तर हामी बहावमा चिप्लिन्छौं, र जब छनौटमा पर्छौं अनि लाग्छ । मलाई धुकधुकी भएको एक उदाहरण दिन्छु म ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुयोगवीर भन्छ– "भँवरा बस्नै नपाएपछि यो फूलको के अर्थ ?"

सकमबरी भन्छे–"फूल बिग्रँदैन, सुरक्षा पाउँछ !"

.....यसपछि कथामा, कान्छी बहिनी पोइल जान्छे । मेरो मनमा सबभन्दा ठलो इच्छा छ सकमबरीको प्रतिक्रिया बुझ्ने अन्तिम लाइनमा पुगेर म अड्छु र मनमा गुन्न थाल्छु, के भन्ली सकमबरीले भनी ! भनिएको कुराले चाहेकै रूपमा छरितोपन बोक्यो– मामात्तिएकी ठिटी, कत्रो हतार पऱ्यो विहे गर्नलाई.....' यस एक वाक्यले सकमबरीको सम्पूर्ण चरित्र चित्रण गर्न सक्छ । असलमा गौण रूपमा देखापरेकी छ सकमबरी यस उपन्यासमा । तर पनि यस उपन्यासकी मुख्य नायिका उही छ- कमसेकम नामको सार्थकताका दृष्टिले । कुमारसम्भवमा शिरीषको फूलको वर्णन गर्दा कालिदास भन्छन्–'पदं सहेत भ्रमरस्य पेलवं शिरीषपुष्पं न पुनः पतत्रिणः ।'+ कथाको सार पनि यही । तर पढिसकेर मात्र सार बुझिन्छ; चाहे कुमारसंभवम् ७०० वर्षअगाडि नै किन नलेखिएको होस्, शिरीष-को फूलले आफ्नो धर्म छाडेको छैन–कालिदासका लागि पनि पारिजातका लागि पनि !

३. यत्ति सानो क्यानभासमा र सारै कक स्ट्रोक्सहरूमा जसरी पारिजातले चित्र बनाएकी छ–त्यो सारै ईखलाग्दो भएको छ । मैले यस्तै अचम्भित पार्ने एक जापानी उपन्यास पढेको थिएँ–ओसामू दजाइको 'द सेटिङ्ग सन ।' त्यो यत्ति राम्रो लागेको थियो, उल्था गर्ने विचार गरेको थिएँ, र सोचेको थिएँ त्यसले नेपाली साहित्यलाई केही उपलब्धि हुने छ । अब त्यसको आवश्यकता रहेन ।

'शिरीषको फूल' ले हामीलाई विश्व-साहित्यको उपन्यासका क्यालेण्डरमा १९६६ मा पुऱ्याएको छ । उन्नाइसौं शताब्दीको रूपमतीबाट बीसौं शताब्दीको प्रथम युद्ध कालमा मुलुक बाहिर हामीलाई लग्यो, अनि द्वितीय विश्वयुद्धोत्तर कालमा पुऱ्याइन् अनुराधाले । शिरीषको फूल निश्चय पनि यही वसन्तमा फुलेको छ । मलाई खुशी छ अब हामी निर्धक्क अन्य भाषामा आफ्नो कृति उल्था गरेर हँसीका पात्र बन्ने छैनौं ।

पाण्डुलिपि फूलस्केप साइजमा टाइप गरेका अक्षरमा सवा चवालिस पेजको छ । दैव जान्दछ छापिंदा यो कत्ति पेजको हुने हो तर यो सवा चवालिस पेजले मलाई चौरासी लाख जुनीको कष्ट दियो । प्रत्येक वाक्य पढ्नुअघि र पढिसकेपछि म दुई पटक हुरुक्क हुन्थें । 'अब के भनिने हो' भन्ने भावना अघिल्लो वाक्यको खुमारीमै जन्मी आउँथ्यो । आह, अघिल्लो दिनको Hangover मा ब्रेकफास्टअघि नै ब्रैन्डी खाए झैं प्रत्येक पेज पल्टाउँदा एक पीडा हुन्थ्यो–अज्ञात अवश्यम्भावी अन्ततिर म लम्कँदैछु भन्ने । मलाई पारिजातसँग रिस पनि उठ्यो । उपन्यास नै लेख्नु थियो भने किन उसले चार सय चवालिस पेजको लेखिन ! मेरो पीडा एक आनन्दमय परिपूर्णतातिर बहेको र मैले स्वयं

+कुमारसंभवम् ५:४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाहिं एक वेदना बोकेको अनुभव गरें। असलमा पारिजातले मलाई एक अनौठो अनुभूति दिई। यो लेखिरहँदा म स्वयंलाई एक पूर्ण यौवना नारी अनुभव गर्दैछु। यस्तो पूर्ण यौवना नारी जसले भरखरै, प्रथम पटक, पुरुषको संसर्ग प्राप्त गरेकी छ, र अब जो कुमारी रहिन। अप्राप्तिको पीडा त मेटियो, तर प्राप्तिको आनन्द पनि कम कष्टपूर्ण छैन। र, अब, इतिहास, त्यही हुने छैन, जो अघिसम्मन् थियो।

अघिसम्मन्, मैले सोचेको थिएँ म अत्याधुनिक शैलीमा यस्तो एक उपन्यास (भनौं काव्यान्यास नै!) लेख्नेछु जसबाट म स्वयं त अमर हुन्छु नै मेरो उपन्यासले अरूको समेत आँखा उघारिदिनेछ। पारिजातले त्यही गरी, र म स्वयं पराजित भएको अनुभव गर्दैछु। अब, उसलाई उछिन्न कि मैले बढी मेहनत गर्नुपर्‍यो कि त्यो विचार नै चटक्क छाड्नुपर्‍यो। के हुने हो, त्यो भविष्यले नै भन्ने छ।

वर्तमान त पारिजातको हो!

वर्तमान त पारिजातको हो; तर पारिजात त वर्तमानलाई पनि सुयोगवीरको मुखबाट यसरी परिभाषा गर्न लगाउँछे–"मेरी सकमवरी, अब मलाई शरीरभरि खोपेर हिंड्न मन लागेको छ, जीवन असफलता हो, यो जीवन दुर्भाग्य हो, मानिस यसै पनि दुःखी छ, उसै पनि दुःखी छ।"

असफलताको दर्शन सफलतासाथ देखाएकोले भविष्य पनि पारिजातको हो!

तर, पारिजात त भविष्यको परिभाषा पनि यसरी दिन्छे–"यो दुःखद जीवनको अन्त्य मृत्यु हो र त्यसपछि हाम्रा भावनाहरूको कुनै पनि अस्तित्व छैन। हामी एकाअर्कामा स्पष्ट हुन सकेनौं र कहिल्यै सक्दैनौं पनि। यो जीवनपछि एउटा महाशून्य छ; अब केही पनि चिताउन्नँ, सब निरर्थक छन्। तिमी एउटा अन्धकारमा निस्सासिएर मर्‍यौ र कुनै दिन म पनि मर्छु, यही हो तिम्रो र मेरो जीवनको मूल्य।"

मलाई लाग्दछ, पारिजातले 'शिरीषको फूल'-मनि आसन बाँधेर शून्यबोध गरेकी छ। उसले बुझेकी छ– ज्ञान-उपलब्धिको पथमा मानव-मस्तिष्क कहिले पनि थकाइ मार्दैन। स्थिरता अपनाउनुको अर्थ हो निष्क्रियपन, विनाश र मृत्यु। हाम्रो सम्पूर्ण चेतनाको यही त धर्म हो। यो नियम हो त्यस आत्माको जसबाट जीवन र चेतनता प्रसारित हुन्छन्।

गणित-दर्शनमा जस्तो प्रत्येक आयामले आफूभन्दा उच्चतर एक अर्को आयामको अपेक्षा गर्छ नै, हुँदा हुँदा एक अनन्त आयामको क्रमबद्धता अवश्य पनि होला भन्ने निष्कर्ष हामीले अन्त्यमा अपनाउन बाध्यै हुनुपर्छ, उसै गरी हाम्रा भावनात्मक क्षितिजका प्रत्येक नवीन विस्तारले एक नयाँ, अचिन्तित आयाम इंगीत गर्दछन्।

प्रत्येक अनुभूतिले स्वयंभन्दा पर एक अन्य बाह्य रूपलाई ओल्याउँछ। यसै कारण, यसलाई स्वतः स्वयंमा व्याख्या गर्न सकिन्न, न त यस अनुभूतिलाई अन्य आधारद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुप्रेरित एक स्वचालित उद्वेग नै हो भन्न सकिन्छ । र शून्यताको दर्शन यही नै तथ्यमा आधारित छ । शून्यता जो सबै संकल्पभन्दा पर छ, र छ एक अनन्त, अनादि अनुभूतिको अभिन्न अंग । र यो 'अति-सापेक्षिततामा, सहज र प्राणवान् विश्वको योगजन्य तत्त्व पनि समाहित रहेको हुन्छ,किनभने अपरिचित यी सम्बन्ध नै पूर्ण सम्बन्ध (आत्मसात्ता) मा परिणत भएर एक आध्यात्मिक भव्यतामा परिपूर्ण हुन जान्छ । यो यस्तो एक परिपूर्णता हो जसलाई न त 'जीव' न त 'निर्जीव' , न त 'वेग' न त 'स्थिरता' नै भन्न सकिन्छ ।

यस अवस्थामा पुगेपछि हामी पुग्छौं दर्शनको सीमानामा, सोचनीय र विचारणीय वस्तुको अन्तिम छेउमा । गति झैं, जो आफनो चरम उत्कर्षमा आफना वेगको अति-सीमामा, एक पूर्ण विश्राम र स्थिरताबाट पृथक् गर्न सकिंदैन : यसरी नै विश्वव्यापी सम्बन्धका उच्चतम अर्थमा, सापेक्षितालाई अनन्तबाट पृथक् गर्न सकिंदैन । 'चिरस्थायीलाई अस्थायीमा मात्र उद्धृत गर्न सकिन्छ; सदा परिवर्तनीयलाई स्थायित्वमा मात्र, सम्पूर्णतामा मात्र, तत्कालमा मात्र !'+

यिनै कारणले गर्दा शून्यता र तथ्यता स्वभाव-जन्य रूपले एकनास छन् । शून्यताले यथार्थको निर्गुण रूप लिएको छ भने तथ्यताले सगुणको । अघिल्लोको बोधबाट अनित्यताको, क्षणिकताको, सामयिकताको अनुभव सापेक्ष-रूपमा हुन्छ भने, पछिल्लो अनुभूति असामयिकता, पूर्णता, सम्पूर्णता र नित्यताबाट हुन्छ । यहाँनिर एउटा कुरा भनिदिइहाल्यु, सापेक्षितताको गुणले गर्दा शून्यताले स्वयंलाई स्खलित गर्छ भन्ने अर्थ यसबाट लिनु हुँदैन, न त तथ्यताले नै नित्यताप्रति स्वयंलाई अनुकूलित पार्‌यो भन्ने ।

यसैको सन्दर्भमा डी. टी. सुजुकीको एक कथनको सम्झना हुन आउँछ मलाई । सर्वथा तार्किक-स्तरमा गरिएको शून्यताप्रतिको आधुनिक सापेक्षिततालाई उनले बौद्धिक खोक्रोपन भनी अवहेलित गरेका छन् । उनको भनाइ छ–'शुन्यता भनेको अन्तर्ज्ञानबाट जन्मिने वस्तु हो, तर्कको प्रक्रियाबाट होइन । शुन्यताको बोध अनुभूतिबाट उम्री आउँछ, र त्यस बोधलाई तार्किक शिलान्यास गर्नका लागि नै सापेक्षिततालाई भूमि अपनाइन्छ । तर, तर्कका लागि तर्क नै गर्ने हो भने, सापेक्षता र शुन्यताबीच ठूलो अन्तर छ । सापेक्षताको माध्यम अपनाएर हामी त्यो खाडल फड्किन सक्दैनौं; सापेक्षताको आड लिइरहुन्जेल हामी एक घेरामा हुन्छौं, र वृत्तमा छौं भन्ने र त्यसबाट उम्किने चाहना हुनुको अर्थले नै स्वतः स्पष्ट गर्छ, यो लक्षण हो एक पटक, क्षणका लागि, उम्किसकेको र बाहिरबाट रूपको निरीक्षण गरिसकेको ।"*

हाम्रो बौद्धिक स्तरीय-चेतना एवं स्वभावजन्य अतिव्यक्तिगत गहन-चेतना बीच

+नोवालिस

*D. T. SUZUKI: Essays on Zen-Buddhism, III, Page 219.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख आँ गरिरहेको यस खाडललाई फड्किने साधनका रूपमा हाम्रा धर्ममा अभिव्यक्त भएका छन् रक्तावत्त अनेक देव-देवीहरूका मदोन्मत्त नृत्य-मुद्राहरू ! बज्रयान-सम्प्रदायका डाकिनीहरूको प्रेरणात्मक प्रवृत्तिले हामीलाई अरक्षित पारिदिन्छ एक झीनो हाम्रो स्वप्नमयी व्यक्तित्वबाट– (सुयोगवीरलाई सकमबरीले यही त अनुभूति दिई !!)– र हामीले त्यो झीनो आवरण नआफालुन्जेल, र सोऽहंका भावनालाई चरमोत्कर्षी आवेगमा नहुत्याउन्जेल हामी पूर्णताको बोध गर्न असमर्थ हुन्छौं । (आह ! सुयोगवीरको चुम्बन कसरी प्रस्ट हुन जान्छ; अब !) चरमोत्कर्षी यही आवेगद्वारा नै सारा बन्धन, सारा सांसारिक अनुबन्ध, सारा पूर्व-धारणाहरू र सारा मरीचिकाहरू ध्वंश हुन्छन्; र सम्बन्ध त्यान्द्रो च्वाट्टै चुँडिन्छ, विगत-आगत सबै निभाइन्छ, कर्म-शक्ति ह्रास हुन्छ, र महाशून्यताको त्यो अनुभूति एक आदि अनन्त निरन्तर प्रवाहमान यथार्थ र तथ्यताको रूपमा हुन्छ । 'परिमोक्ष' का लागि जुन शक्ति तथा आक्रोशमय आवेगको आवश्यकता हुन्छ, त्यसलाई बज्रयान तन्द्रवादीहरूले एक अति-मानव, अनेक आयाममा अनेक शिर तथा बाहु भएको अमानवीय, सर्वद्रष्टा, सबै दिशामा एकसाथ पुग्न सक्ने त्रिकाललाई कालहीन वर्तमानमा परिणत गर्न सक्ने एक देवीको रूपमा चित्रित गरेका छन् । ('शिरीषको फूल'की नायिका सकमबरीको यही रूपको दर्शन पाउँछ सुयोगवीर ! र उसका भावनात्मक अनुभूति शून्यवादका यिनै माथि भनिएका धारणाहरू अँगालेर चित्रित गरिएको लाग्दछ मलाई !)

मैले अघि कतै भनेको थिएँ–'ज्ञान उपलब्धिको पथमा मानवमस्तिष्क कहिले पनि विश्राम गर्दैन । स्थिरता अपनाउनुको अर्थ हो, निष्क्रियपन, विनाश र मृत्यु' शिवराजका चरित्र चित्रणद्वारा पारिजात यही भन्छे । बहिनीको मृत्युको आशंकामा शिवराज आत्महत्यासम्म गर्ने कुरा गर्छ, तर, साँच्चै नै बहिनी मरेपछि, ऊ अलि बढी खाएर जीवन गुज्रान नै गरिरहन्छ ।

शिवराजको यही साधारणपनाको पृष्ठभूमिमा अन्य चित्र प्रष्ट हुन्छन् । एक किसिमले शिवराजलाई हामी 'शिरीषको फूल'को क्यानभास भन्न सक्दछौं । शिवराज आरम्भमा पनि हुन्छ र अन्त्यमा पनि , तर आँखाहरू दौडिन्छन् रङ्ग र रेखाहरूमै तथा चित्र अरूहरूको अनुहारबाटै परिपूर्ण हुन्छ । र, यदि पेन्टिङ हेर्दा, क्यानभासलाई सम्झन सकिन्छ र यदि माया गर्न सकिन्छ भने, शिवराज निश्चय पनि मायाको पात्र हो ! (यो मेरो कस्तो कमजोरी ! एउटा कलाकृति बुझाउन मैले अर्को कलाको माध्यमको सहारा लिनुपर्ने ! मैले यसलाई यसो भने हुन्न ?–बज्रयान सम्प्रदायकै तान्त्रिक शब्द लिएर–शिवराज 'मूलाधार' हो !!)

अनि सकमबरीको रंगलाई गाढा बनाउन दुई विभिन्न अमिल्दा रङ्गहरू टिपेकी छ पारिजातले, मुजुरामा र सानुमा । सानुको चर्चा उपन्यासमा दुई-तीन पटक मात्र आउँछ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर त्यसले आफ्नो कर्तव्य पूरा गरेकी छ । र सुजुरालाई अलि बढी प्रयोग गरिए पनि उसले सकमबरीको रूपरेखालाई तिखरपन मात्र दिएकी हो ।

अब रह्यो उपन्यासको नायक, सुयोगवीर । सारा कथानक उसैका वरिपरि केन्द्रित छन् । तथापि सुयोगवीर के हो भन्ने कुरा अरू सबैको चरित्र-चित्रण गरिसकेपछि, लडाईंका यामको प्लाशब्याकमा, पारिजात अन्त्यमा गर्छे । यसबाट हाम्रो उत्सुकता चरम सीमामा पुगिसकेको हुन्छ । एउटै प्लाशब्याकमा सुयोगवीर प्रष्ट हुन आउँछ–मानौं एउटै स्ट्रोकमा कसैको अनुहार उतारियोस् । तर, पारिजात यहाँ चार प्लाशब्याक दिन्छे– मलाई लाग्दछ शायद आवश्यकताभन्दा बढी नै ! सुयोगवीरका आँखाले हामीले विश्वलाई यत्ति राम्ररी निहारिसकेका हुन्छौं त्यस बेलासम्मन्, बस एउटा हाते ऐनाको मात्र आवश्यकता थियो उसको अनुहार हेर्न । त्यस वेला ऊ प्रस्तुत गरिदिन्छे तीनखण्डे ऐना भएको ड्रेसिङ्ग टेबुल ! यो, अनावश्यक Luxury का रूपमा मुटुमा घोचिन्छ ।

र, सम्पूर्ण उपन्यासको पेन्टिङलाई फ्रेम गर्न पारिजातले छानेकी छ साहुनीको प्रेम-लीलालाई । असलमा पेन्टिङ फ्रेम विना पनि पूर्ण हुन्छ, तथापि सुहाउँदो फ्रेमको छनौट पनि कलाकारको परिमार्जित सफलताको द्योतक हो ।

शून्यवादको मुख्य अभिव्यक्ति पारिजातले सकमबरी र सुयोगवीर माध्यमद्वारा गरेकी छ । अझ भनौं, सुयोगवीरलाई त्यो अनुभूति प्राप्त गर्न सकमबरी एउटा साधन मात्र बनेकी छ । यसै सन्दर्भमा, सकमबरीको मृत्यु प्रत्यक्ष रूपमा वर्णन नगरी, एउटा कहिल्यै देखा नपरेकी बाहुनीको मुखबाट सुनाइदिएको पनि मीठो हुन आएको छ । प्रतीक रूपमा यो बढी सफल भएको छ ।

उपन्यासमा केही त्रुटि नहुनु अस्वाभाविक हुन्थ्यो होला कारण, आखिर त्यो जीवनको प्रतिविम्ब न हो ! जे होस् उपन्यासको असफलता कोटचाउनुपर्ने छ र सफलताले स्वयं आफूलाई तेर्साएका छन् ।

उपन्यास पढिसकेर मैले आँखा चिम्लें; र त्यसका माध्यमद्वारा पारिजातलाई नयाँ पर्सपेक्टिभमा हेर्ने प्रयास गरें । पाएँ, यो उसको प्रथम प्रयास हो । र, यसको माध्यम-द्वारा ऊ समाजमा कत्ति अवतरित भई, हैं ? म ठान्दछु, शून्यवाद-दर्शनको गम्भीर र गहन सिद्धान्त यत्ति सहज सुन्दर र सुकिलो रूपमा, उपन्यासको रूपमा, व्यक्त गरिएको मैले आजसम्मन् थाहा पाएको छैनँ । यस २००० वर्षको जीवनमा । त्यसैले, त्रिकाललाई कालहीन वर्तमानमा परिणत गर्न सबने क्षमता पारिजातको देखेरै नै, अघि कतै मैले भनेको थिएँ– 'वर्तमान त पारिजातको हो ।'

अँ, पारिजात शून्यवादी निश्चय पनि हो– र हो एक बोध पाइसकेकी शून्यवादी– तर, पारिजात निराशावादी होइन । सतहमा जस्तै झझल्के पनि, उसलाई हामीले चिन्न नसक्नु हाम्रो स्वयंको कमजोरी मात्र ठहरिने छ । पख– यसलाई म एक उदाहरणद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रष्ट गर्छु ।

उपन्यासको अन्त्यतिर सुयोगवीर सकमवरीको मृत्यु सुनेर फर्किन्छ । पहदा मलाई लागेको थियो, यही नै उपन्यासको सुन्दर अन्त्य हो । यो पंक्ति–'तर म छिटो छिटो हिंडिरहें ।' –यहाँनिर पुग्दा, र उपन्यासमा अझै पंक्तिहरू रहेको देख्दा मलाई लागेथ्यो पारिजात पनि लेखकीय रोग– दोहोऱ्याउन चाहने, व्याख्या गर्न खोज्ने प्रवृत्ति-को शिकार भइछ ।

तर होइन रहेछ । जसरी अनेकरूपी तत्त्वसँग साक्षात्कार गरिसकेपछि त्यसको परिपूर्णता स्वयं आफैमा सन्निहित भएको अनुभव गर्नु नै बुद्धत्व प्राप्ति हो; जसरी विलयनको अनुभव आफैंभित्र, यहाँ नै र अहिले नै हुन्छ, उसै गरी सुयोगवीरले 'गिलासभित्र दुइटा 'गहिरा आँखा' र 'एक मुडुलो टाउको' देख्नै पर्दछ । उसका आँलाहरू निकोटिनले पहेंलिएका हुनै पर्दछन् र तो सधैं उसले हेरिरहनै पर्दछ र संतुष्ट भइरहनु नै पर्दछ । र, एउटा निस्सार संसारभित्र, एउटा महाशून्यभित्र बाँचेको अनुभव उसले गर्नै पर्दछ ।

निस्सार संसारभित्र, एउटा महाशून्यभित्र 'बाँचेको' अनुभव गर्नेहरू कत्ति छन्, ह, यहाँ ? र जत्ति छन् ती 'आशा' 'निराशा'बाट पर छन् । र जत्ति छन् तिनको अभिव्यक्ति यसरी गरे हुन्छ–

'चिताको अग्निफा लागि, ब्रह्म, राखिनँ दाउरा केही,
मभित्र स्वयं जल्दैछ हुरूरू बालेको ज्योति,
अग्नि छ सदा प्रज्वलित, प्रज्वलित छ आत्मा मेरो
.....र मनस नै त हो चिता;
र अग्नि, त्यो अग्नि हो आत्मा अंकुशित मेरो ।'

–(संयुक्त निकाय)

मलाई तिमीसँग सोध्न मन लागेको छ एउटा कुरा, पारिजात ! के 'शिरीषको फूल' पनि 'द सेटिङ्ग सन' जस्तै हाम्रो शब्दकोषमा एक विशेषण बन्न जाने कुरा तिमीलाई थाहा छ ? तर म जान्दछु, तिमी आफ्ना आँखामा हाँसो सोहरेर मौन बस्ने छ्यौ । म जान्दछु, तिमीले उत्तर दिइसकेकी छ्यौ उपन्यासका पंक्तिहरू माझ । म स्वयं पनि जान्दछु, मैले उत्तर पाइसकेको छु यिनै पंक्तिहरूमाझ ! तापनि, पारिजात तिमीलाई सोध्न मन लाग्यो रे मलाई ! कसैको केही लाग्छ ?

× × ×

आज मेरो आमाको श्राद्धको दिन । घरमा पुरेतले श्राद्ध गर्दै होलान् । म चाहिं यहाँ दुरिष्ट पखर एक मनले, र एक मनले आत्म-विभोर भई, यो भूमिका लेख्दैछु । मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथनमा कत्रो नास्तिकता झल्कँदै छ ! तर नेपाल अधिराज्यमा यस वर्तमान क्षणका लागि मजस्तो धर्मात्मा कोही व्यक्ति पनि छैन होला– कारण, म र मेरी एउटी बहिनी मिलेर नेपालआमालाई 'शिरीषको फूल' को भेटी चढाउँदै छौं ।

यसभन्दा बढी के हुन सक्छ, एक सुपुत्र र सुपुत्रीका लागि ?

काठमाडौं,

माघ ४,२०२२ –शंकर लामिछाने

(माथि परेको शून्यवादको व्याख्या गोविन्द लामावाट साभार)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिरीषको फूल

पारिजात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बारमा तेस्रो पटक भेट भएपछि उसले मलाई आफ्नो घर विशालनगरमा निम्त्यायो। उसको घर शिरीषका रूखहरूले घेरेको क्याम्पाभित्र रहेछ। हामी त्यहाँ पुग्दा मध्याह्न भएको थियो र ठीक त्यही याम जहिले यी रूखहरूले आफूलाई नीलै बनाएर फुलाउँदछन्। घरको दायाँपट्टि ग्यारेजजस्तोमा एउटा पुरानो मोडेलको निजी मोटर राखिएको थियो। अलिक पर धेरै पञ्चरंगी फूलहरू बगल लगाएर फुलाइएका, बीचमा एक चोक्टा हरियो चौर नीला शिरीषका फूलहरूले झण्डै छोपिएको, ठीक त्यसैको बीचमा मैले एउटी स्वास्नीमान्छे देखें छब्बीस वर्षकी। मेरो साथीले थाहा नपाउँदै मैले उसको रूपरंग, लुगा लगाइ, ऊँचाइ, मोटाइ, हेराइ, हिंडाइ सबै पत्तो लगाएँ। सेतो सारी, सेतो ठुटे चोलो, लामो खुला केश, नराम्री भन्न नसकिने थिई ऊ। उसले हामीलाई हेरी, त्यही निधार खुम्च्याएर, त्यसपछि उत्सुकता नखाएरै ऊ इनारतिर लागी। म पनि उत्सुकता-वश हेरिरहने मान्छे होइनँ। ममा केही विशेषता छैन। मेरो साथी भन्दै गइरहेको थियो "घर त अनकन्टारमा छ, तर असुबिस्ता केही छैन.....हो" भन्दाभन्दै हामी मूल ढोकामा आइपुग्यौं। नीलो फूल र एउटी स्वास्नीमान्छे मेरो आँखाबाट ओझेल भइसकेका थिए। ऊ भन्दै थियो "यो तल्लो तला पनि बस्न लायकको छ, तर यहाँ कोही बस्दैन, खाली छ।" हामी भर्‍याङ उक्लन लागिसकेका थियौं। दोस्रो तलाको मटानको झ्यालनेर मैले अर्की स्वास्नीमान्छे देखें सोह्र वर्षकी। स्वास्नीमान्छेको उमेर पत्तो लगाउनु मेरो निम्ति कुनै समस्या होइन। ऊ केही अँध्यारो रोगनकी तर आकर्षक, टाइट कुर्तासुरुवालमा थिई। केही हतारिंदै ओर्लेर गई। मैले आँखा मात्र घुमाएर उसको आकर्षक नितम्बलाई हेरिरहें। यस स्थितिलाई आँखाभरि टिप्न नपाउँदै हामी दोस्रो तलाको मटान पार गरेर तेस्रो तलामा आइपुग्यौं। मेरो आँखाबाट एउटा झ्याल र एउटा आकर्षक नितम्ब ओझेल भइसकेको थियो। हामी छेवैको ढोका खोलेर एउटा सुसज्जित ठूलो कोठाभित्र पस्यौं। केही ठुल्ठुला कोचहरू, केही ठुल्ठुला तस्वीरहरू, बीचमा सिंगमर्मरको गोलो टेबुलमाथि झ्याम्म पारेर शिरीषको फूल एउटा फूलदानमा सजाइएको थियो। फूलदान देख्नासाथ मैले झट्ट चौरको एक टुक्रामाथि हिंडिरहेका दुईवटा खुट्टाको संझना गरें, यो फूलदान अवश्य तीनै हातहरूले भरिएको हुनुपर्छ। कोठामा एक प्रकारको रमाइलो व्याप्त थियो। ऊ आफ्नै सिलसिलामा भन्दै गइरहेको थियो "हामी जहान थोरै छौं, चुरुट लिनुस्। मेरो मुआ हुनुहुन्छ, बुवाको स्वर्ग भएको धेरै भइसक्यो। मुआ पनि मधेस जानुभएको छ, घरमा अहिले हामी चार जना मात्र छौं नोकर चाकर बाहेक।" मैले अडकल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाएँ एउटा शिरीषको फूल, एउटा मटानको झ्याल, यौटा यिनी आफैं र अर्को ? अर्को को यिनी त अविवाहित हुन् । चुरुटको धूवाँमा उत्सुकता रिंगिंदै मेरो वरिपरि तथा उसको वरिपरि घुमिरहेको थियो । झ्यालबाट उसको पर्खालको छेउछेउमा लगाइएका शिरीषका नीला-नीला फूलहरू हावामा हल्लिरहेका थिए र यिनैको फेद-फेदमा अरू कोही शायद । ऊ भन्दै थियो "मुआ बाहेक मेरो तीन जना बैनीहरू छन् ।" उत्सुकताको एउटा लहर समाप्त भयो, मैले कानको नसालाई केही टड्कारो राखें ।

"अघि फूलबारीमा उता गइरहेकी थिई, ऊ मेरी जेठी बहिनी, उसको नाउँ मुजुरा हो ।" मुजुरा मैले मनमनमा दोहोऱ्याएँ, मान्छे अन्सारको नाउँ पनि मिठो । "उसलाई अक्षर-ज्ञान दिइएको छ, घरैमा बस्छे विवाह भएको छैन ।" मैले एउटा सुखको अनुभव गरें । ऊ भन्दै थियो "मेरी माहिली बहिनी !" "मेरो नाउँ सकमबरी ।" एउटा बुलेट पड्केको जस्तो आवाजसाथ ढोकामा अर्की स्वास्नीमान्छे देखापरी चौबीस वर्षकी, मैले तर्सेर ढोकामा हेरें । पाँच फूट तीन इन्च जति अग्ली, सेती, बेपत्ताको दुब्लो शरीरमा अस्वाभाविक उठेको छाती, कोप्चो तर कालो र चम्किलो आँखामा रोल्डगोल्डको फ्रेम भएको चश्मा लगाएकी, पुरानो हिब्रू सिपाहीहरूको जस्तो एक इन्च डेढ इन्चको हिसाबले छाँटेर मुडुल्याएको बालभित्र सानु सेतो कानमा कालो ढुंगाको टप लगाएकी, भित्र पसी । स्थिति जाम पऱ्यो । नाउँमा, व्यवहारमा, रूप-रंगमा पालैपिच्छे हाँस्न पर्ने मेरो खित्कामा पनि जाम पऱ्यो । जम्मा मिलाएर म हाँस्न पनि सकिनँ । केही पनि गर्न सकिनँ । मेरो साथीले लाज अनुभव गरेको मैले प्रष्ट देखिसकेको थिएँ । केही रातो भएर लाज पचाउँदै उसले भन्यो "यो मेरी माहिली बहिनी, आई. ए. मा फस्ट डिभिजनमा आई र यता शारीरिक कमजोरीले गर्दा घरैमा बसेकी छ ।" उसले नाउँ बताइदिएन र मैले लगत्तै बिर्सी पनि हालें । "नमस्ते" मैले टाउको उठाएर हेर्दा ऊ आफ्नो झिना सेता ओंलाहरूले अभिवादन बनाएर मलाई ठीक चुल्बुले बिरालीको जस्तो जिस्क्याउने आँखाहरूले हेरिरहेकी थिई । सिंगमर्मरको टेबुलमाथि राखिएको क्याप्सटन चुरुटको बट्टाबाट दुईवटा चुरुट झिकेर ऊ लमक-लमक ढोकातिर गई । स्थिति अझ ठेकानमा आइपुगेको थिएन । मेरो साथीले शायद सबै आकस्मिकताहरूलाई ढाकछोप गर्नेको उद्देश्यले ऊ ढोकामा पुग्दा पछिबाट बोलायो 'वरी चिया लिएर आउनू ।" कुन्नि के बरी, कस्तो बरी, परिचयको क्रमशः आइरहेको सिलसिलामा एउटा पहिरो भत्काएर गई बरी, उसलाई सम्झनलाई अब छुट्टै समय चाहिन्छ, यहाँ साथीसँग बिताइरहेको समयले पुग्दैन । उसलाई सम्झिन अब एउटा कोठा चाहिन्छ, एउटा एकान्त चाहिन्छ । शिरीषको फूल स्मृतिमा त्यसै पुष्टिएर गयो, मटानको झ्याल अब उसको परिचय सोध्नु या भन्नुको कुनै तात्पर्य देखिएन । ऊ अवश्य यिनकी कान्छी बहिनी हुनुपर्छ र त्यस्तै कुनै बेपत्ताको नाउँ राखेकी होली । उसको परिचय पनि त्यो दिन अँध्यारैमा पऱ्यो ठीक उसको रोगन जस्तै अँध्यारो रंगमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो साथी अझ के के भन्थ्यो कुन्नि, तर अलमलिरहेको जस्तो देखिन्थ्यो। स्थितिलाई पचाएर पनि शायद उसलाई पचाएँजस्तो लागेन होला। ऊ छिटो-छिटो चुरुट तान्दथ्यो, घरिघरि ढोकातर्फ हेर्थ्यो। म खोक्ने बहानाले उठेर झ्यालसम्म गएँ। त्यसपछि त्यहाँ न बरी नै आई न अरू कोही। नोकरको हात चिया आयो। हामी धेरै बेरसम्म घरको विषयमा, नोकरीको विषयमा कुरा गरिरह्यौं। बिदा भएर फर्कंदा बैठक कोठादेखि लिएर क्याम्पाको निस्कने ढोकासम्म कोही थिएन, एकदम चकमन्न थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीन खुकुरी रमको पेशसँग साटासाट भएको हाम्रो परिचय र हाम्रो घनिष्टतासाथै मैले उसलाई शिवराजजी नाउँले बोलाउन थालिसकेको थिएँ। शिवराज उसको नाउँ। बाजेको पालादेखि आमापट्टिबाट बिग्रँदै आएको ऊ क्षेत्री र गुरुंगसेनीको ठेम्बर छोरा थियो। ऊ मभन्दा उमेरले कान्छो, अनुभवले कान्छो, हाम्रो संतुलन खालि पेगको भराइ र रित्याइमा मात्र मिलेको थियो। ऊ मजति नै पिउन सक्थ्यो। मेरो कुरा ऊ धेरै चाख लिएर सुन्थ्यो, मप्रति ऊ सधैं उत्सुक रहन्थ्यो। मप्रति धेरै माया गरेजस्तो देखाउँथ्यो र यसो भनूँ मप्रति उसको फर्साइलो र सत्य हुनुमा कुनै शंका थिएन। तर मैले आपनो विषयमा उसलाई सम्पूर्ण केही बताएको थिइनँ र मेरो चाहिने उसप्रति सत्य हुनुमा धेरै ठूलो प्रश्न चिह्न उठ्छ। सत्य र सोझो त म मेरो कुनै नातेदारप्रति पनि छैनँ, र वास्तवमा म आफैप्रति पनि सोझो र सत्य छैनँ, यद्यपि उसले जानेको थियो, म एउटा चालीस ऊँभोको बूढो कुमार, भूतपूर्व सैनिक, दोस्रो महायुद्धको यौटा चोट, घर पहाडमा र यहाँ इच्छा लागे अस्थायी जागीर खानु र लगत्तै फेरि ढाक्रेगिरीमा रमाउनु मेरो जीवनको नियमबद्धता। म पैंतालीस टुंग्याउन आँटेको बूढो, तर यो पनि उसलाई थाहा थिएन, कारण म आपनो उमेरभन्दा अलिक तन्देरी नै देखिन्छु। एक पल्ट बारमा कतिसम्म मैले उसलाई भनेको हुँ भने केही त आपनै रहरले, केही त बाबु-आमाको करले र केही लडाकु जातिको रगतको उम्लाइले म पल्टनमा भर्ना भएको थिएँ र पछि एक प्रकारको छालाको रोग अर्थात् स्क्याबिसको शिकार हुनुपरेकोले पेन्सन खाने हिसाबले लडाईंबाट छुट्कारा पाएको थिएँ। मेरो अझसम्म विवाह भएको छैन। यसो भन्दा मैले आपनो अनुहार बेसकन बिगारेको थिएँ तर रक्सीको आवेगमा उसले थाहा पाएन। यति थियो मेरो तर्फबाट उसले थाहा पाउन सकेको मेरो परिचय, प्रायः जसो हामी आपनो विषयमा भन्दा अरूको विषयमा धेरै गफ गर्थ्यौं।

उसले आपनो घरमा निम्त्याएपछि हामी घनिष्टताको एउटा पर्दा छिचोलेर निकै नजीक आयौं। यसैको आधारमा मैले धेरै उसको घर-विषयमा अड्कल काटिसकेको थिएँ। उसले बताएका सामग्रीहरूले नपुगेर पनि म उसको विषयमा धेरै बढाई चढाई सोच्थें, कारण यो यौटा मेरो धेरै छोटो बानी छ। त्यो रात मलाई निकै तातिएर बोल्न मन लाग्यो। धेरै गफ सिद्धिएपछि उसले मलाई सोध्यो "यहाँ त लडाईं मा खप्पिस भएर आउनुभएको मान्छे यहाँ यसै घुमिरहँदा पनि अल्छी लाग्दो हो।" मैले आपनो गिलास स्वाट्टै पारेर भनें "विशेष पल्टनमा मेरो जीवनको कुनै खास रेकर्ड छैन। सुबेदारसम्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको हुँ त्यो पनि भाग्यले घचेटेर, आपनू अफिसको काम अलिक छरितो हुन्थ्यो र मात्र । मान्छे एउटा पनि मारेको छैनँ ।" फेरि पनि मेरो अनुहार बेसकन बिग्रयो र फेरि पनि उसले याद गरेन । म भन्दै गएँ, "लडाई त गरेको हुँ तर मान्छे मार्ने मौका पाइनँ । जापानी-हरूसँग हाताहात हुँदा हाम्रो बटालियनबाट एक जनाले भिक्टोरिया क्रस पाएको थियो र खुट्टा हात हराएर कतिले ग्यालेन्ट्री थापेका थिए तर मेरो भाग्यमा त्यो थिएन । मेरो शरीरमा विश्वयुद्धको केही छाप छैन त्यो छालाको रोग त यौटी जंगली केटी...."

मैले कुरालाई फनक्कै घुमाएर भनें "डेथ भ्यालीबाट भागेर आउँदा भोग्न भोगेको हुँ दुःख पनि, कहिले त लेख्न मन लाग्छ तर लेख्न आउँदैन । जीवनलाई दुःखित भोग्नु मात्र जीवनको सार्थकता होइन शिवराजजी, सब सारहीन छन् । कहिले जो जीवन बाँचिरहेको छु त्यो मेरो भोगाइको प्रतिक्रिया होइन, हो त ? भोग्दाभोग्दै जीवन सिद्धिन्छ" म हाँसें र फेरि भन्न थालें– "केही हराएर केही पाउनलाई मैले लडिनँ । पाउनलाई केही पाइन तर हराएको त अवश्य हो । मैले जानेर हराएको होइन आफैं हरायो, मेरो के लाग्छ ? जस्मात्मा रित्तिएर आएको छु । सुन्नु भो मलाई जीवनसँग किन अल्झी लाग्दैन भने, म यहाँ बाँकी जीवन आफ्नो ढंगले जसरी बिताउन आएको, म रित्तिएर आएको ।" क्रमशः मेरो अनुहार बिग्रिदै गयो, यो बिग्रनुमा उप्रान्त मेरो केही नियन्त्रण चलेन, मैले सक्दो बिग्रन दिएँ र भन्दै गएँ "अब मलाई जीवनदेखि भाग्न पर्दैन ।" बीचैमा उसले कुरा काटेर सोध्यो "भागी त रहनुभएको छ नि बोतलमा, गिलासमा ।"

"यो भगाइ होइन" मैले भनें "लडाईंमा जहिले पनि रम खान पाइन्छ र यो मेरो छुट्न नसक्ने लत मात्र हो । तपाईंहरू भन्नुहुन्छ लडाईंमा खूब रमाइलो गर्न पाइन्छ । रमाइलोको साधन त वहाँ ह्याउरे गीत र रम मात्र हो अरू केही छैन । अँ ठुल्ठुला अफिसरहरू भने खूब मोज गर्छन् । रात-रातभरि क्यान्टिनमा रक्सी खाए, नाचे । बिचरा सिपाही-हरूको कसले बुझिदेअोस् । विशेष हाम्रा सिपाहीहरू, बाबु-बाजेको नाउँमा–खुकुरी चलाउनु छ, उफ्रिनु छ । घरको सम्झना नआइदिए त हुने, त्यसो पनि हुँदैन । मलाई युद्धको विषयमा केही बोल्न मन लाग्दैन शिवराजजी ! युद्ध भनेको हामी आफूजस्तै मानिसहरू आपस्तमा काटाकाट गर्नु त हो नि बढी के हो र ।" उसले हरेस खाएर सोध्यो "बढी के हो र भन्नुहुन्छ तपाईं पनि काटाकाट गरिसकेपछि ।'

मैले भनें "सत्ते, मैले काटेको छैनँ । काटे होलान् अरूले शायद, काट्नै परेर होला कतिले बमले मरिसकेका दुश्मनका टाउकाहरू पनि काट्दै हिंडे । कति रूखपात काट्दै हिंडे, लेखाजोखा किन गरिरहने । विशेषतः यो लडाईंको गफ नै किन गरिरहने सिथ्थैं ।"

उसले झन् उत्सुक भएर सोध्यो "तपाईं सधैं विशेष यस्तो गफ चल्यो कि मलाई पन्छाउन खोज्नुहुन्छ किन ? भन्नुहोस् न हामीलाई सुन्न कस्तो इच्छा लाग्छ ।"

बोतलमा बाँकी रहेको रक्सी दुवैलाई बराबर भाग लगाएपछि मैले भनें "भनिहालें नि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो कुनै खास इतिहास बाँधिएको छैन लडाईंसँग साधारण बिताएर आएको छु । लडाईंमा जानुअघि आफैंलाई एउटा मेसिनमा परिणत गर्नुपर्छ, कसैको माया गर्नुहुँदैन त्यति भए पुग्छ । उसले गिलास रित्याउँदै हाँसेर भन्यो "त्यो त मलाई पनि थाहा छ, मलाई त्यति भए पुग्छ ।" उसले गिलास रित्याउँदै हाँसेर भन्यो "त्यो त मलाई पनि थाहा छ, मलाई त्यति केटाकेटी नसम्झनुहोस् न ।"

"सिपाहीहरूले भनेका" मैले केही गम्भीर भएर भनें "मायालु हुनेलाई मायालुको र स्वास्नी हुनेलाई स्वास्नीको धेरै सम्झना आउँछ रे । अमेरिकन र गोरा सिपाहीहरू तकिया अँगालेर सुत्छन् रे । हाम्रा लाहुरेहरू रंग उडिसकेको मायालुको तस्वीर हेरेर चित्त बुझाउँछन् । झोलामा प्रेमलहरी सबैसँग हुन्छ । अकबर बीरबल, तोता मैना र कोकशास्त्रको किताब सर्कुलर गरेर पढ्छन्, भन्नुहोस् त युद्धले मानिसलाई कतिसम्म बोका बनाउँदो रहेछ । गोरा सिपाहीहरू स्वास्नीमान्छेको छायाँसम्म देख्न हुँदैन, त्यसै मात्तिन्छन् । तर मेरी मायालु थिइन" मैले जोडसँग आफ्नो गिलास अँठ्याएँ, सिलावरको भए यो कुच्चिइसक्थ्यो तर काँचले आफ्नो धर्म छोडेन ।

उसले चित्त नबुझाएर भन्यो "यो त लडाईंको साधारण कुरो, सिपाहीहरूको साधारण मनोवृत्ति । चाहनुभयो भने त तपाईं आफ्नो युद्ध-दर्शन भन्न सक्नुहुछ, दुश्मन-हरूसँग जम्काभेट भएको गफहरू हाँक्न सक्नुहुन्छ ।"

मलाई लाज लाग्यो आफ्नो कुराले स्तर नपाएकोमा । तैं लाज पचाउँदै भनें "तपाईं साधारण तर कुरा त प्रमुख नै हो । यौटा सिपाहीबाट तपाईं कस्तो गफको आशा राख्नुहुन्छ शिवराजजी, सिपाही जहिले पनि उत्ताउलो हुन्छ, अब खाने काम गरौं ।"

मैले पन्छाउँदै छु यो उसले राम्रैसँग बुझ्यो । हामी भान्साघरतिर गयौं । भात खाइसकेर आउँदासम्म हाम्रो केही खास कुरा भएन । चुरुट तान्दातान्दै उसले घडी हेरेर तसँदै भन्यो "लौ बित्यो अब जान पर्छ, बरी सुतेकी हुन्न, थाहा पाई कि ठाडै कराउँदै आउँछे बिताउँछे ।" "मुजुरा नि ?" नभनौं भन्दाभन्दै अकस्मात् मेरो मुखबाट फुस्क्यो । अप्ठ्यारो लागेर म एक छिन घोप्टिएँ ।

उसले स्वाभाविक स्वरमा भन्यो "ऊ त सुतिसक्छे । बरी मध्य रातितिर मात्र सुत्छे । विशेष मुजुरामा अरूको विरोध गर्ने स्वभाव छैन । मैले रक्सी खाएकोमा उसलाई गुनासो छैन । बरी मान्दिन, रिसाउँछे । फेरि मलाई त्यसैको बढी माया लाग्छ ।" 'किन ?' यौटा प्रश्न चिह्न मेरो आँखाअघि देखा पऱ्यो, लगत्तै हरायो । मुजुरामा विरोध छैन, मलाई रमाइलो लाग्यो । उसलाई मैले त्यसपछि रोक्न सकिनँ । ढोकासम्म पुऱ्याएर फर्कें । रक्स्याहाहरू भेटघाट भएको कोठा, जथाभावी भइरहेको थियो । वास्ता नगरी म खाटतिर जाँदै थिएँ ठीक शिवराज बसेको कुर्सीमुनि एउटा कागजको टुक्रा खसेको रहेछ । जिज्ञासावश उठाएर हेरें । त्यो एउटा तस्वीर थियो, उल्टो फर्केर खसेको, छर्लङ्ग अक्षरमा लेखिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो 'सकमबरी' साँच्चै रवस्याहाहरू यस्तै हुन्छन्, कहाँ के खस्यो पत्तो पाउँदैनन् । शिवराजले यहीं झारेर गएछ क्यार । अरूको घरमा अथवा बारमा छुटेको भए कत्रो गाइजात्रा हुन्थ्यो, धन्य मकहाँ छुटचो । तस्वीर पल्टाएर हेर्ने आँट मैले गरिनँ। नहेरे पनि हुन्छ, देखेकै हो सकमबरी, मैले हिफाजतसँग आफ्नो कोटको खल्तीमा राखें, भोलि गएर बुझाउनु थियो ।

दस बजेर नाघिसकेको थियो । म झ्यालमा बसेर शिवराजसँग भएको कुराहरू दोहोऱ्याएर सम्झिन थालें । मेरो अरू काम थिएन र केलाउन पर्ने कुनै समस्या पनि थिएन । रित्तो मान्छे, तकियामा टाउको राख्यो कि बिहान नहुञ्जालसम्म बोल्नै पर्दैन । सोचनलाई पनि मसँग कुनै सामग्रीहरू रहँदैन थियो । एक किसिमले सलल बगेको सजिलो मेरो जीवन, छुट्कारा पाइसकेको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'यो घरको केटीहरू अनौठा-अनौठा छन् ।' यही विचार गर्दै म सामुन्नेको चोकमा आइपुगिसकेको थिएँ । पहिलो पटक आएपछि पन्ध्र दिनको, एउटा लामो पर्खाइ भनूँ, म्याद सिध्याउँदै दोस्रो पटक आएको थिएँ तर त्यो आउनुमा मेरो कुनै खास रुचि थिएन । रुचि हुनु अथवा रुचि देखाउने उमेर मेरो छैन, यो मलाई राम्रैसँग थाहा छ । एउटा नहेरिएको तस्वीर फर्काउनु थियो शिवराजजीलाई, बढी केही थिएन । घरको वातावरण उस्तै थियो, मीटर त्यहीं थियो, त्यो एक चोक्टो चौरमा नीलो फूलको केही पार्तालिदै गएको रंग, केवल मुजुराको खुट्टा देखिएन । म केही खोज्दै गइरहेको थिएँ होला त्यसैले अनायास त्यो कलिलो घाममा झण्डै आङसम्म आएको जाईको झ्याङ उता एउटा सुनौली मुँडुलो टाउको उठाएर पर्खालमा केही हेर्न लागेकी सकमबरीलाई देखें । धूवाँको एउटा खिरिलो घाममा टल्कँदै हराइरहेको देख्दा मैले थाहा पाएँ ऊ चुरुट तानिरहेकी छ । जाईको झ्याङमाथि टाँगिएको एउटा सुनौली खप्पर, एक रेखा धूआँ र अलिक माथि पर्खालमा झुन्डाएर फुलाइएका शायद सुनगाभाका केही बोटहरू आँखालाई केन्द्रीभूत पारेर खालि त्यही दृश्य मात्र हेर्दा त्यो साच्चै एउटा अनौठो चित्रकलाको नमूना भइरहेको थियो । तर त्यो दृश्य मैले धेरै बेर हेरिनँ । आफू एक्लै पछिबाट आइरहेकोमा अलिक अप्ठ्याचारो लाग्यो । बोलाउँ भने नाउँ लिन असजिलो, खोकुँ अलिक अशिष्ट भइने । तर त्यस स्थितिमा उसले मलाई धेरै बेर राखिन । एकाग्र भएर बसेको बिरालोले कोही आएको थाहा पाउनासाथ लगत्तै टाउको घुमाएजस्तै फनक्क फर्केर हेरी । गला धेरै खुला भएको चोलोबाट देखिने गर्धनमुनिको हाड र बेसकन उँभो उठेको छाती देख्दा हाँसो र तृष्णाले एकसाथ मलाई छोप्यो । हो मैले त्यति मात्र हेरेछु, त्यति मात्र देखेछु ।

ऊ चाँडै विवशता अनुभव गर्ने खालकी स्वास्नीमान्छे थिइन, यो मलाई पनि पहिले ज्ञात भइसकेको थियो । त्यसैले उसले कुनै पनि बाधा अनुभव नगरी सजिलैसँग भनी "दाइलाई भेट्न आउनुभएको होला, उहाँ बाहिरतिर जानुभएको छ, एकछिन पर्खनुहोस् ।"

"कति बेरमा आउनुहोला ?"

"अब आइहाल्नुहुन्छ" भन्दै जाईको झ्याङबाट लम्केर यता नछेलिने ठाउँमा आई । चुरुटको ठुटा उसका झिना ओंलाहरूमा सतर्क अड्किएको थियो । एक अन्तिम सर्को तानेर उसले ठुटो भुईंमा फाली । म प्यान्टको खल्तीमा हात हालेर भुईंतिर हेरेर उभिएको थिएँ । उससँग बोल्ने मैले आवश्यकता देखिनँ । एकछिनको चकमन्नलाई चिर्दै उसले भनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँको डेरा शहरमा होइन ? मलाई शिक्षले भत्र्भएको ।" प्रशस्त धृष्टता भएको स्वास्नीमान्छे हुनुपर्छ यो, आफ्नो दाइलाई शिव नाउँले बोलाउँदो रहिछ । मैले उसको कुरा नसुनेकोमा उसले फेरि भनी "कुरा सुन्नुहुन्न कि क्या ?" त्यसपछि ऋसंग भएको एउटा बहानाजस्तो गरेर मैले भनें "होइन, यी पर्खालमा झुन्डाएका सुनगाभाहरू कहाँबाट जम्मा गर्नुभएछ भनी विचार गर्दै थिएँ । यहाँ त अरू ठाउँमा मैले देखिनँ ।" घामको उज्यालोमा मुखै उज्यालो पार्दै उसले भनी "फूलको मलाई सौख छ ।" शायद हाँस्नु र खुशी हुनुको उसको सीमा यति नै होला, ऊ भन्दै थिई "यो विशेष ठाउँबाट मगाएको, यी फूलहरूको आफ्नो विशेषता छ, यता हेर्नुस् यो हाँगा-हाँगामा कोपिलाजस्तो पल्लाएको छ, देख्नुभो, यो यही फूलको प्रमुख अंग हो, यसले कीरा मार्छ । यसलाई जीवघातक सुनगाभा पनि भन्छन् । भँवरा, मौरी, अरिंगाल यहाँ आउनै हुँदैन ।"

उत्सुकतावश म पनि उसैको बगलमा उभिन पुगेछु, हावाको एउटा पातलो नदेखिइने धर्सोले मात्र हामी दुईलाई अलग राखेको थियो त्यस वेला । ऊ प्रशस्त रमाउँदै भनिरहेकी थिई, उसको पातलो ओंला फूलको छेउ-छेउमा हल्लिरहेको थियो , "भँवरा अथवा मौरीको स्वरको चेतना पाएपछि यी कोपिलाजस्ता थैलाहरूले आफ्नो मुख बाउँछन् । यहाँ के छ कुन्नि कीराहरू फूल छोडेर यसैभित्र पस्छन् । एउटा थैलामा एउटा भँवरा पसिसकेपछि यसले आफ्नो मुख बन्द गर्छ । कीरा भित्र निसास्सिएर मर्छ, असाध्य रमाइलो हुन्छ । अहिले कीरा आएको छैन नत्र तपाईंले पनि देख्नुहुन्थ्यो सुयोगजी ।"

मैले तर्सेर उसलाई हेरें, तर उसले मलाई हेरेकी थिइन, सम्झें स्वास्नीमान्छे साँच्चैकी धृष्ट हो, ऊ धृष्ट थिई मेरो केलाग्छ ? मलाई उसको अनुहार हेर्दा एउटा अकैं भावनाले कुत्कुत्यायो, यो सुनगाभाको फूलले कीरा मार्छ त ऊ यो विधि रमाउनुपर्ने किन? अहिले त बोल्ने आवश्यकता मात्र हैन उससँग कुरा गरिरहन मलाई रहर लाग्यो । मैले खल्तीबाट चुरुटको बट्टा झिकेर उसलाई दिएँ, उसले निसंकोच यौटा झिकी । सल्काइ-सकेपछि मैले सोधें "भँवरा बस्नै नपाएपछि यो फूलको के अर्थ ?" पछिबाट लाज लाग्यो, कस्तो सस्तो कुरा सोधेछु, त्यसै त सिपाही, तर उसले मेरो कुरालाई त्यति सस्तोसँग लिइन । चुरुटको धूवां फुरुरु छोड्दै उसले भनी "फूल बिग्रँदैन, सुरक्षा पाउँछ ।"

उसप्रतिको मेरो रहर अझै बढ्दै गयो, मैले उसलाई नहेरी भनें "त्यसो भए निरुद्देश्य यसलाई नफुलाउनहोस, फूलको कुनै न कुनै सार्थकता हुनैपर्छ । जुन फूलको फुल्नुमा र आफूलाई लुटाउनुमा केही विशेषता छैन त्यसले जीवघाती तन्त आफूसँग राख्छ भने त्यस विशेषतालाई के विशेषता मान्ने ? "ओइलाउनु र झर्नु त यसले पर्छ पर्छ भने यौटा विद्रोहसँग खेलेर सिद्धिन किन नसक्ने ?" मैले आफ्नो भनाइको प्रभाव उसको अनुहारमा हेर्न खोजें, तर ऊ जस्ताको तस्तै थिई, न मलाई नै हेरेकी थिई ।

त्यसपछि फूलबाट आँखा हटाएर मलाई हेर्दै भनी "फूलबाट तपाईं कति चाँडै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवनको थोत्रो दर्शनतिर भाग्नभयो ।" मैले निधार गाँठों पारें, ऊ भन्दै गई "आफ्नो निम्ति फुल्नु, आफ्नै निम्ति फक्रिन, झर्नु जस्तो एउटा बाध्यतालाई स्वीकार गर्नको निम्ति भँवरासँग लाप्पा खेल्नै पर्छ, झर्न त पर्छ पर्छ भने भँवराको चोट सहेरै किन झर्ने ? आफू मात्र झर्ने, आफ्न इच्छाले झर्ने ।"

कति निस्सार थियो उसको जीवनप्रतिको भावना र कति निष्ठुर पनि । ऊ मदेखि एक हातजति टाढा थिई । एक धर्सो हावाको भरमा मैले उसलाई छोएको छु भन्ने विश्वास पनि अब त अल्मलिइसकेको थियो ।

शिवराज आइपुगेको थिएन, मेरो रहर मेटिएको थिएन, मैले भनें "त्यो त फूलको कुरा भयो ।"

"हो जीवनलाई फूल सम्झनेहरूका कुरा ।"

मेरो अनुहारमा एउटा विकृत भाव क्रमशः आउन लागेको थियो । सारा स्थितिलाई लत्याएर भए पनि मैले उसको दुब्लो शरीरभित्र चलेको सास छातीको उठाइ र बसाइमा प्रष्ट हेरिरहेको थिएँ, मलाई रमाइलो अनुभव भइरहेको थियो । तर मलाई यस्तो हुन दिनु थिएन, मैले भनें "भँवरासँग जन लाप्पा खेलिन्छ त्यो लाप्पा कहाँ हो र ?"

उसले बीचैमा कुरा काटी "सोझो भन्नुस् न त्यो त प्रेम हो प्रेम । प्रेम पनि त कुनै बाध्यता होइन । प्रेममा गएर पिल्सिनै पर्छ, यो पनि कुनै अनिवार्य छैन । एक्लो बाँच्न सकिन्छ एक्लो ।"

'तपाईंको फूलले त्यो कहाँ सिकाएको थियो त ? आफू एक्लो बाँच्ने र भेटेकालाई मार्ने पो भनेको होइन ?"

उसले त्यही बुलेट पड्केको जस्तो अवाजमा भनी "हो त्यो फूलको कुरा भयो, तर मर्न आउने मर्छन् मेरो भन्न केही छैन, गर्मी भयो भित्र हिंडनुस् ।"

दोब्रो पल्ट, सर्लक्क उभिएको शरीरमाथि राखिएको एउटा सुनौलो टाउको पछि लागेर म त्यस घरको मूल ढोकाबाट फेरि त्यही बैठकमा गएँ । ऊ मलाई त्यहाँ पर्खाएर गइहाली । आफै सम्झन थालें कस्तो निस्सार स्वास्नीमान्छे छ यो । यसको रगतमा मानव विरोधी तत्त्व बहन्छ क्यार, तर होइन उसको दाइलाई ऊ माया गर्छ त्यसैले शिवराज उसलाई अरूलाई हेरी बढ्ता माया गर्छ । सकमबरी के जीवनहीन, प्रेमहीन, होली त ? ऊ जस्तो होस् मेरो के लाग्छ ? मैले पनि पैंतालीस वर्षको उमेरसम्म कुन स्वास्नीमान्छेलाई प्रम गरें र ? म प्रशस्त बूढो भइसकें, मलाई प्रेम र स्वास्नीमान्छेसँग के चासो, के स्वार्थ ?

एक छिनपछि ढोकाबाटै ऊ कराउँदै आई "तपाईंलाई शायद फूलको सौख छैन ।" उसले हातमा अर्को चुरुट लिएकी थिई ।

"एउटा सिपाही र फूल कस्तो अमिल्दो कुरा" आफ्नो हाँसोको सीमा मोहडा उज्यालो पार्दै ऊ लगत्तै गई । मैले थाहा पाएँ ऊ हाँसेर गई, तर कस्तो रहिछ प्याच्चै सिपाही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिदिई। शिवराजले मेरो सबै कुरा यसलाई भन्दोरहेछ, गजबको मान्छे। मैले पहिलो दिन नै सम्झेको थिएँ यसलाई सम्झन एउटा छुट्टै कोठा चाहिन्छ, छुट्टै एकान्त चाहिन्छ, अवश्य चाहिन्छ। तर जे होस् यसको धारणा स्वास्नीमान्छेमा लागु हुन सक्तैन, ऊ आफैले पनि हुन सक्तैन। स्वास्नीमान्छे स्वास्नीमान्छे नै हो, फूल फूलै हो। म बूढो सिपाही मलाई...

...मलाई फूलको सौख छैन तथापि स्वास्नीमान्छे.....मेरो मस्तिष्क दुखेर आयो, मैले फूलदानमा भरिएका ताजा नीला फूलहरू खेलाएर आफैलाई विर्सन खोजें। तर यहाँ पनि स्वास्नीमान्छे, यहाँ त झन् नुजुरा भन्ने स्वास्नीमान्छे छे, एउटा रात्री स्वास्नीमान्छे, भाग्यवश छिडीबाटै बरीको नाउँ लिदै शिवराजजी पस्यो, मैले केही छुट्कारा अनुभव गरें।

मलाई देख्नासाथ उसले भन्यो "बरीले तलै भनी, धन्दा नमान्नुहोस् यसलाई आफ्नै घर सम्झनुभए हुन्छ।"

मैले खल्तीबाट एउटी स्वास्नीमान्छेको नहेरिएको तस्वीर झिक्दै भनें "तपाईले यो तस्वीर हिजो मेरो डेरामा छोड्नुभएछ म त्यही भनी आएको लिनुस्।"

उसले तर्सदै भन्यो "हरे म कस्तो लबस्तरा, अरू ठाउँमा छुटेको भए!" सकमबरीको तस्वीरलाई मायालु आँखाले हेर्दै उसले आफ्नो वालेट अघिल्तिर राख्यो। मेरो खल्तीबाट एउटा समस्या भाग्यो, एउटा मानवविरोधी तत्त्व भाग्यो, एउटा धृष्टता भाग्यो।

बाहिरबाट आएको कांचिगलले हामी दुवै जना एकाग्र हुन सकेका थिएनौं। ऊ त सधैंको अभ्यस्त मान्छे,मलाई चाहिं अनौठो लागिरहेको थियो।"तिम्री अलिक मधुरो स्वरले बोल्न सक्तिनौ बरी ?" एउटा बुढौली लागेको आवाज आउँछ। "कति चुरुट खान पर्छ बरी तिमीलाई ?" अर्को मसिनो लज्जालु आवाज आउँछ। "बरी दिज्यू, लाहुरेहरूले गाउने गीत गाउनुस् न।" अनि एउटा फुक्का खित्का छुट्छ। मैले कुरा टाल्नलाई साथीसँग सोधें "यहाँ सधैं तपाईं ताजा फूल राख्नुहुन्छ नि शिवराजजी ?" तर मैले कुरा थुल्ने उद्देश्यले यसो भनेको होइन।

उसले हाँस्दै उत्तर दियो "बरीले भरिदिन्छे सधैं। मुजुरालाई यी सबका चाख छैन। मेरो कान्छी बहिनीसँग मेरो भेट नै हुँदैन। म उठ्दा ऊ पढ्न गइसकेकी हुन्छे, म फर्कदा ऊ खाएर सुतिसकेकी हुन्छे।" कुरा टुंगिन पाउँदैन, ढोकामा चिच्याएर देखा परी उही बरी। "शिव, तपाईंलाई भान्सा गर्नुपर्दैन आज, हिंड्नुस् सुयोगजी तपाईं पनि भान्सामा।"

मैले लाज मान्दै भनें "होइन म डेरामा खाइहाल्छु नि।"

"डेरामा कसले पकाइदिन्छ तपाईंलाई, भान्से राख्नुभएको होला, मिठो लाग्छ के ? बिहा गर्नुस् अब बूढो भइसक्नुभो।"

बरीका यी वाक्यहरूले एक क्षण त मलाई व्याकुल बनायो। सम्झें जथाभावी बोल्छे, कति पनि लाज मान्दिन, साँच्चै कस्ती मापाकी छे यो स्वास्नीमान्छे। कति सहजैसँग घरि सिपाही भन्छे, घरि बूढो भन्छे, यसलाई आफ्नो दाइको अलिक लाज पनि लाग्दैन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्यार । म बिदा लिएर छिटो-छिटो डेरातर्फ आएँ । बाटामा मलाई एउटै घाउले पिरलिरह्यो । म बूढो भएछु, बूढो भएछु मात्र होइन, बूढो देखिएछु, तर ठाउकोले टेकेर स्वीकार गर्न परेको थियो त्यस सत्यलाई । बूढो त म निश्चय नै भएको हो, कसो गर्ने ? तन्देरी देखिनलाई र केही पाउनलाई मेरो जीवनले पनि लोभ गर्ने हो र ? मसँग छ नै के र ? म त रित्तिइसकेको एउटा भाँडो, एउटा निस्सारता हुँ । आफैंले आफैंलाई सान्त्वना दिएर पनि मैले कति चित्त बुझाउन सकिनँ । दिनभरि मनमा अशान्ति भइरह्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि निकै दिन बित्यो, मैले बारमा जान छोडें । शिवराज पनि मकहाँ आउँदै आएन । त्यस घरमा तेस्रो पटक जाने मैले गरिनँ । बरी एउटा ढंगले बोल्न जान्दिन, त्यहाँ किन जाने सिथ्थैं नै न सम्मान न शिष्टाचार न माया । उससँग भेट भएको दोस्रो पटकमै ऊ त्यस्ती, तेस्रो चौथो भेटमा अझ कस्ती होली । के भन्छे के भन्दिन । कति लाज पार्ने हुन् केही हुँदैन रे मलाई आत्मग्लानि त हुन्छ । साँझ सधैं झ्यालबाट पेटी हेराको चल्ती पसलतिर हेरेर चित्त बुझाउँथें, यसभन्दा अर्को साधन नै मेरो थिएन, पसल हेर्दै, विचार गर्थें । साँझको रमझम छिचोलेर पसले साहू सधैं घन्टा दुई घन्टाको निम्ति कतै जान्छ । त्यसपछि सधैं पसल्नी र एउटा सोह्र वर्षे सोडा-पानी बेच्ने ठिटोको प्रेम-कथा शुरु हुन्छ । त्यहीं लेखिन्छ त्यो कथा, त्यहीं अव्यक्त र असीम भनिंदो संतोषको सीमामा पुगेर मेटिन्छ । पसल्नी विश्वासी छे ठिटोको निम्ति र ठिटो प्रेम गर्छ पसल्नीलाई अति चर्को प्रेम, कुन्नि के लोभमा, कुन्नि के प्रेरणामा । यो पनि त जीवन हो, यो पनि प्रेम हो । सुन्दर्थें पसल्नीको दुइटै फोक्सोमा क्षय रोगका ठूल्ठूला खोपिल्टा परिसकेका छन् । मेरो भान्से केटा त्यहाँ सामान किन्न घिनाउँछ । अब हद्द बाँचे ऊ दुई वर्ष बाँच्ली, ऊ यसै भन्छ । कति अज्ञानी छे पसल्नी आफैंप्रति, र कति सुखी पनि । उसले पनि आफूसँग एउटा जीवघाती तन्तु राखिदिए हुने, तर होइन उससँग छ के । त्यो ठिटोलाई उसले आपनो छातीको सबै कीटाणु नासो दिएर मर्दिन त ? अवश्य यही हुन्छ । यस्तै त हो नि मानिसको प्रेम जो कुनै पनि ठाउँमा आपनो अस्तित्वलाई कायम राख्छ । मानिसहरू निस्सार प्रेममा र प्रेम निस्सार मानिसहरूमा सँगै सधैं अँगालिएर हिंडेका छन् । खोक्रो फोक्सोमा सास फेरुन्ज्याल त्यो ठिटोसँग पसल्नी प्रेम गर्छे शायद मासुको तिर्खा मेट्छे र त्यो ठिटो पसल्नीलाई यस्तै सजिलो वातावरणमा पाउन्ज्याल प्रेम गर्छ कुन्नि आपनो कुन तिर्खा मेट्छ । पसलको भित्री भागमा अँध्यारो पारेर पसल्नीलाई अँगालो हाल्दैमा ठिटोको प्रेम सीमित हुन्छ, के अर्थ छ त्यस प्रेमको ? के मूल्य छ त्यस प्रेमको ? यति विचार गर्दागर्दै म भौंतारिएर कहाँ पुग्छु, विचलित हुन्छु, मैले कसैसित प्रेम नै गरिनँ तर मैले स्वास्नीमान्छेलाई छोएको छु । क्रमशः मेरो अनुहारमा म विकार अनुभव गर्छु र आफैलाई टोल्लाउन फेरि त्यो शिरीषको घारीभित्र लुकेको घर सम्झन्छु । हो म बूढो भइसकें, ममा त्यो ठिटोको जस्तो ताउ आउँदैन, मलाई प्रेमको मूल्य खोज्नु छैन । अब त शिरीषका नीला फूलहरू पनि केही बेरंगी हुन थालिसके होलान्, आपनो रूखसंगको म्याद सिध्याएर, मोहलाई करबलले हटाएर झार्न थालिसके होलान् आफ-आफै, आपनै इच्छाले । कत्रो भिन्नता छ सकमबरी र पसल्नीमा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुवै कस्तरी विपरीत दौडेका छन् । के हो र सकमबरी ? दँजाएर हेरे पसल्नीले माथ गरिदिन्छे बरीलाई ।

सडकमा साइकलको घन्टी बजेको सुनेर झस्कँदै मैले हेरें शिवराज आएको थियो । एक किसिमले मलाई खुशी पनि लाग्यो । ढोकाबाटै ऊ गुनासो गर्दै पस्यो "तपाईं कस्तो बेपत्ता हुनुभएको मैले त फुर्सद पाइनँ रे तपाईंको के काम, माया मार्न लाग्नुभो जस्तो छ ।" कुन्नि शिवराज किन मसँग साह्रै विधि आत्मीय हुन चाहन्छ । शंका लाग्थ्यो, उसको पनि बिहे गरिदिन पर्ने तीन जना बहिनीहरू छन्, तर यो शंका पनि कति व्यंग्यात्मक, उसको त्यस्ता हल्लाउँदा सुकुमारी बहिनीहरू, कसमा के खोट छ र ?

मैले खुशी व्यक्त गर्दै भनें "यता कोही सञ्चो नभएर, नत्र आइहाल्थें नि ।"

उसले विश्वास गरेन, मलाई हेरेर मेरो बिसंचो हुनुलाई पत्याएन । उसले भन्यो "दुब्लाउनुभएको छैन नि । औषधी खान छोड्नुभयो कि कसो ?"

"किन छोड्थें, खानलाई जहाँ पनि भइहाल्छ नि । यो युग नै अल्कोहलको, यसदेखि टाढा कहाँ जानु र !"

त्यसपछि शिवराजलाई बोल्ने फुर्सद भएन । धेरै दिनको निचोड एकै चोटि निकाल्न चाहन्थ्यो ऊ । फेरि भरी बोतलहरू मगाइयो, रित्याइयो । कहाँदेखि कहाँ पुगियो । कहाँ पसल्नी, कहाँ सोडापानी बेच्ने ठिटो, कहाँ निस्सार प्रेम, कहाँ सकमबरी । सबै बिसेंर म केवल अल्कोहलको प्रतिक्रियामा सास फेरिरहेको थिएँ । बिदा हुने बेलामा वास्तविकताको एक तह पिल्साउँदै उसले भनिहाल्यो "पर्सि बरीको जन्म दिन, तपाईलाई निम्तो छ । कृपया उपहार यस्तो केही नलिएर, आउनुहोला, त्यो सब बरी थाप्दिन । फेरि मुखमा झटारो हानेर फर्काउन बेर छैन ।" मलाई साँच्चै मुखमा झटारो आएजस्तै लाग्यो । केही घोप्टेर भनें "कोशिश गर्छु ।"

"कोशिश गर्छु होइन, म तपाईलाई यहीं आएर लग्छु ।"

ऊ हतारिंदै गइहाल्यो । बसले छोडेको पेसिन्जरजस्तै म जिल्लिएर उभिरहें । सम्झें आएर त उसले लग्छ लग्छ, कति ढिपी गर्न सक्छ शिवराज, तर जाने कसरी, बूढो मानिस ठाँटिएर आएछ भन्ली कि ! सकमबरीको मुख न हो । उपहार नबोकी उही पनि उपलक्ष्य परेको दिनमा झ्याउरे भएर जाने पनि कसरी । ठाँटिएर त म सधैं नै हिंड्छु । यो त सकमबरीलाई थाहै होला । हरे ! यो जन्मदिवस पनि मुजुराको भइदिए हुने । केही शानसंग त जान पाइन्थ्यो, तर कहाँ मुजुरा बैठकसम्म देखा पर्दिन यसो दाउ गरेर भाग्न पर्ला त्यो दिन । अवश्य भाग्छु, यही निश्चय गरें मैले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कति जन्मदिन मनाइयो त्यसको हिसाब के, तर त्यो जन्मदिवसमा, म नढाँटीकन स्वीकार गर्छु, मलाई केही भएको थियो, अर्थात् असमंजसमा म अवश्य परेको हुँ। म दिउँसै आफैंमा कुनै विशेष कामको बहाना गर्दै डेराबाट निस्कें उद्देश्यहीन भौंतारिनलाई। उद्देश्यहीन त म यसै नै थिएँ तर विशेष त्यस साँझलाई आफूबाट केही पन्छाउन परेको थियो। सम्झें कति काफर म ? कुन प्रेरणाले मलाई यसरी काफर हुन सिकाएको छ ? काफर कहिले थिएँ र ? म विश्वयुद्ध लडेर आएको मान्छे, संगीन र बुलेटसंग खेलेर आएको, छिः यस्तो कुरा आफैंभित्र दोहोऱ्याउनु पनि मलाई लाज लाग्यो। भूगोलपार्क छेवैसा मैले चिनेकै स्वरले बोलाएको सुनें "कहाँ जान लाग्नुभयो, मैले तपाईंलाई भनेको होइन र ?" त्यसपछि कति विवाद भयो स्मरणमा राख्रैसंग लेख्दिएको छैन। अन्त्यमा म लुरु-लुरु त्यही शिरीषको घारीभित्र स्थित बिरानु घरको मूल ढोकाबाट आफूलाई लगिरहेको थिएँ। मानिस कोही थिएन, शायद निम्त्याइनेमा म मात्र थिएँ कि। सम्झें शायद बरीकै कोठामा होला। उसका साथीहरू खाएर गइसके म आखिरीको पाहुना थिएँ होला। शिवराजको बैठक त्यस्तै सजावटमा त्यस्तै चकमन्न थियो। जुन आशा गरेको थिएँ त्यो केही थिएन। बैठकमा मलाई छोडेर ऊ भित्र गइहाल्यो, म झ्यालमा आएर बाहिर हेर्ने बहाना गर्न थालें। त्यही दिन मैले आफैंमा एउटा परिवर्तन अनुभव गरेको हुँ त्यो के भने म सचेत रहन्थें, कुन्नि किन ? बूढो देखिइन थालेको म विशेष सकमबरीको आँखाले आफूलाई लुकाउन पनि कहाँ अनि कसरी ? मैले लुकाउन खोजें रे तर कटु सत्य कहाँ लुक्छ र ? साँच्चै लुक्दैन त ? मैले के आफ्भित्र कुनै सत्यलाई लुकाएको छैनँ ? मेरो मस्तिष्कमा एउटा बोझजस्तो आएर बस्यो।

स्नायु गतिको आवेगमा परेर मैले टेरिलिनको कोटमा सिउरेको ज्यास्मिनको कोपिला झिकेर झ्यालबाट मिल्काइदिएँ।

".....हरे !" ढोकामा स्याम्पू लगाएर फरक उडेको सुनौला बालभित्र सानु अनुहारमा साना-साना आँखा टल्काउँदै, हुन सक्छ, हाँसिरहेकी थिई बरी। सम्झें बिरालोले जे पनि चाँडै देख्छ तर जस्तो होस् त्यो मेरो असफलता थियो, मानौं आज पनि दशा ठीक छैन। दोस्रो पटक उससँग भेट्दा बोल्ने जुन रहर थियो त्यो रहर मरिसकेको थियो। म पहिलेबाट चड्खो भएर बसिरहें; अब के भन्ने हो ? यसको विपरीत टेबुलसम्म आएर उसले भनी "सुयोगजी, आज म चौबीस वर्ष पुगें।"

मलाई राख्रैसँग थाहा छ तर मैले यसो भनिनँ केवल साधुवाद दिएँ। मलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वितृष्णा भइरहेको थियो उसप्रति, उसको प्रत्येक व्यवहारप्रति । उसले मलाई कोचमा बस्ने आग्रह गरी । हातमा चुरुटको एउटा सिगैं बट्टा लिएर आएकी थिई, खोलेर मलाई दिई । सलाई कोरेर टाउको निहुराई मतिर, मेरो धेरै नजीक, हाम्री एउटा सग्लो चुरुट र बलिरहेको सलाईको दूरीमा टाढा थियौं एकअर्कोदेखि । स्याम्पू र सुकुमेलको हलुका बासले मेरो नसा-नसा गलाउन खोजिरहेको थियो, तर सपनाजस्तै निद्राबाट चुँडिएर ऊ पर गई, त्यो अनुभवलाई मैले अनुभवसम्म गर्न पाइनँ । क्रमशः उसप्रतिको वितृष्णालाई हराएर मलाई एउटा रहर दिइरहेकी थिई साधारण रहर । हरियो हाएन्डलुमको धोतीभित्र पाँच फूट तीन इन्चको बाँसको लिंगोजस्तो शरीरमा सुनौला टाउको जडेकी सकमबरी मतिर प्रष्ट पिठ्यूँ फर्काएर उभेकी थिई । केही बेर ऊ बोल्दै बोलिन । म पाँच फूट छ इन्चको जवान, जवान के नै बूढो, मभन्दा तीन इन्च कम ऊँचाईमा र एक्काईस वर्ष सानो उभेरमा सम्झँदा सम्झँदै म एक्काईस कोश टाढा पछारिन पुगें शिवराजको बैठकको वास्तविकतादेखि । यी सब दँजाइरहन के आवश्यकता । मलाई नियास्रो लागेर आयो । सम्झें कति निस्सार यो भावना । केही छिन टोल्याएर ऊ कराउँदै शिवराजको खाट सोझो राखिएको दराजतर्फ गई । "आम्मै कस्तो भुलिछु, शिवले मलाई के अह्राएर पठाउनु-भएको, तपाईंलाई त यो नभै हुँदैन रे नि ।" उसले पातला ओंलाहरूले घाँटी समाएर एरिस्टोक्रयाट ब्राण्डीको दुइटा बोतल निकाली ।

सधैं उसदेखि मैले हीनता अनुभव गर्न परेको थियो एउटा अरू बढ्यो, के भो त ? लत छैन भनेर के अस्वीकार गर्ने ? असम्भव थियो मेरो निम्ति । विश्वाससाथ नभै नहुने कुरा पनि स्वीकार गरें मैले । बोतल राखेर शायद गिलास लिन गई र भन्दै गई चर्को स्वरमा "शिव रक्स्याहा, शिवको साथी रक्स्याहा ।"

म बूढो, रक्स्याहा, सिपाही । आफ्नो अघि लम्पसार तेसिएका मार्मिक विशेषण-हरूले मेरो नामलाई सक्दो गिज्याइरहेका थिए । सुयोगवीर सिंह बूढो, रक्स्याहा, सिपाही, हावामा नाङ्गो खुकुरी नचाएर आएको यो मेरो इनाम । सँगाल्न परेको थियो यो मूल्य मेरो वीरताको, विश्वयुद्धमा खपेको मेरा अनभूतिहरूको र डेथ भ्यालीमा घिसारेर कोसेली फर्काएको मेरो रित्तो जीवनको । बरी आई किस्तीमा गिलास र सितनहरू बोकेर, पछिपछि शिवराज आयो । सधैंको मेरो साँझ सधैं दोहोरिएर आएको मेरो साँझ, सधैं आफूसँगै भइरहने एउटा नियमबद्धता, मलाई फेरि रमाइलो लाग्यो । सकमबरी एउटा चुरुट सल्काएर कोचको आडमा उभिरही । शिवराजले बोतल खोल्दै भन्यो, "जय होस् बरीको, बरीको जन्मदिवस् सधैं सधैं आइरहोस् ।"

"र बरी बूढी हुँदै जाओस्, शिवको आशीष" बरी कराई ।

म थाप्दै जाँदै थिएँ उसका व्यंग्यहरूलाई ।

शिवले विरोध गऱ्यो "बूढी हुँदै जाऊ भन्या हो र ? धेरै वर्ष बाँच पो भनेको त ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसले निहँ पाई "के काम बाँच्ने ? बढाबढी भइन्ज्याल किन बाँच्ने ? शिव तपाईं आशीष दिन जाऊहुन्न, समयमा मर भन्नुपर्छ । के छोप्न बाँच्ने ?"

मैले हेरें बरीले त्यो ठट्टा गरेकी थिइन । ऊ गम्भीर नै देखिन्थी। तपाईंलाई मर्ने कत्रो रहर भन्न मन लागेको थियो तर भनिनँ । ऊ त मानवविरोधी तत्त्व अनि म..... म स्वास्नीमान्छेलाई प्रेम गर्ने शक्ति नभएको लाछी निर्जीव, खूब मिलेको । मैले आफैंलाई स्वाभाविक तुल्याउनको निम्ति डराउँदै भनें, "मैले पनि तपाईंलाई आजदेखि बरी भनेर बोलाए कस्तो होला ?"

शिवराज खुशी भयो "भन्नुस् भन्नुस् अझ तिमी भन्नुस् यिनीहरूलाई केको तपाईं, आफ्नै बैनीहरूजस्ता त हुन् नि ।" अहिलेको पटक शिवराजलाई पनि मैले सारहीन पाएँ ।

बरीमा केही परिवर्तन आएको थिएन । बत्तीको टकमा टल्किएका चश्माभित्र आँखाको भाव पढ्न गाह्रो थियो । धेरै स्वास्नीमान्छेहरू उनीहरूको प्यारो नाउँले बोलाउँदा रमाइलो मान्छन्, खुशी हुन्छन् तर बरीले त्यो देखाइन, सहजसँग भनी "तपाईंलाई जे इच्छा लाग्छ त्यही भन्नुस् ।"

त्यसपछि साबिकबमोजिम हाम्रो कुरा चल्यो । म सचेत भएर बोल्थें, झस्केर बोल्थें बुलेट छेवैमा पड्केला भन्ने डर लाग्थ्यो । कुरै कुरामा बरीलाई संकेत गरी शिवराजले भन्यो, "सुन्यौ बैरी, सुयोगजी लडाईंको कुरा उठ्यो कि विरक्त हुनुहुन्छ, कस्तरी पन्छाउनु-हुन्छ हामीलाई !"

बरीले चुरुटको धूवाँ उडाउँदै भनी "डर लाग्दो हो नि उहाँलाई ।"

"के को डर सैनिकलाई ?" शिवराज तर्स्यो ।

बरीले भनी, 'लडाइँ त अपराध हो शिव, जसको निम्ति लडौं, जसको हुकुमले लडौं त्यो व्यक्तिले व्यक्तिमाथि गर्नुपर्ने अपराध हो । प्रत्येक मानेहरूले आफ्नो निधारमा लेखेर ल्याउन पर्ने अपराध । अपराध पोखिदैन सितिमिती ।"

लडाईंबाट फर्किसकेपछि पतिका वर्षसम्म कसैले मलाई यस्तो निर्णय दिएको थिएन । कुन्नि बरीको उद्देश्य के थियो, तर के जान्दथी र बरी । हामी वीरताको नाउँमा मर्छौं, बलि लिन्छौं र बलि हुन्छौं । यो केको अपराध ?

"तपाईं पनि अपराधी" बरी झ्यालतिर गई । सुनसान रातमा आफू मात्र ब्यूंझो भएको बेला अनौठो स्वरले कोही करायो भने कस्तो हुन्छ, हो, ठीक मलाई त्यस्तै भयो । चरक्क चिरेर एउटा प्रतिक्रिया मेरो मस्तिष्कमा वारपार दौड्यो । बिजुलीको करेन्टजस्तो । मुटु निकै ठूलो ढुकढुकी लिएर बज्यो । दुईतीन पटक शिवराजले सोचेर भन्यो, "बरी, उहाँले मान्छे काट्नुभएको छैन ।"

"मान्छे काट्नु मात्र अपराध हो र ?" बरी झ्यालबाट वर आई । म मर्माहत भएँ, गिलासको रक्सी स्वाट्टै पिएर विचार गरें, बरी केही जान्दिन । बरी एकदमै अपरिपक्व छे,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविकसित छ, तर बरीको उद्देश्य मैले बुझिनँ । मेरो छेवैबाट ऊ बाहिर निस्की, उसको अनुहार जस्ताको तस्तै तटस्थ थियो । क्रमशः एउटा सुनौलो टाउको ओझेल भएपछि मैले शान्तिको सास फेरें । त्यस रात शिवले मलाई रक्सी खुवाउनसम्म खुवायो । अनुभवी हातहरूबाट तयार भएका तरकारीहरू, अरू मिष्टान्नहरू, कुनै गुनासो राख्नै नदिएर वरीले आफ्नो जन्मदिन मनाइदिई । म त्यहाँबाट बिदा हुँदा रातको एघार बजिसकेको थियो । शिवले उहीं सुत्ने आग्रह गरेको थियो तर म तयार भइनँ । पानी पर्न नसकेर उकुस-मुकुसमा छट्पटिरहेको निखुर कालो रातलाई साइकलको एकनासे स्वाइँ स्वाइँ स्वरले चिर्दै जिउभरि रक्सीको गर्मी बोकेर म शहर आइपुगें । सन्तोषसँग लठ्ठिएर सुतें । बिहान उठ्दा ममा हिजोको प्रतिक्रिया तिर्खा हो कि भनेर ठम्याउन नसकिने कता कता तिर्खा जस्तो लागेको थियो । सधैं झैं खाली मन खाली नै थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि धेरै समय बित्यो । बर्खा आफ्नो अन्तिम दिनहरूमा काठमाण्डूको खाल्डोलाई भिजाउने प्रयत्नमा थियो । त्यही बीच मेरो पैंतालीस वर्षले मलाई बाध्य बनाएर छयालीसमा पछार्दै भाग्यो । आफैंभित्र पनि जतिसक्दो छलिन खोज्दै मैले त्यो दिन बिताएँ अर्थात् मनाएँ । मेरो बारमा जानु त्यस्तै थियो र शिवराजसंग भेट्नु त्यस्तै । हाम्रो नियमबद्धतामा कुनै फरक आएको थिएन । भए तापनि मेरो एक्लो जिउनुको अध्यायमा नौला-नौला कुराहरू थपिइसकेका थिए । म शिवराजको घर धेरै झ्याम्मिइसकेको थिएँ । उनीहरू सबै उस्तै थिए । शिवराज सारहीन बितिरहेको थियो । दिउँसोको परिश्रम, रातिको केही छिन रमाइलो । उसकी मुमाले एउटी दुलही भित्र्याएर बुहारीको रहर मेट्ने इच्छा धेरै प्रकट गरिसकेकी भए पनि शिवराज पलायन हुँदै बहाना गर्दै आइरहेको थियो , कुन्नि किन ? शिवराजलाई स्वास्नी पाल्न नसक्ने भन्ने डर पनि थिएन, जहाँसम्म उसले कसैलाई रोजेको पनि थिएन, रोजेको भए पनि ल्याउन सक्थ्यो । मभन्दा धेरै सुन्दर शिवराजलाई केटी नपाउने कुनै कुरै थिएन ।

म त्यहाँ प्रायः गइरहन्थें । सकमबरीको जीवन उस्तै थियो । मैले केवल उसलाई बरी र तिमीको साइनो लगाएर आफूलाई उसको धेरै नजीक अनुभव गर्थें । बरीको स्वभावलँग म अभ्यस्त भइसकेको थिएँ । उसलाई मैले सधैं उस्तै खरी उस्तै निठुरी पाएँ । ऊ तरुनी थिई, वैंसमा फुलिसकेकी तर कहिले यस्तो देखाइन मानौं ऊ आफूप्रति सचेत नै छैन । जहिले गए पनि उसलाई घरैसा भेट्टाइन्छ । बाहिरको रमझममा उति चाख लिएको पनि देखिएन । एकनास चुरुट पिउँथी र म सम्झन्थें यति रहेछ उसले जीवनमा विलासको नाउँसा केही भेट्टाएकी र कहिले सम्झन्थें बरी पनि केही रहस्य लुकाउँदी हो । धूवाँको मुस्लोभित्र कि अवश्य बरी भाग्दी हो धूवाँमा रंगमंगिएर, तर यी सब मेरो अडकल मात्र । घरमा तिनीहरूलाई केही दुःख थिएन । झन् बरीले त आफ्नो दाइलाई उधुम प्रभाव पारेकी थिई, यसैले ऊ समस्या र असन्तोषदेखि फुक्का नै थिई, मैले देख्दा । कति पटक कहिले चुरुट सल्काउँदा, कहिले केही दिंदा, केही देखाउँदा ऊ मेरो धेरै नजीक आइसकेकी थिई । कतिसम्म भने उसको तातो सास मैले आफ्नो अनुहारभरि अनुभव गरेको छु तर उसको भाव बर्दलिदैन कहिल्यै । मसँग कुनै प्रतिक्रिया लिन्न, सधैंकी समागम सधैंकी तटस्थ । मलाई लाग्थ्यो शायद बरीमा यौन भन्ने कुनै रोग नै छैन, कि त मेरो बूढो गन्धदेखि ऊ परिचित भइसकेकी छ, घृणा त ऊ मलाई शत प्रतिशत गर्दिन, तर म त्यस्तो विधि बूढो नै पनि होइनँ, झन् शरीरको छाँटकाँटले केही त अझ पनि तन्देरी देखाउँछ । पचास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षसम्म त यस्तै स्वास्थ्य रह्यो भने छल्न सकिन्छ आफैंलाई नभए पनि अरूलाई। जे होस्, ऊ स्वास्नीमान्छे म लोग्नेमान्छे भन्दैमा यथार्थको सृजना सहजसंग हुँदैन, कति कुराको मेल खान पर्छ। ल मानें, म बूढो भएको थिइनँ तर बरीसँग मिल्ती हुने मेरो उमेर होइन। शिव तीस एकतीस वर्षको पट्ठो छ सकमबरीसँग झ्याम्मिएर कुरा गरेको कति सुहाउँछ, मलाई कहाँ सुहाउँछ। शिवले एकपल्ट भनेको छ ऊ बरीलाई धेरै विश्वास गर्छ आफैंलाई भन्दा बढी, सम्भव थियो। एउटी असामाजिक केटीको निम्ति विश्वासी हुनु कुनै गाह्रो होइन।

अब त मुजुरालाई पनि धेरै भेटिसकेको थिएँ, भेट्ने मात्रै होइन कुराकानी भइसकेको थियो। ऊ राम्री, विशेष आँखा, ऊ मिजासले बोल्थी, मिजासले व्यवहार गर्थी। ऊ आँखा जुधाएर हेर्दिनथी र छेउमा कहिल्यै आउँदिनथी। कुरै कुरामा त्यस्तो केही पऱ्यो भने ऊ कानदेखि अनुहारसम्म रातो हुन्थी। जे होस् उसको स्वभावमा तिरस्कार थिएन। माया त ऊ प्रष्ट भावमा भाषामा जनाउँथी कसैप्रति पनि, यहाँसम्म कि एउटा कुकुरलाई पनि कुखुरालाई पनि। यद्यपि मुजुरालाई टाढैबाट हेरे तापनि देखे तापनि उसप्रति मेरो एक प्रकारको तृष्णा लुकेको थियो। छोएरै मात्र सुंघेर मात्र प्रेम हुने हो र, प्रेम यसै हुन्छ उसै हुन्छ, तर यस विचारलाई म आफैं पनि मान्न तयार थिइनँ। प्रेम निस्सार, जम्मामा निरर्थक मेरो निम्ति। कहिले काहीं मुजुराको सोझो र निर्दोष गफ सुन्दा म उसको पछि घर, संसार, माया रं धेरै जीवित वस्तुहरूका अस्तित्व झंझली देख्थें र मलाई आफू बाँचेको जीवन असाध्य खल्लो लाग्थ्यो र भन्न मन लाग्थ्यो 'मजुरा, मलाई पनि जीवनको भीख देऊ रं खुशियालीका केही टुक्राहरू।' यसरी मुजुरालाई पनि म धेरै परिभाषा लगाउन खोजिरहन्थें। धेरै चोटि रक्सीको आवेगमा आएर मैले शिवराजलाई मुजुराको मसँग बिहे गरिदेऊ, सुखसँग राख्छु, एउटा संसार बनाउँछु भन्ने विचार चुहाउन-चुहाउन खोजेको हुँ तर त्यतिसम्म आँट कहिल्यै गरिनँ। भनेको भए शिवराजले मलाई अवहेलना गर्ने थिएन। तर दुर्भाग्य! भन्न नसकिने।

कुराहरू धेरै टाढा पुगिसकेका थिए। शिवराजकी कान्छी बहिनी, जसलाई घरमा सानु भनिन्छ, संग पनि म राम्रैसंग बोल्ने भइसकेको थिएँ। उसलाई घरमा त्यति भेटिन्न, साथीहरूसँग ऊ प्रायः यताउता गइरहन्थी। ऊ आफ्नो मिलेको शरीरलाई सधैं अत्याधुनिक फेशनमा लपेट्ने गर्थी। कुनै दिन पछिबाट देखें भने उसलाई आँखाले ख्याइन्ज्यालसम्म हेर्थें। कहीं भेटें भने 'कहाँ हिंडेकी सानु?', र घरमा भेटें भने 'आज घुम्न नजाने सानु?' यति नै म सोधिहाल्थें। अझसम्म म उनीहरूकै आपना निजी कोठामा गएको थिइनँ। सानु कहीं जानु नपरे किताबमा भुलेर बस्थी। शिवको भनाइमा बरी खूब पढ्ने, तर त्यो अवस्थामा मैले प्रायः देखिनँ। बरु चुरुट उसको हातमा सधैं देख्थें। यसै सिलसिलामा मैले कतिपल्ट उसलाई 'क्यान्सर लाग्ला है, बरी' भनेर गिज्याउँथें, ऊ सधैं 'स्वागत छ'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी जवाफ दिन्थी ।

जम्मामा उनीहरू सबै बेसै थिए । विकृतिहीनता उत्ताउलोपना उनीहरूमा देखिएन । मुजुरा र सानु दुवै मलाई 'सुयोग दाइ' नाउँले बोलाउँथे, तर बरीलाई 'सुयोगजी' भन्ने रहर कहिल्यै मेटिएन । पाए त ऊ बाबुको पनि नाउँ काट्दी हो, के ठेकान ? मलाई बिहे गर्नुस् भनेर प्रायः उनीहरू गिज्याइरहन्थे । एक किसिम म पनि अभ्यस्त जस्तै भइसकेको थिएँ । एक पल्ट मुजुरालाई मैले भनेको थिएँ 'केटी पाइएन, खोजिदिनुस् न,' उसले हाँसेर भनी 'केटी पाइएन भन्नु त लाज लाग्नुपर्छ, कस्तैले पनि पाउँछ । 'बिचरी उसलाई के थाहा ? केटी, विवाह भन्ने शब्दहरू स आफैंप्रति कति व्यंग्यपूर्ण थिए । मलाई भन्न मन लाग्थ्यो प्रेम गर्ने शक्ति भए, स्वास्नी स्थापना गरेर एउटा कोठाला जीवनको बिहानी डाक्ने क्षमता भए मुजुरा ! शिवसँग मागेर तिमीलाई नै लगिहाल्थें नि । कहिले त यस्तो कुरा भयो कि स आफैंभित्र फाटिइन्थें चिरिइन्थें । नरमाइलो लाग्थ्यो सबै र बरीसँग चुरुट उडाएर बिर्सने बहाना गर्थें । मेरो त्यस्तो अवस्था बरीले लक्ष्य गर्दी हो जस्तो मलाई लाग्थ्यो तर यो उसले भनिन । चश्माभित्र उसका टड्कारा आँखाहरू चल्दाचल्दैखेरिको बिरालोको जस्तो लागे तापनि ऊ सोझो झम्टिने चिथ्रोर्ने खालकी थिइन । शिरीषका ताजा नीला फूलहरू पहिलाएर बढेको मेरो यो घरसँगको घनिष्टता यस्तै थियो, यति मात्र थियो । अब त क्रमशः ती हाँगाहरूलाई पातहरूले पनि नंग्याउन थालिसकेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरद् ऋतुको एक बिहानीको कुरा हो । दशैं आउनलाई कत्ति पनि टाढा थिएन । शिवराजको बैठक कोठामा म एक्लै थिएँ, शिवलाई नै पखिरहेको थिएँ । म माथि आएर बसिरहेको कसैलाई थाहा भएन क्यार विशेष बरीलाई, त्यसैले त मैले झ्यालबाट हेर्दा ऊ हरियो दूबोमाथि पर्लक्क पल्टेर के गरिरहेकी थिई कुन्नि बिहानीको घाम ताप्न निस्केको सर्पजस्तै आफ्नो लामो शरीरलाई जति सक्दो सजिलो र फुका मुद्रामा राखेकी थिई । उसलाई त्यस अवस्थामा देख्नासाथ साँच्चैको सर्प देखेजस्तै मेरो आङ एक पल्ट सिरिंग भयो, तर अहिले हामी, मैले हेरेको ठाउँदेखि ऊ पल्टेको ठाउँसम्म भएको दूरीले अलग थियौं एका अर्कादेखि । मैले भाग्ने चेष्टा गरिनँ, नहेर्ने चेष्टा पनि गरिनँ । यसो भनूं मैले सकिनँ । सम्झें, देखी भने 'अशिष्ट, बेसोमती सिपाहीको जात' भन्ली; शिवराज आइपुगे के भन्ला ? तर ती सब मैले सोचें मात्र, मलाई आँट आइरहेको थियो जस्तो पनि स्थिति सहनलाई । यति जाबो दृश्य पनि नहेरेर म आफैंले आफैंलाई किन मारूँ, के त्यति पनि मेरो अधिकार छैन ? मेरो जीवनमा राखेकै के छ र, आँखाको स्वादजस्तो एउटा साधारण सुखदेखि आफ्नलाई बंचित राख्न नसक्नु कुनै अपराध हो र ? कुनै पाप हो र ? बरी गइसकेकी थिई, मैले झ्याल छोड्न सकेको होइनँ । म त्यहीं आड लिएर सम्झिरहें, कुनै विरोध र विवादको नभैकन मैले धेरै स्वास्नीमान्छेहरूलाई धेरै नजीकदेखि नांगो हेरिसकेको छु । बरीको त त्यो अवस्था होइन, यसरी बस्दा उसलाई सुहाएको थियो त्यसैले हेरें, होइन, सधैं हेरिरहेको, हेर्न मन लागेर हेरें । मानिस आफैंलाई किन छल्न सक्थ्यो र, तर मैले हेरेको फुका अवस्थामा बसेकी बरी र कुनै पनि नांगो स्वास्नीमान्छे मैले हेरिसकेको मिलाएँ, अहँ, दुइटामा कुनै सामञ्जस्य आउन सकेन, खोजेर पनि, चाहेर पनि, र स्वीकार गरें केही बिराएछु । यदि बरीलाई पनि आज मैले नांगो देखेको भए के हुने थियो ? के हुने थियो– यो प्रश्नसँग गाँसेर मैले एउटा ठूलो स्पष्ट पूर्ण विराम राखी आफ्नलाई स्वाभाविक बनाउँदै झ्यालबाट वर आएँ ।

केही छिनपछि स्यान्डलको टकटकसँग चुरुटको बास बैठकभित्र आयो । त्यसै नै मानिसको जात जानेर बुझेरै ढोंग गर्छन्; मैले पनि केही थाहा नपाएजस्तै तर्सेर बरीलाई हेरें । बिचरी उसले मलाई देखेकी रहिनछ, मुख उज्यालो पार्दै भनी "कहिले आउनुभयो सुयोगजी, म त देउता थान जान लागें मुआसँग ।"

मैले सोधें "तिमी पनि देउतामा, पूजामा विश्वास गछ्यौं बरी ?"

"गर्छु र गर्दिनँ पनि ।" ऊ नजीकैको कोचमा बसिसकेकी थिई ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"किन ?" मैले अचम्म मान्दै प्रश्न गरें ।

"ढुङ्गा न हो, उसको अघि कस्तै अपराध गरे पनि यो उसले कसैलाई भन्ने होइन। यसैले विश्वास गर्छु र चाहिएको खण्डमा झक्झकाउँदा पनि भन्ने कुरा भनिँदैन त्यसैले अविश्वास गर्छु । यसभन्दा बढी यौटा ढुंगासँग हाम्रो विश्वास र अविश्वासको के अर्थ ?"

यहाँ पनि बरीको उद्देश्य मैले बुझिनँ तर सक्दो हाँस्ने प्रयत्न गर्दै मैले भनें–"कति सजिलो अर्थ दिएर तिमीले डुबुल्की हान्यौ । ईश्वरको अस्तित्व त्यतिसम्मै सीमित छ र ?"

उसले लगत्तै विरोध गरी "ईश्वर नभन्नुस्, ईश्वरत्व भन्नुस् । भावना न हो ।" ठुटो चुरुट आस्ट्रेमा हाल्दै गर्दा उसलाई पनि मैले एउटा भावना जस्तो मात्र देखें, कोरा, नफष्टाएको भावना जसलाई मानिस हो भनी एउटा भावनाको माध्यमबाट सम्झिदिए पुग्छ ।

मैले अनायास भनें–"त्यसो भए अब बरी नभनेर बरीत्व भन्नुपर्‍यो ।"

"किन तपाईं मेरो अस्तित्वमा शंका गर्नुहुन्छ ? बरी भन्नुस्, मेरो सम्पूर्ण अस्तित्व देखिइन्छ, छोइन्छ ।" ऊ अर्को चुरुट सल्काउँदै थिई । निकोटिनले पहेँलिएका खिरिला ओंलाहरूको बीच प्रायैजसो डढिरहेको चुरुट र धूवाँ देख्दा किन किन त्यो दिन त मलाई झर्को लागेर आयो, तर के भन्ने । त्यसैले त्यस झर्कोलाई पनि साधारण ठट्टा गरेर पचाउन खोजें "तिम्रो ईश्वरत्वलाई पनि अब चुरुट तान्न सिकाइदेऊ बरी, उसलाई पनि मान्छेको संसारमा बस्दा-बस्दा दिक्क लागिसक्यो होला ।"

हुन सक्छ ऊ हाँसेकी होली, अनुहार बेसकन उज्यालो पार्दै भनी "अनि क्यान्सर लागेर ईश्वरत्वको पनि मृत्यु होस् चाँडै ।"

प्रत्येक मृत्यु र अंत शब्द निस्कने साथ तिम्रो अनुहार यसरी उज्यालिन्छ भन्न मलाई मन लागेको थियो तर अकैं भनें–"तिमीलाई चुरुट नखाऊ भन्यो भने पीर लाग्छ बरी ?"

उसले चर्को स्वरमा सजग हुँदै भनी–"हो ।"

"अहिले मैले तिमीलाई चुरुट नखाऊ भनें भने तिमी के गर्छौ बरी ?"

"मोजसँग दशओटा खाइदिन्छु ।" मलाई कता-कता चोट लाग्यो । सम्झें साँच्चैको कठोर हो यो स्वास्नीमान्छे, अरूलाई पीर पर्ला भन्ने त यसलाई कत्ति वास्ता रहँदैन । उससँग चुरुट नखाऊ भन्नु आफैंले हार खानु मात्र थियो, मैले त्यस विषयलाई त्यहीं स्थगित गर्दै भनें–ईश्वर क्यान्सर लागेर मरेपछि तिम्रो संसारको के अवस्था हुन्छ ?"

"जस्तो छ त्यस्तै चलदै जान्छ, मनुष्यत्वको मृत्य भए कुरा अर्कै ।" ऊ दराजतर्फ गइरहेकी थिई ।

यतिबाटै मैले बरीको ईश्वरप्रतिको धारणा थाहा पाइसकेको थिएँ । ऊ ईश्वरको अस्तित्वलाई मान्दिन साथै मानिसप्रति पनि उसको कुनै असल धारणा छैन सम्झें । कुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आस्थामा बचाएकी होली बरीले आफूलाई । केही खोज्दै थिई ऊ दराजभित्र । उसको एक हत्केलाभरिमा आउन सक्ने गर्धन, मसिना कैला रौंहरूले छोपिएको सानु टाउको के निस्सार अड्किएको छ ? हावामा ? अकारणमा ? शिवको अध्ययनमा बरी त्यस्ती होइन मलाई यही नै एउटा सान्त्वना थियो । ऊ मलाई हेर्दै नहेरी गइसकेकी थिई, कुन प्रेरणाको बलले म सोध्न पुगेछु "बरी, तिमी ईश्वरलाई मान्दिनौ; आफ्ना दुःख र अपराधहरू पखालेर निरोगी हुन चाहने अभागीहरूले कहाँ जानु ? तिमी भए के गर्थ्यौ बरी ?"

यो प्रश्न सोधुंला भनी सोधेको होइन मैले । अचेतन मनबाट सोधेछु भने त कुन्नि, सचेत भएर त मैले सोधेको पटक्कै होइन । सोधिसकेपछि लाग्यो व्यर्थै सोधेछु, तर उसले आफ्नो टाउको फर्काएर पनि खिल्ली उडाउने बिझने आँखाले हेरिरहेकी थिई ।

विवश मलाई आफ्नो प्रतिक्रिया सहेर बसिरहन पऱ्यो "अपराध गरिसकेपछि म त्यसलाई पखाल्ने काम गर्दिनँ सुयोगजी, पखालेर अपराध पखालिन्छ, कस्तो हाँसो उठ्दो ।"

मैले धेरै नै निन्याउरो मुख लाएर सोधें–"त्यसो भए हामीमा अर्थात् हामी मानिसहरूमा सम्झौता कसरी ल्याउने ?"

उसले भनी "ईश्वरत्वको अघि अपराध पखाल्ने काम बिलकुलै निरर्थक, अज्ञ मूर्खता हो । कृपया मेरो विचारलाई मान्यता नदिनुहोला । श्रँ बरु मानिसको अघि पखाले केही हलका हुन सक्छ अर्थात् आत्मसन्तोष हुन सक्छ । मानिसमा सम्झिदिने शक्ति हुन्छ, त्यति नै हो ।"

उसको सानु घिन्नो अँठ्याएर मलाई सोध्न मन लागेको थियो 'के तिमी नै बोलेकी हो बरी ?' तर मेरो विचारधारालाई त्यसै लत्याएर उसले सोधी "किन सुयोगजी, तपाईंको छातीभित्र पनि उकुसमुकुस छ जस्तो छ नि, सिपाहीको के विश्वास !"

मलाई सर्वाङ्गै चिसो भएजस्तो लाग्यो । चिसो मान्छेको चिसै कुरा । बढ्ता बोल्ने मलाई आवश्यकता भएन "सिपाही अविश्वासको मात्र अंग हो र ?" यही एक वाक्य भनेर मैले बरीलाई बिदा दिएँ । उससँग मलाई दया माग्नु थिएन । बरीसँग यस्तो जस्तो कुरा गरेर पराजित भएको घटना लेखेर साध्य हुँदैन, सन्तोष छ उसले मलाई कहिल्यै उपदेश दिइन, कहिल्यै सहानुभूति देखाइन । सधैं पराजित हुँदै गए तापनि मलाई किन किन बरीको कुरा सुन्न रहर लाग्थ्यो । बरीसँगको मेरो रहर ठीक काँडाबीच फुलेको गुलाफलाई हात रगतपच्छे पार्दै टिप्नु अथवा झिरालोमा फलेको काँडेदार बन-ऐंसेलुको झरिलो दाना टिपेर क्वाप्प मुखमा हाल्नुजस्तै थियो । जति सक्दो अप्ठ्यारो हुँदै मलाई बरीलाई पछ्याइरहन मन लाग्यो, निरुद्देश्य र विना अर्थ । यति मात्र उसप्रतिको मेरो रहरको सीमा होइन । कहिले काहीं मलाई बरीको सानु घाँटीको रहर लाग्थ्यो, कैला रौंहरूले छोपिएको मुण्डको टाउकोको रहर लाग्थ्यो र उसको अस्वाभाविक उठेको छातीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहर लाग्थ्यो, तर यस रहरलाई म स्वास्नीमान्छे देख्दा लोग्नेमान्छेलाई हुने रहरभन्दा बढी केही मात्र तयार भइनँ । त्यसैले त आज बरीलाई नांगी देखेको भए भन्ने प्रश्नसाथै पूर्ण विरामको चिह्न लगाएर म भागेको हुँ । नांगो स्वास्नीमान्छे हेरेर आइसकेका मेरा आँखाहरूले आज लुगा लगाएकी बरीलाई देख्दा अनायास अपराधको परिभाषा आफैंभित्र खेलाउन सक्नु मेरो महत्ता थियो, निःसन्देह मेरो महत्ता थियो । बरीलाई टपक्क टिपेर छयालीस वर्षको उमेर मलाई आपनो जीवन अमिल्याउनु थिएन, निस्सारतामा पलापिन अभ्यस्त भइसकेको मलाई जीवनदेखि डर लाग्छ । के हो र सकमबरी, के छ र उसमा, भन्ने आफैंले आफैंलाई फुस्ल्याउन दिएको एउटा खोक्रो सान्त्वनामा म सधैं उसलाई बाँधेर राख्थें । मलाई स्वास्नी स्थापना गर्नुमा विश्वास थिएन, कतै कसैले विवाहको कुरा उठाइदिए म झल्झली मुजुरालाई सम्झन्थें र सम्झन्थें शायद यस्तै हुँदो हो स्वास्नी । यदि शिवराजले मेरा बैनीहरूमा छानेर लैजाऊ भने म मुजुरालाई लगेर मेरो कोठामा टाँगिदिन्थें, मेरी स्वास्नी भनेर उसको निधारमा लेखिदिन्थें । मैले खुलस्त भएर भने तापनि मुजुराप्रतिको मेरो विचार पनि निराधार थियो, तथ्यहीन थियो, तथ्यहीन थियो । बैठकमा बसेर सम्झँदा सम्झँदै कायल भएँ म; जम्मामा निराधार र तथ्यहीन । सम्झें एउटा रमाइलो कथा हो मुजुरा जसलाई मनभरि पढ्न सकिन्छ, एउटा सुखदायी दृश्य हो मजुरा जसलाई आँखाभरि हेर्न सकिन्छ तर किरिया हालेर भन्न सकिन्छ, मुजुरासँग मेरो प्रेम भएको हैन, स्वास्नीलाई प्रेम पनि गर्नैपर्छ भन्ने कुरा मलाई थाहा छैन । प्रेम कत्रो झूठ, कत्रो उपहास, कत्रो निरर्थकता ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पसल्नी एक कोपरा रगत बान्ता गरेर सुस्त भएकी छ, एउटा छोटो कँमा लागेको छ उनीहरूको प्रेम-कथामा । ठिटो छेवैको ल्याम्पपोस्टमा टाँस्सिएर उभिएको छ, सिमेन्टीजस्तै आफैभित्र अव्यक्त मुद्रामा रित्तो हात, रित्तो मन । कुकुरनी लखेट्न नसकी हारेर फर्केको मरन्च्याँसे भुसिया कुकुर उस्तै सान्त्वना र उस्तै व्यथा लिएर ठिटोको खुट्टानिर बसेको छ । दुवै झुन्त्रे देखिन्छन्, दुवै लखतरान देखिन्छन् । साँझको धूवाँसे रंगले पोतिएको पेटीमाथि हिंड्ने नियमबद्ध रात आइरहेको छ, रित्तो मन, रित्ता हातहरूलाई उसको भन्नु केही छैन । पेटीको विपरीत ध्यालमा बसेर म पनि हेरिरहेको थिएँ हत्केलाबाट चिप्लँदो साँझलाई, र सम्झिरहेको थिएँ मेरो अस्तित्वले कति असेल खान सक्छ एउटा हरुवा कुकुर र हरुवा प्रेमदेखि । हामी तीन जनामा केको पर्दा छ र यहाँ, म आधुनिक बारमा भाग्छु, ठिटो भट्टीमा जान्छ र कुकुर, कुकुर घाँटी ठडचाएर रुन्छ र व्यक्त गर्छ आफैं-लाई, कति मिल्दोजुल्दो हाम्रो अस्तित्व ! जीवन युगको यस्तो तहमा आएर ठप्प लाग्दोरहेछ र हामी यसैमा पनि बाँच्दा रहेछौं, हामी गतिहीन भइसक्छौं, तर हाम्रो गति रोकिंदैन । यसरी बाँच्नुको फोस्रो अर्थमा झुलाएर मैले पनि आफैंलाई आफ्नो लक्ष्यतिर लगें । छीन र कचौनको बस्तीमा घ्याम्पो भरि-भरि जाँड रक्सी पिउने लत भएका मेरा नसाहरू पेगको चुपुर्कोमा कति भिज्दैनन् त्यसैले रक्सीलाई म जीवनको पलायन मान्दिनँ, रक्सीमा डुबेर म सल्बलाउन सक्दिनँ । खुलस्त स्वीकार गर्छु यो मेरो नैतिक पतन होइन, मेरो हीनता होइन ।

शिवराज आएको थिएन, शायद आउँदैन होला, म यही सम्झिरहेको थिएँ । परिचित रक्स्याहाको अर्डर बारको ठिटोले नबोली पूरा गरिदिन्छ । हाम्रो जीवनको छाप उसको अनुहारमा परिसकेको हुन्छ । लत, असफलता, असन्तोष, झर्को, विरोध र पलायनको ऊ एउटा जीउँदो नमूना देखिन्छ । रक्सीको टिप उठाएर शायद ऊ भाग्छ यस सीमाबाट बाहिर कि त कुनै मायालुको न्यानो अँगालोमा कि त कुनै दरिद्र आमाको झुत्रे सुकुलमा आफ्नो कमाइ बुझाउन । सम्झिरहेको थिएँ, शिवराज आइपुग्यो सधैंको भन्दा केही खस्किएको अनुहारमा ।

"सुयोगजी ! बजारमा पानामा चुरुट पाइँदैन, ब्ल्याकमा एक पेटी भनेर आएको छु अहिले, जाँदा लिएर जानुपर्छ ।"

चुरुटको पेटी पछिल्तिर मैले एउटा सुनौलो टाउको कल्पना गरिसकेको थिएँ त्यसैले मैले उस्तो प्रमुखता दिइनँ उसको कुरालाई । उसले फेरि भन्यो ? "बरी भोलि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मधेस जाँदैछ महीना दिनको निम्ति ।" त्यसपछि उसले धेरै के के भन्यो तर मैले उसको मुख चलेको मात्र देखें । मलाई यो भएको थियो भनी म किटेर भन्न त सक्तिनँ जे भएको थियो त्यो मेरो जीवनमा कहिले भएको थिएन, नौलो अनुभव । 'बरी भोलिदेखि यहाँ हुन्न', यत्ति नै प्रशस्त थियो मेरो निम्ति आफैंलाई एउटा बलियो मुक्का ख्वाएर पछारिनलाई, वास्तविकताको ठूलो फाँटमा जहाँ सपना, कल्पना र ढोंग केही थिएन, केवल एउटा वास्तविकता । म आफैंमा एउटा रित्तो भाँडोको अनुभव गर्न थालें, रित्तो बोतलको असमर्थता, आफूबाट भागेको तरललाई बटुल्न नसकी जिल्लिएको, मैदान बीचको एकलासे रूख आफ्नै हाँगाबाट उडिसकेको बकुलालाई पछ्याउन नसकी टोल्लाएको, नितान्त एक्लो कस्तो नांगो वास्तविकता जसलाई आफूभित्र छोप्ने, लुकाउने कुनै साधन छैन ।

"जमेर बस्नुभएछ सुयोगजी, बोल्नुहुन्न नि ।" शिवराजको यही वाक्यले मलाई झस्कायो । मरनच्याँसे हाँसो हाँस्दै बरीको जस्तो ओठ लिएको शिवराजलाई मैले हेरिरहें, आफूभित्रको उदांगोपनलाई सक्दो छोप्न खोजें । ऊ भन्दै थियो "प्लेनको टिकट पाइएन, बाइरोडको टिकट लिएर आएको छु ।" सन्तोष लाग्यो शिवराजले मेरो अनुहारको भावको लख काटेन । ऊ त्यस्तो ठस्याउने मानिस पनि होइन ।

स्थितिदेखि फुत्कन खोज्दै मैले भनें "त्यहाँ चुरुट पाइन्न र ?"

सिलसिलामा मिल्ने प्रश्न नभए तापनि शिवराजले भन्यो "पाउँदो हो, नपाइए गाह्रै पर्ला भनेर ।"

त्यसपछि बरीको जानको कारणहरू उसले बताएन र चाँडै बारबाट निस्क्यो । अन्तिम ग्राहक बनेर म पनि निस्कें निराश्रित, मेरा छयालीस वर्षका निख्लाम हुर्केका दिनहरूमा पहिलो पटक स्वास्नीमान्छेको निम्ति विवशता अनुभव गर्दै ।

क्रमशः चिसो हुन लागेको रात, स्याँठले निकै हान्थ्यो । रित्तिसकेको सडकै सडक आफूलाई घिसार्दै रत्नपार्कसम्म आइपुगें । सम्झन थालें यही मुटुले कति स्वास्नीमान्छेलाई स्वागत गरेको छु, बिदाइ गरिदिएको छु, कति स्वास्नीमान्छेलाई काखमा उठाएर फेरि तिरस्कार गरिदिएको छु, तर स्वास्नीमान्छे आफूदेखि टाढा हुँदा रित्तो र एक्लो अनुभव गरेको छैनँ । बरीसँग अब त्यो घरमा महिना दिनको निम्ति भेट हुँदैन, यत्ति न हो मेरो समस्या, फेरि मलाई यो छट्पटी किन ? कुन आशक्तिको सम्बन्ध राखेको छु मैले बरीसँग ? के चाहन्छु म बरीदेखि ? को हो बरी मेरो ? बरीको नहुनुमा किन मभित्रको लोग्नेमान्छे यसरी विचलित हुन्छ ? तिमीप्रति मेरो यो यौनको भोक होइन, बरी, किनभने त्यो पनि राम्रैसँग अनुभव छ मलाई किन कि तिमीलाई नांगो हेर्न म झस्केको छु । तिम्रो गर्धन र छातीको रहर यो होइन, बरी किनभने अँध्यारोमा एक्ली तिमीलाई कति चोटि पाएको छु, म जे पनि गर्न सक्थें । तिम्रो मुखबाट आएको सुकुमेलको बास र तिम्रो शरीर छोएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएको हांवाबाट नै मैले आफूलाई सन्तुष्ट बनाएको छु यसैले कि तिमीप्रति मेरो यौनको तीव्र भोक छैन । तिमीलाई देख्दाखेरिको मेरो रहर रहर मात्रै हो, एउटा लोग्नेमान्छेको विवश रहर । म निष्कर्षमा पुग्न सकेको छैनँ । लाग्यो कुन अचेतनमा स्याहारेंछु मैले बरीको नफस्टाएको कोरा भावनाजस्तो जीवनलाई, एउटा लामो कार्टुन शरीरलाई ।

कति बेर रत्नपार्कको चिसो चौतारीमा उद्देश्यहीन आफैंलाई पर्खाएर म विस्तारै डेरातर्फ फर्कें । मस्तिष्कभरि विवशता बोकेर हिंडेको मेरो निर्धो शरीरलाई मेरै खुट्टाहरूले जिस्क्याउँदै लगिरहे । डेरा पुगेर फेरि रक्सी थपें, भात खाइनँ । पहिलो पल्ट निन्याउरो मुख लाएर म खाटमा पल्टिरहें ।

सम्झें, बरी भोलि जाँदैछ, तर फर्कन्छे । यहाँ पुगेर पनि मेरो छट्पटीले आड पाउन सकेन । कता कता आफैंमा फाटिएर आफैंसित गुनासो गरें, कहीं प्रेम जस्तो निकृष्ट र निरर्थक सत्यमाथि म बलि जान लागेको त होइनँ ? कहीं यही कमलो र कलिलो भावनाको शिकार हुन लागेको त होइन मेरो यो बूढो शरीर, मेरो खरो जीवन, जस्मामा मेरो निस्सार जीवन ? यदि हो भने यो नांगो उपहासलाई मैले कसरी सहने ? यो कटु व्यंग्यलाई मैले काँधमा कसरी थाप्ने ?

निद्रा र अनिंदो अवस्थाको माझमा झुन्डिएर त्यो रात म सुतेको पनि होइनँ नसुतेको पनि होइनँ । रातभरि मलाई चुरुटको धूवाँको मुस्लोले ऐठन पारिरह्यो, सपना-जस्तो ठाउँमा । कति पल्ट घाँटीमा फन्को मारेको धूवाँ मुस्लोले ऐठन पारिरह्यो, कति पल्ट धूवाँमा निस्सासिएर म बाहिर आउन खोजें । रातभरि मलाई सुनौली टाउकोले तर्साइरह्यो, निकोटिनले पहेंलिएका औंलाहरूले घाँटीमा मुसार्न आइरहे । सक्दो मैले आफैंलाई उम्काउन खोजें तर रातभरि पाँच फूट तीन इन्चकी एउटी मुडुली स्वास्नीमान्छे मसँगै बसिरही । तिर्खाले व्याप्त भएर पानी पिउन उठ्दा मलाई आफैंप्रति दया लागिरहेको थियो ।

रातको शून्यतालाई चिर्दै हिस्टरिकजस्तो मलाई चिच्याउन मन लाग्यो 'बरी ! तिमीसँग त मेरो प्रेम भएछ क्या र' तर यो उपहासको बोझ बोक्न नसकी म पिरोलिन थालें । अष्ठचारोमा निस्केको पिलोजस्तो, म कहाँ लगेर देखाऊँ यस विवशतालाई ? चुरुट तानेर रात काट्ने बहाना गर्न खोजिरहें र सम्झिरहें कति हीन म साथै कति निर्धो जापानको गोलीबाट बचेर आएको म यही दिनको उपहास सहनलाई होला । मैले आफैंलाई निस्सार तुल्याई सँगालेको जीवन यही विवशतामा पिल्सनलाई होला । कति घिनलाग्दो सत्य सजिलै अस्वीकार गर्न नसकिने !

रिमरिम उज्यालो हुँदा म राता आँखाहरूलाई सजीव केही नभएको जस्तो बनाउन झ्यालको चिसो हावा थापेर बसिरहें । अनिंदोले कपाल दुखेको थियो, रक्सीको गर्मीले पेट र छातीको उकुसमुकुस हराएको थिएन । पातलो तुवाँलोले एक पत्र छोपेको आकाश उज्यालिन लागेको थियो । खरानी रंगमा भरखर जाग्न थालेको काठमाण्डू कति विरक्त-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाग्दो देखिन्थ्यो । यन्त्रचालितजस्तै म मुखसुख धोएर आफ्नो नयाँ सुटमा निस्कें त्यही सुट जुन बरीको जन्मदिवसमा एक पल्ट लगाएको थिएँ । बरीलाई पुऱ्याउन जाने मेरो आवश्यकता थिएन, शिवराजले मलाई बोलाएको पनि होइन, म त्यसै भौंतारिएर बस छुट्ने ठाउँको अलिक पर गएर रोकिएँ केवल ऊ बस चढेर गएको हेर्न । बिरानो टोलमा पस्न हच्काएको निर्धो लुते कुकुरजस्तो आँट र भर नपुगेर टाढा बसिरहें, कसैले देख्ला भन्ने डर खपेर ।

ऊ आई, हातमा यौटा ब्याग झुन्डाएर, शिव आयो अलिक ठूलो एअर-ब्याग बोकेर । एउटी काम गर्ने स्वास्नीमान्छे र ऊ बस चढिसकेपछि झ्यालबाट ऊ निकै बेर शिवराजसँग कुरा गरिरही । मलाई जीवनमा पहिलो पल्ट एउटा लोग्नेमान्छे ईर्ष्या भइरह्यो । बसले एक मोड खाएर ओझेल भइसकेपछि काठमाण्डू मात्र होइन मलाई मेरो संसार शून्य लाग्यो, बिरानु लाग्यो । लाज पचाउँदै आफैभित्र तर्सिंदै मैले मनभित्र दोहोऱ्याएँ 'मेरी सकमबरी, म तिमीलाई प्रेम गर्छु ।'

फर्कंदा मेरो प्रत्येक पाइलाले मलाई व्यंग्य गरिरहेको थियो, प्रत्येक परिचित मोडले, प्रत्येक परिचित पसलले र प्रत्येक अभ्यस्त अँध्यारा गल्लीहरूले मलाई गिज्याइ-रहेका थिए । भुसिया कुकुरहरू मलाई हेरेर एक तमासले गइरहेका थिए, म प्रत्येक थोत्रा ट्रकको अघि पनि हीनता अनुभव गरिरहेको थिएँ । नयाँसडकको मुखमा बस पर्खिरहेका बैंसालुको एक जोडादेखि छिटो आँखा बचाएर भागें ।

प्रेम मेरो निस्ति व्यंग्य भएर उभिएको थियो । मनभित्र बरीको प्रेमलाई लुकाएर शायद बाँकी जीवन यस्तै हीन बनेर बिताउनुछ । बूढो लाहुरेले खल्तीमा सजाएको रुमाल-जस्तो, बूढो रूखमा बेमौका टुसाएको मुनाजस्तो, बैंस गइसकेपछि नाकको डँडाल्नीमा आएको डण्डीफोरजस्तो बरी मेरो मुटुमाझ निर्धक्क पल्टिदिई । यो त भयो मेरो व्यंग्य, यस विडम्बनालाई म हाँसी हाँसी सहिदिन सक्थें । (लौ मानें, मैले प्रेम गर्न थालेछु, एउटी मभन्दा बाइस वर्ष सानी ठिटीलाई, एउटा निस्सार बितिरहेकी स्वास्नीमान्छेलाई, के भो त ? प्रेम अन्धो छ को नातामा म भन्न जाउँला रे 'बरी म तिमीलाई प्रेम गर्छु' भन्न, प्रेम जसको बीचमा पनि त हुन सक्छ, तर मेरी सकमबरी, यो बूढो रक्स्याहा सिपाहीलाई के भनेर तिमी आफ्नो छातीमा स्थान दिइरहौली र ? तिमीले बूढो भनेर मानिसको बूढो हाडमा तिमी पल्झाइसकिछौ, अब के भनेर मेरो बूढो प्रेमको प्रतिक्रिया दिएर तिमी आफ्नो कपाल दुखाइरहौली ? कुनै पनि दिन यो सस्तो परिभाषा लिएर तिम्रो सामु म आफ्नो सत्य अभिव्यक्ति ओकल्न आउँला, तिमीले अवश्य मलाई गतिलो झापट हान्नेछौ, मेरो मुखभरि थुक्नेछौ । प्रेम नहुँदा पनि मेरा निमित्त निस्सार नै थियो र अब भएपछि पनि रिस्सार । के मूल्य मेरो ? के मूल्य मेरो प्रेमको ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बरीको अनुपस्थितिमा पनि म त्यो घरमा गइरहें कुन्नि त्यहाँ जानमा म के सन्तुष्ट पाउँथें ? चुरुटको मात्रा मेरो बढेको थियो, चुरुट लगातार तानिरहनुमा म अकैं संतुष्टि पाउँथें ।

इन्सेक्ट-किलर सुनगाभाका फूलहरू हातहरूले छोएर पनि म एउटा सन्तुष्टि लिन्थें । यति थिए मेरो सन्तुष्ट हुनुको सीमा तथा साधन । संतुष्टि मैले खोजेर लिन पर्थ्यो, बाँच्ने बहाना गर्नुपर्थ्यो, नत्र मभित्रको अव्यक्त असन्तोषले मलाई एकनास खाई नै रहेको थियो । कति विवश म , आफैंले एउटा घेराको सृजना गरी त्यसैमा रंगमंगिएर, भूलेर हिंडिरहन पर्ने । कहिले काहीं त शिवराजलाई हेरेर पनि म चित्त बुझाउँथें शिवराजसँग बरीको र शिवराजसँग मेरो पनि घनिष्ठता छ, अनि लाग्थ्यो त्यसै ।

महीना दिनपछि ऊ आई, केही अझ दुब्लाएर । त्यही साँझ मैले उसलाई हेरें । एउटा घेराभित्र थुनिएको, एउटा सीमादेखि उता जान असमर्थ, मेरो उसलाई भन्नु केही थिएन । उसले मलाई एक दिन भनी– सुयोगजी दुब्लाउनुभएछ, र मैले स्वीकार गरें । मधेशबाट फर्केर आएपछि उसले केश छोटचाइन; कान छोप्ने गरी, घिन्नो छोप्ने गरी पल्लाएको थियो उसको केश । मलाई स्वास्नीमान्छेको लामो केश भएको मन पर्थ्यो यसैले मैले उसलाई एक दिन भनें 'बरी, तिमीलाई केश पालेको कति सुहाएको छ, अब त पाल्ने गर है ।' त्यसको तीन दिनपछि जाँदा एक इन्चको हिसाबले केश छाँटेर ऊ बसिरहेकी थिई, हरद्वारमा केश फालेर आएकी विधवाजस्ती, भरखर मुडुलाएर छोडेकी बौलाहीजस्ती भएर । उप्रान्त मैले केही भन्ने साहस गरिनँ, मलाई चोट लाग्यो, उसदेखि विरक्त लाग्यो, तर यी मूल्यहीन चोट र विरक्तिले मलाई उसको मोहदेखि टाढा लगेन । सम्झें, कति विपरीत गएको छ ऊ मदेखि, उसको बाटो पहिलाएर म कहाँ सक्छु र । मेरो उल्टो दिशातिर हिंडिरहेकी हुन्छे ऊ जहिले पनि । एउटा नदीको जहिले पनि म उँभो लागेको छु र ऊ सलसल्ती विपरीत बगेर गएकी छ, त्यस भंगालोलाई फर्काएर एक पल्ट मेरो आफ्नो बाटोतर्फ बगाउनु अनि त्यसको पछि केही कुरा नसम्झे हुन्छ, त्यसैले यो मेरो कथा अति दयालाग्दो र अति हीन ।

प्रेम निस्सार मानिसहरूसँग निस्सार प्रेमसँग सधैं हातेमालो गरेर हिंडेका छन् । प्रेमको अस्तित्व रहेको छ निस्सारतामा र म पनि एउटा निस्सार प्रेमलाई छातीमा च्यापेर हिंडिरहेको छु । प्रमाणित गरिरहेको छु आफैंलाई, दुःखको गोरेटोमा जीवनलाई बोकेर हिंड्न पर्छ, भोगेर हिंड्न पर्छ । कति कठिन छ यो जीवनसंग पार पाउनु, सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रित्याएर हराएर पनि बाँचिन्छ, केही नपाउनलाई बाँचिन्छ । यसरी प्रशस्त विचारहरू खेलाएर डुलिरहें काठमाण्डूका सडक, गल्ली, होटेल र बारहरूमा । पोखिने मेरो कुनै साधन थिएन, ठाउँ थिएन । मेरो छातीमा प्रेम एउटा गतिलो खाडल खनेर बसिसकेको थियो । दुब्लाउनु के थियो अझ बूढो देखिइनु थियो । उमेरले बूढो बनाएको मानिस, छालाले बूढो बनाएको मानिस, पीरले खुम्च्याएको अभिव्यक्ति, मलाई के ? सहर्ष स्वीकार गर्दै जाँदै थिएँ नांगो वास्तविकतालाई र सान्त्वना दिन्थें आफैंलाई यस्तै हो नि मान्छेको प्रारब्ध भनी ।

हिउँदमा कठ्यांग्रिएर दिनहरू बित्न लागेका थिए । तुषारो र कुहिरोले खेलेर उजाड बनाएको काठमाण्डू, बरीको फूलवारी, शिरीषका रूखहरू, दूबोको चौर, आश्रय पाउन धाएको कुकुरको जस्तो मेरो अस्तित्वलाई लिएर पृथ्वी घुम्दै थियो नियमबद्ध ।

माघको बीच महीना हुँदो सानु पोइल गई । शिवराजले केही दिन बेइज्जतीको अनुभव गरे । मुजुराले र आमा चाहिंले सम्झौता गर्ने प्रस्ताव राखे । मुजुराको भन्नु थियो एका अर्का रुचाएर गएदेखि कसको के लाग्छ र ? उनीहरू जीवन बनाएर बस्न सकिहाल्छन् नि । सानु कुनै खराब चालचलन भएकी केटी होइन । शिवराजले बरीलाई सोझा बरीले यति नै भनी रे "मातिएकी ठिटी, कत्रो हतार परेको बिहे गर्नलाई ।" त्यसपछि उसले कहिले सानुको नाउँ लिइन, सानुलाई हेर्ने इच्छा प्रकट गरिन एक किसिमले चटवकै बिसिदिई, फेरि समागम भई आफैंमा ।

यी सबै अव्यक्त भएर मैले सहिरहेको थिएँ, हेरिरहेको थिएँ । कोरा आदर्श र कोरा भावनामा मेरो जीवन पलापिन असम्भव हुँदै गयो । जति चिन्दै गयो बरीलाई उति म फस्दै जान्थें, उति सम्मोहित हुँदै जान्थें, र उति उसप्रतिको मेरो रहर तीव्र हुँदै गयो । मेरो रित्तो मस्तिष्कमा एउटै शब्द वारपार खेलिरहन्थ्यो त्यो हो सकमबरी । जति टाढा भगाउन चेष्टा गर्थें उति म उसको नजीक हुरुक्क भइरहेको पाउँथें । सधैंभरी एक तमासँग म उसलाई सम्झिरहन्थें, कत्रो व्यंग्य । ममा एउटा लोभको संचार भइसकेको थियो सिंगो बरीलाई पाउन । घाँटी, छाती र टाउको नभएको बरीलाई होइन र यी नभएर विरोध मात्र ओगटेको उसको आत्मालाई होइन । उसप्रतिको शारीरिक रहर सँगसँगै उसलाई पनि, जम्मामा बरीलाई एउटी ठोस सकमबरीलाई सम्पूर्ण उसदेखि कुनै उसको मानसिकता नछट्याएर, उसदेखि कुनै उसको आशक्ति नछुट्याएर । म अँगाल्न चाहन्थें बरीलाई सम्पूर्ण उसलाई आफूभित्र, र समावेश गराउन चाहन्थें आफैंमा ।

नश्वरतामाथि आफैंलाई अड्न दिन सकिनँ । तिम्रो नश्वर शरीर मलाई चाहिंदैन तिम्रो आत्मालाई साँचो माया गरेको छु भनी मैले मलाई भ्रममा राख्न सकिनँ । यो ढोंग र असत्य भावनाको आधारमा मैले आफूलाई सन्तुष्ट बनाउन सकिनँ । मानिस अज्ञानी हुनु नै सुखी हुनु हो । मलाई सिंगो ऊ र सम्पूर्ण ऊ चाहिएको थियो । शिवसँग यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पीर पोख्नु आत्महत्या गर्नुबराबर थियो। मैले राम्रोसँग अध्ययन गरिसकेको थिएँ मुजुरा हो भने कुन्नि तर सकमबरीलाई एउटा बूढो रक्स्याहाको हात छोड्नु शिवको निम्ति पनि आत्महत्या गर्नु थियो। कुनै पनि अवस्थामा बरीलाई उसले मेरो अधि बलि दिंदैन। अब पनि काठमाण्डूबाट भागिनँ भने मेरो बहुलाउनु निश्चित थियो। भाग्ने कुरा सम्झ्यो कि झन् नरमाइलो लाग्थ्यो। प्राप्तिदेखि टाढा अनकन्टारमा अंधाधुंध आफूलाई निर्वासित गरिदिएर कसरी बाँच्ने; अनि म निस्सासिएर आउँथें ।

कहिले लाग्थ्यो सम्पूर्ण आफूलाई पखालेर, पगालेर मन र मस्तिष्क जम्मै उदांगो देखाएर यदि नयाँ जीवन शुरू हुने सम्भावनाको अस्तित्व कहीं भए मैले पनि बरीसँग जीवन दान मागे हुँदैन ? आफ्नो दुःख बिर्साएर, अतीत बिर्साएर, अपराध बिर्साएर मैले एक पल्ट आफैंलाई कसीमा राखेर हेर्नुपर्ने हो। हुन सक्छ ऊ मलाई तिरस्कार गर्छे, घृणा गर्छे र शक्तिले पुगे मार्न बेर लाउँदिन, एउटा सत्य त खोलिन्छ। यति त थाहा पाउनेछ उसले, कसरी सुयोगवीर सिंहले सारा जीवनको अनुभूतिहरूलाई निरर्थक आफूबाट चिप्लन दिएर, खोक्रो बाँचेर, रित्तो बाँचेर, आफ्नो छयालीस वर्षको उमेरमा सारा मन उदांगो पारी एउटी चौबीस वर्षकी ठिटोसँग सत्य प्रेमको प्रतिक्रिया मागेको थियो। यति त थाहा पाउने छ उसले, मैले उसलाई कस्तो दयनीय अवस्थामा प्रेम गरिरहेको छु। केही हुलुंगो त हुनेछु म, केही सुखी त हुनेछु। चिच्याउन मन लाग्थ्यो 'मेरी चोखी सकमबरी मलाई पनि चोखिन त देऊ, बाँच्न त देऊ।' यति विचार गरें, बाटो खोजें भनेर साध्य छैन तर म व्यक्त हुन सकिनँ। एउटा व्यथा बोकेर म बाँचिरहें। रक्सीसँग पिउँथे उसलाई फेरि रक्सीको छोडाइसँगै तर लगाइराख्थें। संझन्थें म कहाँबाट कहाँ आइपुगें। दँजाएर हेर्थें आपना अनुभूतिहरूलाई र निष्कर्षमा पुग्न चाहन्थें, मेरो बाँच्नुको कुनै मूल्य छ कि छैन? कसरी मूल्यहीन गुज्रेर गएका छन् म माथिबाट युगका पांग्राहरू र कति निकृष्ट हुर्केको छु म। एक दुई तीन गर्दै पल्टन्छ पुरानु इतिहास र यसैमा म आफ्नो मूल्य खोज्थें र सम्झन्थें कसले मलाई के मूल्य दिन सक्छ ? को महत्त्व दिन सक्छ? मेरो कुन स्थान छ यस युगमा ? मलाई भनेर बाँच्नको कुन सान्त्वना छुट्याइएको होला ? के न्याय दिन्छ मलाई सभ्यता र प्रगतिले ? के पुरस्कार दिन्छ मलाई मानवताले ? कुन हो मेरो आश्रय ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटी क्षीण ठिटीको अनुहार मेरो अघि उत्रन्छ र आँखा तरेर जान्छ । बलिया बलिया हात-खुट्टा, गहुँगोरो रोगन, कुनै चेतनशीलता नलुकाएका सफा आँखाहरू, लट्टा परेको केश, महोगनीको रूखको आडमा शिकार गर्न बसेकी, म सम्झँदै जान्छु । मध्यरात भएको होला, क्यामोफ्लेज भएर बसेको सैनिक बहादुरको उपस्थिति थाहा नपाई खोलाको कुलुलु स्वरसँगै बहलिएर ऊ बसेकी छ । जूनको रंगमा पहेंलिएकी, जंगली फूलको बाससँग अभिव्यक्त भएकी, यदि कसैलाई स्वर्गालु भन्न सके ऊ त्यही हो । अज्ञान, निरपराध, अस्तित्व-को कीराले कतैबाट नखाएकी सग्ली उसलाई हेरेर मात्र बस्न सकिन्न । के थाहा उसलाई बिचरी, आज मानिस कहाँ पुगेको छैन ? कसरी यो आधारातातिर अभेदको जंगलमा पनि ऊ एक्ली छैन ? यो गोर्खा रेजिमेण्ट बसेको जिल्ला हो, यहाँ भरे-भोलि जापानीहरू आइपुग्न सक्छन्, बम खस्न सक्छ, कति सिपाहीहरू लुकेर बसेका छन् पोथ्रा पोथ्रीतिर मार्न कि मर्न भनी, तर उसलाई यसले कति विचलित पार्दैन । शिकार भेटाएदेखि काँचै खान्छे ऊ आधा त । मान्छेको टाउको काटेर पूजा गर्नेहरूको सन्तान ऊ एउटी स्वास्नीमान्छे नांगा पाखुराहरूलाई जूनमा टल्काएर केन्द्रित भएकी छ । जति उसलाई हेर्दै जान्छु, मलाई क्यामोफ्लेजको बन्धनले घाँटी निसोठ्न थाल्छ, युद्धले पिरोल्छ, विरोध गर्दै झ्याङबाट फुत्कन मन लाग्छ, मेरो क्षणिक अस्तित्वमाथि मलाई मोह भएर आउँछ, मलाई त्यो स्थिति लुट्न मन लाग्छ । म मनमनै भन्न थाल्छु, ए छीनकी सुकुमारी छोरी ! मेरो मात्र होइन यहाँ तिम्रो जीवनको पनि अस्तित्व छैन मेरो मात्र होइन तिम्रो मृत्युको पनि अर्थ छैन । यो युद्धको घनघोर क्षेत्रभित्र हामी दुइटैको मूल्य छैन । तिमी र ममा के दुश्मनी छ र ? तिमी के पाउँछ्यौ अनि म के पाउँछु र यो युद्ध जितेर होस् वा हारेर ?

हिजो मात्र तिम्रो हेडहन्टर बाबुको निस्तोमा तिमीले मान्द्रोमा पस्केको भात र ठाउँ ठाउँमा सजाएको अर्नाको फिला तिम्रो कुकुर र म साथै बसेर खाएका हौं । घ्याम्पोभरि रक्सी खुवाएर कस्तरी तिमी खुशी भएकी थियौ । तिमी नै त हौ बाहिर आएपछि पनि अर्नाको सिंगभरि रक्सी बोकेर मतिर झम्टिने, तिम्रा पाखुराहरूको मैले विरोध नै गर्न सकिनँ घट्घटी पिइदिएँ । शायद मेरो खाँदिएको बलिष्ट शरीर देखेर तिमी मोहित भएकी थियौ, त्यसैले आफ्ना हेडहन्टरबाबुलाई के के भन्दै मलाई देखाइरहेकी थियौ । कति सरलता थियो तिमीमा, हामी यतिका गोरा काला पाहुनाहरूको माझ पनि तिम्रा जम्मै देखाएर हिँडिरहेकी थियौ । तिम्रा आँखाहरूमा कति कमला भावनाहरू पढ्न पाइन्थ्यो, तर हामी सिपाहीको जात, हामीलाई के वास्ता र हगि ? तिमीलाई देख्दा मलाई हाम्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहाडको किरात स्वास्नीमान्छेहरूको सम्झना आएको थियो, तर तिम्रो बाबु र उनीहरूको बाबुमा धेरै फरक छ ।

शायद यही नै हाम्रो संस्मरणको अन्तिम अध्याय हुन सक्छ, हामी भोलि मर्न पनि त सक्छौं, के ठेकान ? तिम्रो सिकुवामा जमघट भएर नाच्दा साँच्चै मैले सबै भुलें, हामीतिर लम्किरहेको मृत्यु पनि, बर्माको सीमान्तमा अघिल्लो मोर्चामा परेको मेरो अस्तित्व पनि । हाम्रा कर्णेल नाच्दा तिमी किन त्यस्तरी हाँसेकी, तिमी पनि हाँस्न जान्दछ्यौ ? तिमीमा पनि जीवनका सपनाहरू संचार हुन्छन् ? तिमी पनि शिरमा फूल सिउरेर संग्लो कुलोमा आफ्नो अनुहार हेर्दै मुस्कान भर्न सक्छ्यौ ? तिमी पनि बँसको ढुक्ढुकी अनुभव गछ्यौ ? तिमी नाच्दिरहिछौ, म पनि त तिम्रो बगलमा नै नाचिरहेको थिएँ । ननाचे त तिम्रो बाबुले टाउको काट्ला भन्ने डर । तिम्रो बाबुका अंगरक्षकहरू भाला लिएर वसिरहेका थिए ।

तिम्रो घरको वातावरणको माध्यमबाट, तिम्रो माध्यमबाट मैले जीवनका सबै दिनहरू बिसँदै थिएँ । यसरी नै असार महीनाभरि खेतको आली-आली नाच्छन् तिमी-जस्तै हाम्रो किराँतका छोरीहरू, कबराको फूलजस्ता पहेंला गालाहरू थर्क्याउँछन् । यसरी जीवनको तीक्ष्णताबाट आफूलाई सधैं अलग राख्न सके तिमी र मलाई सुखको परिभाषा कसले दिन पर्थ्यो र । जे होस् तिमीले बिर्साएकी हौ मलाई । बिस्तारै मलाई एउटा सहिनसक्नु विरक्तिले छोप्छ, सम्झन्छु म चितुवा झ्याङबाट बुर्लुक्क उफ्रिन तयार । म आफैंलाई धेरै नियन्त्रणमा राख्न सक्तिनँ, म क्यामोपलेजमा बाँधिइन्नँ र झ्याङबाट बाहिर निस्कन्छु । जूनमा टलक्क टल्केको मेरो कमरपेटी देखेर ऊ झस्कन्छे र आफ्नो तीर सोझ्याएर मलाई हेर्छे । मेरो संगीन र बन्दुक देखेपछि उसले आफ्नो तीर थन्क्याउँछे । म उसको अधि पुग्छु, रात, सन्नाटा, ऊ र म, मलाई मिठो सपनाजस्तै लाग्छ त्यो क्षण । म आफ्नो भाषामा उसलाई फकाउन थाल्छु, रानी भन्छु, सुकुमारी भन्छु, आफ्ना सबै प्रयोगहरू गर्छु तर उसको असभ्य मन कत्ति पनि राजी हुँदैन । ऊ मलाई बुझ्दै नबुझी बसिरहन्छे । क्रमशः मलाई दिक्क लाग्दै आउँछ । हामी मर्दैछौं र यो एक रात मलाई देऊ भनी याचना गर्छु, ऊ नटेरेर उठ्न खोज्छे ।

म उसलाई अँगाल्न झम्टन्छु, ऊ विरोध गर्दै घचेट्छे । म उसलाई अँठ्याउन असमर्थ हुन्छु, मलाई पछारेर ऊ जान्छे तर म परास्त हुन्नँ । जे होस् म लोग्नेमान्छे मलाई रिस उठ्छ यौटी असभ्य केटीको फूर्ति देखेर । लगत्तै उठ्छु, पछिबाट उसको छरिएको चुल्ठो समातेर उसको कमलो ओठमा मुक्का हान्छु । ओठमा एक धर्सो रगत बग्छ, तर ऊ हेड हन्टरकी छोरी बल दँजाउन हिच्किचाउँदिन । ऊ मेरो डर मान्दिन, आँखा सक्दो फुलाएर मलाई चुनौती दिन्छे । म मात्तिइन्छु, असह्य हुन्छ अनि म राइफलको बटले टाउकोमा हिर्काएर उसलाई बेहोश बनाउँछु । ऊ झ्याङमाथि सर्लम्म ढल्छे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी ऊ मेरो हुन्छे, सम्पूर्ण मेरो। यो अनकन्टारमा को छ र ? कसले देख्छ र ? जसरी खेले पनि हुन्छ यो जीउँदो लाशसित। सम्झन्छु,ए सुकुमारी तिमी र ममा कुनै दुश्मनी छैन। म जापानको हातमा मर्छु त्यो पनि मर्नु नै हो, तिमी तिम्रो बस्तीसँगै एक चिहान हुन्छ्यौ त्यो पनि मर्नु नै हो। हाम्रो मृत्युमा कुनै विशेषता छैन, तिमी मर मेरो हातबाट त्यो पनि तिम्रो मर्नु नै हो। मृत्युलाई होइन आऊ जीवनलाई एक पल्ट अर्थपूर्ण सिद्धि गरिदिऊँ। उसलाई म खेलाउन थाल्छु। एउटी नांगी स्वास्नीमान्छेको शरीरसँग रातभरि द्वन्द्व गरेर बस्छु। उसको प्रत्येक अंगसँग खेल्छु, प्रत्येक सुख भोग्छु। पशु भए सन्तुष्ट भइसक्थ्यो तर मेरो मान्छे वृत्ति सन्तुष्ट हुँदैन। तुम्बीको पानी खुवाएर उसलाई होशमा ल्याउन खोज्छु तर संगीन र मान्छेको उन्माद लछारपछार भएकी ऊ चल्मलाउँदिन। धेरै बेरपछि पनि उसको शरीरलाई सम्पूर्ण खेलाएँ जस्तो मलाई लाग्दैन। उसको नांगो छाती आपना बर्बर हातहरूले चिथोरेर रक्ताम्मे पारिदिन्छु। क्रमशः उसको ओठ, गाला र गर्धन टोकेर रक्ताम्मे पारिदिन्छु। आकाशमा ताराहरू एक एक गर्दै लुक्दै जान्छन्। अन्तरिक्ष खैरो रंगले पोतिन्छ। म थाक्छु र उसको निर्जीव शरीर झ्याङभित्र लुकाएर हेर्छु। ऊ निर्विरोध टोह्लाएकी हुन्छे, हेडहन्टरकी छोरी मानौं ऊ सम्झिरहेकी छ कस्तो अनिश्चित यो जीवन ! कस्तो सस्तो यो मृत्यु ! फिलामा, पेटमा, छातीमा नीला दागहरू स्पष्ट देखा परिरहेका हुन्छन्।

यस्तै थियो उसको अन्त, हेडहन्टरकी छोरीको अन्त, हिटलरको महत्त्वाकांक्षामा गाभिएको एउटा अन्त, ब्रिटिशहरूको साम्राज्यवादको बेदीमा बलि गएको एउटा अन्त, एउटा निरपराध अन्त। सम्झँदै उसलाई रित्याएर आफूलाई रित्याएर म फर्कन्छु। केही होइन यो मैले जीवनलाई अर्थपूर्ण सिद्ध गराएको हो। छीन ठिटीको अनुहारबाट फुत्केर एउटा सुनौलो टाउको भाग्छ, म विचलित भएर हेर्छु र दोहोऱ्याउँछु मेरी सकमबरी तिमीमा आएर आश्रय खोज्छ मेरो जीवनले, यस्तरी नभाग। आऊ ! म तिमीलाई बलात्कार गर्न सक्तिनँ।

१ हेड हन्टरकी छोरी
२ मैसी गोठाल्नी - कचिन
३. माटिन्नी.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माखारिंगको रमाइलो कचौन बस्तीदेखि छर्लंग देखिने वन पाखा, काँडे गुलाफमा फलेको भैंसी गोठाल्नी कचौन, एउटा स्मृतिको पाना पर्लक्क पल्टेर उदांगो हुन्छ । साँच्च उसको गालामा सधैं गुलाफ फुलेको हुन्छ, ओठमा गुलाफ फुलेको हुन्छ । १९४१ को मे महीना, गुलाफको ऋतु, क्याम्पको अलि पर पाखामा म डुलिरहेको हुन्छु जमदारी बिल्ला जडेको फराकिलो कुम र कुखुरे छाती लिएर । बिदाको दिन, कचौन रक्सी चुरुमा आफनै सबै नसाहरू भिजाएर भाग्छु । क्याम्पभित्र खालि लोग्नेमान्छेको संगति झर्को लाग्दो हुन्छ । नाक मुख मिलेको कलिलो अनुहार भएको रंगरुट देख्दा नसा तातिएर आउँछ र जिस्क्याउन मन लाग्छ । सम्झन्छु यो मेरो दोष होइन । नैतिक नियमिततामा चलिरहेको संसार चलाउन खोजिरहेको संसारमा लोग्नेमान्छे स्वास्नीमान्छेको बीच एउटा पर्दा रहेको छ भन्ने सत्य हामीले भुलिसकेका छौं । स्वास्नीमान्छे नपाएर समयौनिक सम्बन्धबाट सन्तुष्ट हुन जानिसकेका सिपाहीहरूको जातले मानवीय सभ्यतादेखि छुट्टै एउटा भ्रममा आफनो प्रवृत्तिलाई बानी पारिसकेको भए यसमा उसको के दोष ? कति दयनीय अवस्था छ हाम्रो । लोग्नेमान्छेले लोग्नेमान्छेबाट तृप्ति पाउन सक्तैन अनि भाग्न मन लाग्छ चुरूमा डुबाएर अभिलाषाहरूलाई ।

'के छ यार शिकार पाएन जस्तो छ नि' एउटा साथी कान कानसम्म हाँसेर जान्छ । 'शिकारको के दुःख यार' भन्दै म एउटा गुलाफको कोपिलालाई ओठमा जोरेर राख्छु, हत्केलाभित्र रगड्छु अनि बूटले कुल्चिदिन्छु । मेरो मुठ्ठीबाट फुस्कन्छन् रमका केही टचाब्लेटहरू र एउटा लय हाः हाः रेलीमाई छङ छङ गर्ने खोला । भैंसी गोठाल्नी नजीकैबाट गइरहेकी छ आफूलाई एउटा सिंगो गुलाफमा फुलाएर । पहेंलो गुलाफजस्तो अनुहारमा रातो गुलाफको ओठ । थेप्चो नाक, चिम्सा आँखाहरू चुरु पोखेर लोभ्याइरहेकी छ एउटा विदेशीलाई । म सुसेल्दै उसलाई साउती गर्छु । ऊ तर्केर जान्छे । म उसैको भाषामा बोलाइदिन्छु "मेरी मायालु कति निर्दयी तिमी ।" म उसको पछि पछि जान्छु । एउटा सिपाहीले उसलाई पछ्याइरहेको छ, बोलाइरहेको छ । नजीक पुगेर म उसको पाखुरा समाउँछु, केही चाँदीका दामहरू हत्केलामा राखेर देखाउँछु, आँलामा टल्किरहेको बर्मीज रुबीको आँठी देखाउँछु । उसले तिरस्कार गरेर हेरिदिन्छे । र भन्न खोज्छे शायद 'यी सबैको आवश्यकता छैन मलाई, दया गर्न सिक ।' म उसको गाला सुमसुम्याउँदै उसलाई बुझाउँछु "मेरी मायालु, हामी मरिरहेकाहरूसँग आदर्शको पर्खाल किन राख्न पऱ्यो, आऊ, लुट्न देऊ, तिमी पनि लुट मलाई ।" बीन बजाएर लठ्ठाएको सर्पजस्तै ऊ मेरो भरमा एउटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घारीभित्र पस्छे। उसको अनुहारबाट क्रमशः गुलाफका पत्रदलहरू निमोठिएर झर्न थाल्छन। उसलाई म मनखुशी लुट्छु, ऊ निर्धो देखिन्छे। विस्तारै म आफ्नो ओंलाबाट रुबीको ओंठी झिकेर उसलाई लगाइदिन्छु ऊ विरोध पनि गर्दिन। यो दिन त्यो रात केही अन्तर छैन। सम्झन्छु हामी बमवर्षक विमानहरूको छत्रछायाँमा छौं, संगीनहरूको जंजीरभित्र, बमको धूवाँभित्र। हामी जीवनको उपभोग गरिरहेका छौं। विवश आँखाहरूले मलाई हेर्दै मानौं भनिरहेकी छ 'जिहे गरेर बसौं न गोर्खा, यो शरीर तिम्रै हो।" "मेरी मायालु" म उसलाई सान्त्वना दिएर फर्कन्छु। कछाडभरि आलो रगतको टाटो सह्याल्दै ऊ फेरि आपना हत्केला-हरू उठाउँछे र साना आँखाहरूको सांग्रा पीर दुई थोपा आँसु व्यर्थ पुस्छे। किन रोएकी होली ऊ ? के छ र यहाँ रुने रुवाउने सत्य ? कस्तो नसम्झेकी त्यत्री दामी ओंठी पाएर पनि ? मैले के गरें र उसलाई ? अझ गोराहरूलेजस्तो चक्कु प्रयोग गर्न परेन। मेरो सिलसिला यहीं टुंगिन्छ।

"के यार, यहाँ किन ?" अर्को अल्लारे देखा पर्छ। म उसलाई इशारालेघारीतिर देखाइदिन्छु। ऊ लम्कन्छ। आफैंलाई केही हलुंगो अनुभव गर्छु। क्रमशः रात पर्छ। रोलकल, रमकल, मादलको टाङटुङ एउटा विरक्ति अनि एकसुरे लय हाः हाः रेलीमाई छङ छङ गर्ने खोला, खोला रेलीमाई छङछङ गर्ने खोला। कृत्रिम छाती बनाएर मारुनीको ढाँचा झिक्न कमर मर्काउँदै एउटा साथी आउँछ। स्वर चर्किन्छ, मादल घन्किन्छ अनि म बिर्सदै जान्छु आफैंलाई। रमले रन्काएर जीउ लाटो भइसकेको हुन्छ।

बिहान एउटा साथीले सुनाउँछ "एउटी भैंसी गोठालनी कचीन रगतपच्छे भएर लडिरहेकी थिई, काली नीली भइसकेकी, पापीहरू। मर्ने गरी सास्ती दिन्छन्।" उस्तादले उर्दी सुनाउँछ। फष्ट सेभेन्थ गोर्खा राइफल्स बटालियन अर्डर कम्पनी १,२,३,४,५ लंग मार्च फ्रम माखरिङ, प्लाटुन कमाण्डर सुयोगवीर सिंह। म टल्केको बूटमा आफ्नो अनुहार हेर्न खोज्छु। बिदा माखरिङ माखरिङको वन पाखा। म मेरो साथीको कैफियतलाई महत्त्व दिन्नँ। संगीनले रोपेर रक्ताम्मे शरीर, ग्रेनेडले भुंडी पड्केर उछिट्टिएका आन्द्रा, बोसे आन्द्रा, लासमाथि लास गिद्ध उडाएर, स्याल रिङ्याएर, कोभन्दा को कम। के हो र मृत्यु ? खल्तीभरि हाराकिरी गरेर मर्नेका ओंलाहरू बोकेर, मुर्दाका ओंलाहरू बोकेर एउटा जापानी स्वदेश फर्किने क्षीण आशामा बाँचिरहेको छ, कति निस्सार ! म विचार गर्छु कस्ता यिनीहरू खल्तीका ओंलाहरूले तर्साउँदैनन् क्या र ? हामीले के लान् स्वदेशमा, लडाकुहरूका टाउका ?

एउटा रुबीभित्र अलमल परेको गुलाफ, बलात्कृत गुलाफसँग मिलेर जुर्मुराउँछ सुनौलो टाउको। कति विवश म, उसलाई छुन पनि सक्दिनँ, माया पोख्न पनि सक्दिनँ। कचीनको रगत आँसुलाई मूल्य दिन नसक्ने म अब जुनसुकै आँसुमा किन नरोऊँ, को मेरो पीर बुझ्न सक्छ र ? जे होस्, मलाई एउटा सानोतिनो आश्रय चाहिन्छ। रातविरात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई कराउन मन लाग्छ, मेरी सकमबरी ! जीवन त्यति निस्सार छैन होला । इन्सेक्ट किलर सुनगाभाको पातमा किन रमाइरहन्छ्यौ ? कपाल पालन बरी, कति सुहाउँछ, तिमीलाई चिनियाँ पत्थरको गहना मन पर्छ ? तिमी पनि पत्थर जस्तै छ्यौ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अंग्रेजी सोप्रानोजस्तो धूनसँग थकिंदै एउटा शालीन अनुहार देखा पर्छ, लुंगी र गन्जीमा कसिएकी बर्माको जंगलमा फुल्ने सुनगाभाजस्ती, मेरो मस्तिष्क दुखेर आउँछ। म छट्पटिन्छु तर पल्टाइदिन्छु इतिहासको एक पाना। मुटुभित्रसम्म चिरिएर जान्छ।

"कसो हो सुबेदार सुयोगवीर सिंह", क्यान्टिनमा कफी खाएर फर्कंदा मसँगैको साथीले भन्छ, "माटिनची आज पनि आएकी थिई, यतै बिहे गर्ने सुर छ कि यार?"

"हुन्न यार, घोडाको कवाफ खुवाइदिन्छे, बर्माको सुनगाभा जस्ती छ हेर्दा, ख्वाम्रियों पाँ।" म जोडसँग हाँस्छु। म हाँसेको कारण ऊ सहजैसँग बुझ्छ।

पिडाउँगको जंगलभरि फुलेको रातो र पियाजी सुनगाभाजस्तै रहरलाग्दी, कहिल्यै तिर्खा नमेटिने रास्री छे माटिनची, बर्मेली किसानकी छोरी। उसलाई सधैं म मेरी ख्वाम्रियों पाँ भनी गिज्याइदिन्छु, ऊ फूल फुलेको जस्तै मस्किदिन्छे। म सधैं भेट्छु सधैं के के लिन्छु उसदेखि सिथ्यैमा, ऊ मलाई सधैं बिहे गरौं भन्छे र यही आश्वासनमा म उसको ओछ्यानमा गएर रात-रातभरि सुतिदिन्छु, मेरो ओछ्यानमा ल्याएर रात रातभरि सुताउँछु। माया विना, पैसा विना म सधैं निलिदिन्छु उसको अस्तित्वलाई, उसको कुमारीत्वलाई र सधैं भन्छु "अब चाँडै बिहे गर्ने है, माटिनची!"

यसरी माटिनचीसँग म पल्किएको एउटा गोरा अफिसरले सुइँको पाउँछ र एकदिन प्याच्चै भन्छ "हेलो गोर्खा सुबेदार, मलाई पनि मिलाइदेऊन तिम्रो अर्किड बिउटी।"

म उसलाई टारेर हिंड्छु र मनमनै भन्छु कहाँ दिन्छु र मोरो खैरेलाई, जति पायो उसैले राखुं भन्दोरहेछ। हामी गोर्खा बहादुरलाई पनि साजा नभएको माल चाहिन्छ। भर्खर त ह्याम्मिएकी मेरी ख्वाम्रियों पाँ। किन किन अरूसरह माटिनचीलाई खेलाउन मन लाग्दैन, उसलाई विशेष रूपले हेर्न मन लाग्छ शायद उसले सधैं मलाई भविष्यको लोग्नेको रूपमा हेरिदिएर होला। त्यसो नगरे त ऊ मान्दिन नि फेरि कताको बिहे, कताको घरबार, सके यही पनि मर्दी हो ग्रेनेडले भुंडी पड्केर।

गिलासभरि अये भरेकी, आँखाभरि पनि अये भरेकी मलाई आज विशेष प्रयोजन-साथ भात खुवाउन बसेकी छ माटिनची। नप्पीको गन्ध विचार गर्छु, सर्प भ्यागुतो के के हालेर बनाएको होला, र पनि त्यसै त्यसै मिठो लाग्छ। वातावरण नै मिठो लाग्छ, माटिनची नै मिठो लाग्छ। पछिबाट उसले लजाउँदै भन्छे "अब कति दिन पर्खने? साथीहरू कति जनाले गोर्खा लोग्ने ल्याएर बसिसके।"

"ख्वाम्रियों पाँ", म उसको चिउँडो उठाएर भन्छु, "भोलि बिहे गर्ने कि पर्सि बिहे

माटिनची

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने ?" म त रातभरि आफ्नो काखमा पल्टेकी माटिनचीलाई मात्र देख्छु र सम्झन्छु भोलि त आउँदै आउँदैन।

मलाई अँगालो हाल्दै ऊ भन्छे, "हाम्रो छोरा-छोरी भयो भने के गर्ने ?"

घाँटी निमोठ्दै मारिदिने, यत्रो युद्धको गजमौरोमा केको छोराछोरी, तर यसो भन्दिनँ, "तिमीलाई रहर मेटिन्ज्याल छोरा-छोरी बनाइदिउँला, फिकर नगर ख्वान्नियों पाँ। तिमीजस्ती राम्री स्वास्नी पाउनु पनि मेरो सानोतिनो भाग्य हो र ? म घर फर्कन्नँ, तिमीलाई बिहे गरेर तिमीसँगै तिम्रो खोर्सानी र अदुवाबारी गोडेर जीवन बिताइदिउँला। अब लडाई थामिन्छ हामी कति सुखी हुनेछौं।" यो म बोलेको होइनँ, म रामसँग थाहा पाउँछु। मेरो झूटो सान्त्वनाको ऊ संकेत पाउँछे क्यार, मेरो कमीजको कलरमा झुण्डेर रुन थाल्छे र भन्छे "आज त म छोड्दिनँ तिमीलाई, मैले असाध्य नराम्रो सपना देखेकी छु। गोर्खा दाइ, मलाई मारेको पाप लाग्ला नजाऊ।" आज किन किन माटिनचीको आँसु रोकिँदैन। कति फकाउँछु कति मनाउँछु हुँदैन। ऊ आँसुको भल बगाइ-दिन्छे, म चट्टानजस्तै अडान दिएर बसिरहन्छु। ऊ मान्दिन, मलाई रिस उठ्दै जान्छ, सम्झन्छु यी स्वास्नीमान्छेहरू कति रुञ्चे हुन्छन्। आँखा पछिल्तिर आँसुको घैंटो राखेका छन् कि यिनीहरूले, जतिखेर पनि रुन्छन् जति चाहिए पनि आँसु बगाउँछन्। रोएर जीवन बित्ने हो र ? कस्ता मूर्खहरू।

म जान तयार हुन्छु, माटिनची मेरो खुट्टामा छाँद हालेर रुन्छे। हटाउन खोज्छु हुँदैन र जमाएर लात कस्छु उसको कमलो छातीमा र भाग्छु ब्यारेकतिर।

"वृटिश कर्णेल स्टेफन रातभरि मातेर रोए, स्वास्नीछोराछोरीको सम्झना आएर" मेरो नम्बरी साथीले भन्छ। म हाँस्दै भन्छु "कस्तो निरर्थक, त्यति सानु मुटु हुने मान्छे के कर्णेल भएर बसिरा'को।" तर रुन पर्छ स्टेफनले, ऊजस्तै मजस्तै अरू धेरैले। हाम्रो बटालियन फलाम डिस्ट्रिक्टको अघिल्लो मोर्चामा अब तुरुन्तै हिंड्न पर्छ। सीमान्तमा जापानी प्याराट्रू पहरूले बिताइसके। तोजोका रक्तबीजहरू छपछप्ती आइसके। यही हो मर्ने बेला, भी. सी. कमाउने मौका, खून त्यसै उम्लेर आउँछ, अनायास हात खुकुरीको बींडमा पुग्छ।

"नं. ३२५० सुबेदार सुयोगवीर सिंह" गोरा क्याप्टेन धाप मार्न आउँछ तर उसलाई थाहा छैन म कति निष्क्रिय मानिस छु। पर्सिपल्ट माटिनची गिलासभरि अर्ये भरेर पर्खिन्छे, उसको छातीमा नीलडाम अझ दुख्दैछ तर दुखेर पनि गोर्खा बहादुरको बूटलाई नै ऊ प्रेम गर्छे र प्रतीक्षा गर्छे एउटा लोग्नेघरमा बस्ने साइतको। तर म भागिसकेको हुन्छु सुनगाभाको जंगलदेखि टाढा, जीवनको रहरदेखि टाढा, अर्थदेखि टाढा। माटिनचीले थाहा पाउँछे गोर्खा बहादुर भागेको कुरा र पासो हालेर मर्न सक्छे, विष खाएर मर्न सक्छे एउटा सस्तो मृत्यु। मलाई हाँसो उठ्छ, सम्झन्छु, के गरें र मैले ? एउटा सुनगाभाको फूल कलिलैमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टिपेर बूटले कुल्चिसकें, बढी के गरें ? यति नै यदि अपराध हो भने यति नै यदि कलंक हो भने यो जीवन नबाँचे पनि हुन्छ । नरोए मेरी स्वास्नियों पाँ एउटा विश्वासघाती गोर्खा बहादुरलाई सम्झी, किनभने ऊ पनि मर्न जाँदैछ वेदीतिर ।

माटिनचीको आँसुमा पौडी खेल्दै सकमबरीको मुडुलो टाउको मतिर आउँछ । म समाउन खोज्छु अनि त्यो अदृश्य हुन्छ । स्वीकार गर्छु जीवनमा दुर्दशाको अन्त छैन । म त मरिनँ मृत्युको मुख मुखमा पनि ।

ना येड्येफुज्हा, ना येड्येफुज्हा ।
शौयाः चौयाः भ्हे भ्हे खाः
छि खयी टस्याउँ ह्मा आन्ट्वये ट्वेला ।
शैले मप्चेपा चान्ट्वे ह्लेह्ला ।
म्वाउ यें मिद्वा म्वे ह्मादा ।
वह्म, नाउँ ह्ल तिस्साः मप्चेपा से गवा ।

सोप्रानोको धूनले पछार्छ मलाई वास्तविकताको संसारमा । मेरो मुटु एक पल्ट फेरि भित्रदेखि चिरिएर आउँछ । शायद यसरी पिरलिएर बस्नु नै मेरो जीवनको सान्त्वना रहेछ, यही नै होला मेरो आश्रय । अब सन्तुष्टिको एउटा तर्कमा माग्नुपरेको छ युगसँग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डेथ भ्याली, डेथ भ्याली यस्तो पो हो जीवनको बोझ बोक्नुको अर्थ । यो पो हो एउटा लाश बाँचेर आएको जीवन, रित्तिएर आएको जीवन । आसामको सिमाना, मिसटीनमा मुसरीदाल र भात पाथी खाँदै मैले सम्झेको हुँ । अब ममा केही छैन, यो भ्वाङ प्वाले पाइजामा र खाकी कमीजभित्र बसेको अस्तित्व विषुवत् जंगलको औले जरोले मार्न नसकेको मेरो शरीरमा अब केही छैन । शून्य छु बिल्कुल, मेरा पापहरू जसलाई म मान्न तयार छैनँ यति पाप हो भने धोइदिइसक्थ्यो यो डेथ भ्यालीले । म निस्सार बाँचेको छु अब स्वदेश जान पाइन्छ । तीन मिसटीन चुली भात, च्याङ्लो दाल, अलिनो फर्सीको तर्कारी अमृत जस्तै विचारधाराले मलाई डेथ भ्यालीमा पुऱ्याउँछ ।

किन बाँच्ने ? कसरी जीउँदो पुग्ने ? तर लाशजस्तो शरीर एकनास घस्रिरहेकै छ । छोडिदेऊ ! छोडिदेऊ ! बिरामीहरू आउन् अर्थात् मरे मरुन् अब मानवताले हात धोइसकेको छ । हरेश खाने ? क्या हो क्या हो बाँच्ने हो कि? सास छउन्ज्याल आश हुन्छ । काँचो आँप र खोर्सानी खाने हुँदा आउँ परेको छ, औले जरोको शिकार भएको छु । विषुवत् रेखीय वनको बडेमा लामखुट्टेले कृपा गरिसकेको छ । खुट्टामा जुत्ता छैन । सब सपनाजस्ता भइसकेका छन् । सुबेदार सुयोगवीर सिंहको खाइलाग्दो शरीर टाट पल्टिसकेको छ । अनुहारमा चायाँ परिसकेको छ, हिंड्ने सामर्थ्य छैन तर मर्न मन लाग्दैन । सम्झन्छु किन मर्ने यहाँ कीरा फटेंग्रा जस्तो, हिंडदै जाऊँ, हेरूँ के हुन्छ, तर हात खुट्टा गलेर आउँछ । खुकुरी छैन, वीरता छैन, धाक छैन, रवाफ छैन, मसँग आइरहेको साथीलाई बिन्ती गरेर भन्छु "आज यतै बास बसौं, जरोले साह्रै विधि जीउ गलेको छ ।" साथीले एक झोला काँचो आलु ल्याएको छ, सलाई छैन, काँचो आलु खाँदै ऊ भन्छ, "आज प्यारासुटले खाने सामान झारेको थियो यहाँ मर्दै गर्नेहरूको निमित्त, तर चियापत्ती मात्र रहेछ ।" दुवै निराश हुन्छौं ! पेट मुसार्दै फेरि ऊ भन्छ "यी टचांकाहरूमा कति सामान होला अन्दाज गर त ?" उसको आँखामा लोभको झिनो पर्दा देखिन्छ, यसै बेला ऊ मानिस हो कि भन्ने भान हुन्छ । बृटिशहरूले छोडेका गह्रंगा बाकसहरू सब तालचा मारेका छन्, भित्र कति हीरा मोती होला, सुन होला, चाँदीका सिक्का होलान्, सुनमा संतुलित कागजका नोटहरू, पार्कर र सेफर फाउन्टेनहरू, के के आह ! आज अलिकति मात्र बल हुँदो हो ता । विवशताले बाँधेको छ हामीलाई । च्याल काडेर हामी त्यो बाकस हेरिरहन्छौं ।

"त्यो बाँसघारीभित्र एक टुक्रा ओभानो ठाउँ रहेछ, आज त्यहीं सुतौं है सुयोग ।" म घस्रिदै त्यहाँ पुग्छु । साँझको रातो घाम पोखिएको बाँसघारी छेवैमा सानो कुलो बगिरहेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ म मुख जोतेर तिर्खा मेट्छु फेरि ओभानो ठाउँमा आएर पल्टन्छु । मेरो साथी एउटा टीनको टुक्राजस्तो हतियार उध्याइरहेको छ । मलाई हेर्दै ऊ जोश देखाएर भन्छ "हिजोको जस्तो मरेको गाई भेटायो भने काम लाग्छ ।"

"काँचै खाने ?" मेरो स्वर कामिरहेको हुन्छ ।

"एक छिन घाममा सुकाउनुपर्छ ।" मभन्दा ऊ धेरै फूर्तिलो देखिन्छ किनभने उसलाई कामजरोले छोएकै छैन । उसलाई हेरेर र आफैंलाई हेरेर म सम्झिरहेछु, यस्तो अवस्थामा जे पनि खाइन्छ, जसरी पनि खाइन्छ । हामीलाई सास फेर्नको निम्ति जिउनुपर्छ । जाँडका कीराजस्ता मानिसहरू हामी, हामीलाई हाम्रो अस्तित्व जहाँ पनि कायम राख्न पर्छ । यहाँ हामीले आत्महत्या गरिदिए के हुन्छ ? किन बाध्य भएर घल्रिरहन परेको हामीलाई गोबरे कीराजस्ता । हामी खालि खानका निम्ति जन्मेका । अहिले त हामी जे पनि खाइरहेका छौं । शताब्दीपछि मान्छेका जमात कीटाणुसरि भएपछि के खाने ? हामीलाई ढुंगामाटोले पुग्दैन । रूख पात खाइसक्यौं अनि यो पृथ्वी सलहले उजाड पारेको वनजस्तै हुनेछ चिल्लो र नांगो । खानेकुरा सम्झँदा-सम्झँदै म आँखाअघि अफिसरहरूका मेस टेबल देख्न थाल्छु । रोस्ट, पुडिंग, पराठा मेरो मुखभरि पानी भरिएर आउँछ । अस्तिको दिन एउटा भगुवा शिखसँग खोसेर हामीले एक-एक फाँको काँचो चामल खाएका थियौं, आज काँचो आलु, भोलि के खाने ? एका अर्कालाई खाने कि आपनै मासु खाने ?

रात पर्छ, जंगली कीरा फटेंग्राहरूको टिनिनी आवाजसँगै आफ्नो नातागत शरीरभित्र हल्लिरहेको सुटुको ढुक्ढुकी म सुन्छु । पटाकपुटुक खोक्रो बाँस पड्कन्छ । जरोको रापले शिथिल भएको छु, घाँटी सुकेको छ । कहाँको चुरु र अये ! कल्पनामा म घ्याम्पोभरि निगार देख्छु, र थुक निल्छु । मेरो साथीलाई निद्रा पर्दैन र सन्नाटालाई चिर्दै ऊ मलाई बोलाउँछ "सुयोग.....!"

"हँ, किन बोलाएको ?"

"तिमी निदाएको छैनौ ? युद्धले हाम्रो के हाल बनायो हगि ? बाँचेर पुग्न सकौंला के हामी ?"

"के मरेर पुग्ने आशा गरेका छौ ? जीउँदै पुग्छौं हरेश नखाऊ" मलाई विरोध जागेर आउँछ र जरोमा धताएकोजस्तो कराउँदै जान्छु "यो लडाइँ जित्नु र हार्नुसँग हाम्रो के स्वार्थ ? बाँचेर गयौं भने पनि हाम्रो विश्वासको आधार केही हुने छैन । विशेष मेरो, विशेष मेरो, ओं मेरो ।"

"धेरै नबोल सुयोग, जरो बढ्यो भने भोलि हिंड्न सकिंदैन ।"

भोलि हुन्छ । टन्टलापुर घाममा तेर्सिएको ढुंगे पहाडको उकालो धरमरिंदै हामी हिंडिरहेका छौं । ढुंगाको कापना कतै कतै गुराँसका पुड्का झ्याङहरू देखिन्छन्, म विचार गर्छु, हाम्रो देशमा पनि रातामाम्मे गुराँस फुल्छन्, आह ! लालीगुराँस । तर हाम्रो देशमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुराँसको बोट यति पुड्को हुँदैन । मलाई घरको सम्झना आउँछ । रुन मन लाग्छ गुराँसको फेदमा । एउटा ओसिलो ठाउँ, हिमाली विसो हावा, हरियो बगेको पानी । पार्थक्यको कत्रो अभिशाप ! हरे ! घामले डढेको ढुंगे गोरेटो, बमले घाइते बनाएका गुराँसका बोटहरू, यिनीहरूकै फोसिलले एक दिन शायद देखाइदिनेछ हामी कत्रो अभिशाप खपेर जीवन नाउँको बोझलाई काँधमा हालेर यहाँ हिंडेका थियौं ।

छेवैमा बगल लगाएर सुताइएको एउटा पंजाबीको लाश र मुन्टोमा मुख गाडेर एउटा बच्चाले दूध पिइरहेको छ । यो जस्ताको तस्तै उत्रिनुपर्छ फोसिलमा र म गिद्धहरूलाई पुकारा गर्छु 'नगाँजे है यिनीहरूका लाशलाई, यो युद्धको स्मृतिचिह्न हो ।'

गढेका आँखा, दाह्री जुंघा खौरन नपाएर कालाम्मे अनुहार, धुजा धुजा परेको पाइजामा, बीस ठाउँ फाटेको कमीज । मलाई हेरेर साथी हाँस्छ र उसलाई हेरेर म । हाम्रो हाँसो असाध्य मरन्च्याँसे हाँसो टीठलाग्दो हाँसो । छेउछाउका ढुंगाहरूलाई मानिसको प्रगति देखेर शायद यस्तै मरन्च्याँसे हाँसो हाँस्न मन लाग्दो हो ।

दिन बित्छ, रात बित्छ र महीना बित्छ । हामी बाँचेर आएका छौं आसामको सिमानामा । हाम्रो अस्तित्व हामीसँग फर्केको छ र म मुसुरी दाल भात खाँदै विचार गरिरहेछु । अब उप्रान्तको हाम्रो जीवन, मेरो जीवन । खोइ भी. सी., खोइ तकमा, खोइ स्यावासी । मभिन्न एउटा मूल्यहीन मुटु, अपराधका खाटा बसिसकेका दुईतीनवटा खतहरू । एउटा सास फेर्ने फोक्सो बस । सकमबरी म आफूभित्र एउटा मरुभूमि होइन त ? एउटा मुर्दाघर होइन त ? मेरो प्रेम गर्ने अधिकार खोसियो भन्ने के प्रमाण छ ? यौटा बूढो रक्स्याहा सिपाहीलाई तिमी मरे पनि आफ्नो आश्रय दिन तयार हुन्थ्यौ यो थाहा छ, तर किन किन भौंतारिइरहन मन लाग्छ कल्पनामा तिम्रो कार्टुन शरीरलाई च्यापेर । सधैं मेरो पहुँचबाट एउटा सुनौला टाउको फुस्कन्छ टाढा पुग्छ, म जिल्लिएर हेरिरहन्छु ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिउँदको निखारले टड्कारा बनाइराखेका काठमाण्डूका वन पहाडहरू वसन्तसँग एक पल्ट जम्काभेट गर्न क्रमशः नीला हुँदै गइरहेका थिए। क्षितिजमा एक धर्सो बसिसकेको पातलो तुवाँलो बीचबाट सधैं घाम उदाउँथ्यो सधैं अस्ताउँथ्यो। सधैं म आफूलाई अव्यक्त अवस्थामा टोल्लाएर हिंडिरहेको थिएँ। कति भावनाहरू कति प्रेरणाहरू कति बिन्तीहरू म आफैंमा उदाउँथे अस्ताउँथे। सोझो गएर प्रेम पोख्ने तथा चिठ्ठी लेख्नेजस्तो सस्तो कामहरू मबाट नहुने। कुनै पनि किसिमको अभिव्यक्ति मलाई नसुहाउने, आफू धृष्टता गर्न नसक्ने साथै सहन अथवा भुल्न पनि नसक्ने। सधैं हेरी हीन अवस्थामा म बितिरहेको थिएँ।

एक पल्ट चौरमा बसी दिदीबहिनी गफ हाँक्न लागेका थिए। मेरो त्यस घरमा जानुमा कुनै सन्देह उनीहरू गर्न सक्तैन थिए। म जहिले पनि जान्थें, तर एउटा कुरा, फूलबारी, शिवको बैठक र मुआको कोठा सिवाय अरू कोठामा मैले चिहाएरसम्म हेरिनँ। बरी शिवको बैठकमा धेरैजसो हुन्थी। मलाई देख्नासाथ बरीले के भनी कुत्रि मुजुरा हाँसी। ऊ आफू नहाँस्ने मान्छे। सुनगाभाको झ्याङ छेउछाउतिर डुल्ने बहाना गर्दै म उनीहरूको कुरामा ध्यान दिइरहेको थिएँ।

बरीले चिच्याएर भनी, "सुयोगजी, यता आउनुस् त।" म नजीकै गएँ।

बरीले ठटचौलो अभिव्यक्ति दिंदै भनी, "आजभोलि तपाईंलाई के भएको छ हँ?"

मुजुरा नहुँदी हो ता भन्ने थिएँ मलाई के भएको छ भनी। उसले लगातार भनिरहेकी थिई "कालै डढिसक्नुभो। रक्सी मात्र कति खानुहुन्छ कुत्रि। आँखा हेर्नुस् कस्ता राता-राता भइसके। ओठ किन त्यस्तो नीलो भएको नि, नीलतुतो जस्तो।" मुजुरा आफूलाई थाम्न नसकेर कोल्टे परिसकेकी थिई। मलाई असाध्य लाज लाग्यो। कुरा टुंग्याउने उद्देश्यले मैले बरीलाई चुरुट दिंदै भनें "भयो बरी भयो। भन्न पायो भन्दैमा तिमी मनपरी भन्छ्यौ।" तर बरीको अन्तिम वाक्यले मलाई मर्ममा हिर्काइसकेको थियो।

मायालाग्दा आँखाहरूले बरीलाई हेर्दै भनें, "हिजो सटके नाच ल्याएको थियो रातभरि हेरेर बसिरहें।" रक्सी पनि बढ्ता पिएको थिएँ, पछिल्लो वाक्य चाहिं मन-मनमा भनें।

"ओहो सटके नाच पनि जागराम बसेर हेर्नुभएको?"

"होइन जागराम बस्नको निम्ति सटके नाच हेरेको।"

"सुयोग दाइलाई पनि जागराम बस्ने रोग लागेको छ कि?" मुजुराले भूईंतर्फ हेर्दै भनी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरा मायालाग्दा आँखाहरूमा कति पीर देखा परिसकेको थियो सकमबरीमा यो बुझ्ने क्षमता कहाँ ? साथै बुझोस् पनि किन ? त्यही हावभावमा ऊ भनिरहेकी थिई, "आजभोलि सुट पनि फेरी फेरी लाउनुहुन्छ, कुन्नि है सुयोगजी, बुढेसकालमा के के गर्न आँट्नुभो ।"

एउटा मार्मिक सत्य शायद आइरोनी शब्दको उत्थान यस्तै स्थितिबाट भयो होला । खल्तीबाट चुरुट झिकेर मैले एउटा सल्काएँ एउटा बरीतर्फ बढाएँ । आपना पहेंला ओंलाहरूले उसले चुरुट च्याप्प समाती । मैले सम्झें कहाँ लगेर कसरी विवश बनाउन सकिन्छ यो स्वास्नीमान्छेलाई ? कुन तत्त्वले पगाल्न सकिन्छ यसलाई अर्थात् कुन तथ्यले छुन सकिन्छ ? के मेरो जीवन बरीसँग यस्तै एउटा मृगतृष्णाको साइनोमा अल्झिरहने हो ? के म सधैं काकाकुलको तिर्खामा भौंतारिरहन पर्ने हो ? कति निर्धो भइसकें म, खोइ मेरो सामर्थ्य ? मलाई सोध्न मन लाग्यो– 'बरी, तिमी कोसँग विवाह गछ्यौं', तिमीले कसलाई रुचाएकी छ्यौ ?' तर जहाँसम्म मलाई विश्वास छ भविष्यपट्टि ऊ त्यति निर्दिष्ट छैन, ऊ पनि आफूभित्र एउटा ढुंगा नै छ ।

शिव आइपुग्यो । हामी फेरि बैठकमा गएर गफ गर्न थाल्यौं । मलाई विश्वास लाग्न थालिसकेको थियो शायद शिवले मलाई एउटा रक्सी खाने साथी मात्र बनाएको थियो । मसँग आत्मीय हुनुको उसको अर्को कुनै स्वार्थ थिएन, तर घरमा स्वतन्त्र रूपले हेलमेल हुन दिएकोमा लाग्थ्यो कहीं मुजुराको जिम्मा लाइदिने सुर त होइन यसको ? हुन सक्छ र नहुन पनि सक्छ । कुरा कुरामा त्यो दिन शिवले बरीलाई अब यो वर्षभरि घरमा राखेर कलेज पढाउने, तेज ऊ यसै छ, बी. ए. पास गरिसकेपछि बिहे गरिदिने भन्ने कुरा गर्‍यो । एउटा धेरै भलाद्मी शिक्षित मान्छेको खोजीमा ऊ छ । यो थाहा पाएपछि म आफू बसेको कुर्सीजस्तै जड भएर बसिरहें । हीनताको अनुभवले म राम्ररी कुरा पनि गर्न नसक्ने भइसकेको थिएँ । फूलबारीमा पर्खंदै गर्छु भन्ने बहानाले म बाहिर निस्कें । ढोका अलिक यता शिरीषको रूखको ओझेल परेर बरी बसिरहेकी थिई । धमिलो साँझको एक लिप्टो छायामा कालो सारी लगाएकी ऊ एउटा भावना जस्तै आफूमा टोल्लाएर बसिरहेकी थिई । यदि यो स्थितिमा म पनि उसको धेरै नजीक बसेर कैला रौंहरूलाई सुम्सुम्याउँदै भनिरहेको हुँदो हुँ, 'तिम्रो निम्ति विवश भएर बाँचेको यो जीवन डेथ भ्यालीमा घस्रेको झन्दा चर्को भइरहेछ बरी ! तिमी जीवनदान दिनमा कति विश्वास राख्छ्यौ ?' यस्तै के के ।

मलाई ऊ बसेको धमिलो छायामा उसँगै एक मन शरीर भएर बिलाइजान मन लाग्यो; हराइजान मन लाग्यो । सम्झें यो अवश्य मृगतृष्णा होइन, यो त ठोस सत्य हो, लम्कें भने पाउन सक्छु पुग्न सक्छु तर यो क्षणिक भ्रममा म पर्न सकिनँ । म त आफैंलाई गिज्याइरहेको थिएँ, व्यंग्य गरिरहेको थिएँ । म समावेश हुन चाहन्छु उसको शरीरमा, आत्मामा; तर मेरो बाटो छैन । जहाँसम्म म पनि असफल हुन चाहन्नँ म आफूलाई त्यति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हतभागी सिद्ध गराउन चाहन्नँ । प्रेम जीवनको त्यति ठूलो दुःख होइन, मानिसलाई सुखी बन्ने साधनहरू धेरै छन्, तर खोइ.....। यसको पछि म धेरै तर्क गर्न सक्तिनँ । म त एउटा निकृष्ट मानिस हुँ, मैले जसजसलाई बलात्कार गरें उनीहरूलाई प्रेम गर्न सकिनँ र जसलाई प्रेम गर्छु उसलाई बलात्कार गर्न सक्तिनँ । असम्भव छ, म कल्पना मात्र पनि गर्न सक्तिनँ ।

मैले विश्वास गरें प्रेम केवल दुःख हो, निरर्थकता हो, नत्र हेडहन्टरकी छोरी, भैंसी गोठाल्नी तथा माटिनचीमाथि मरणान्त अपराध गरेर पनि आफैंलाई दुःखी अनुभव गरिनँ र सकमबरीलाई आज त हेरेरै हेरेरै माया गरेरै म अति दुःखी भइरहेछु । मैले के अपराध गरेको छु तिमीसँग ? प्रेम दुःख हो, मलाई चिच्याउन मन लाग्यो । मनमनमा स्वीकार गरें साँच्चै सकमबरी एउटा इन्सेक्ट किलर सुनगाभाभन्दा बढी केही होइन, यद्यपि उसले रोपेका फूलहरू जीवनले परिपूर्ण भई हावामा फरफराइरहेका छन् । त्यसैले त ऊ भन्छे यहाँ कीरा मरेको हेर्न कस्तो रमाइलो हुन्छ । तर जीवनका अभिलाषाहरू यति सहजसँग तह लाग्दैनन् । म सन्तोष मात्र तयार छैनँ कदापि छैनँ ।

साँझको छाया अझ गाढा भएर गयो र त्यहीं छेवैबाट भएर म र शिव बाहिर आयौं । कस्तो लोभ लागेको मलाई त्यो एक चोक्टा अन्धकारको ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बरीसँग भेट भएपछि दोस्रो पल्ट शिरीषका रूखहरूले आफूलाई नीलै बनाई फुलाइसकेका थिए । चौरमा नीला फूलहरू झरेर सेतासेता खुट्टाहरूको स्वागत गर्न थालिसकेका थिए । कति चाँडै एक वर्ष बितिसकेछ । कस्तरी यी रूखहरूले आफूलाई फुलाउन सके र हामी सक्तैनौं, कत्रो विवशता हामीमा छ । क्याम्पाको अलिक पर हुँदा नै मलाई यी फूलहरूमाथि ईर्ष्या हुन थाल्यो । सम्झें संसारमा कतै पनि नीलो फल नफुले हुन्छ । सपनामा पनि तर्साउन आउने यी फूलहरूको के काम ? फूल होइनन् सब आगाका फिलुंगा हुन् ।

साँझ झमक्क परिसकेको थियो, यो शिवराज घरमा अवश्यै थिएन तर एउटा बहाना बनाएर म उसैलाई खोज्न गइरहेको थिएँ । बहाना गर्दा गर्दा कति दिनहरू बितिसके, एउटा अर्को बहाना बनाउन मलाई के डर, के लाज ? मलाई लोभ लाग्थ्यो, कहिले काहीं यसरी बहाना बनाएर गएको बेला शिवराज नभए बरी आएर, अँध्यारो उज्यालो जस्तो स्थितिमा होस्, मसँग कुरा गरिरहन्थी ।

नीला पहाडहरूको नीलो छायाँ, नीला फूलहरूको सडकमा नीलिएको रंग, मनपर्दो बतास तर सम्झँदा सम्झँदै विरक्त लाग्थ्यो । म त चोर कुकुर झैं गइरहेछु । पर्खालको मूलढोकाबाट भित्र पस्नासाथ अस्तिको साँझ देखेकै ठाउँमा त्यसरी नै उभिरहेकी बरीलाई मैले देखें । सम्झें के खोज्न आउँदो रहिछ यस बेला आजभोलि, उही पनि त्यही निर्दिष्ट ठाउँमा । ऊ घरपट्टि फर्केर उभेकी थिई तसर्थ मलाई देखिन । एउटा लोभलाग्दो साँझको अँध्यारोको एक टुक्रा आफ्नो केवल आफ्नै मात्र बनाएर आफ्नो सेतो सानु गर्धनमाथि मुडुलो सुनौलो टाउको अड्काएर उभेकी उसको अस्तित्व फेरि पनि मलाई तस्वीरजस्तो लाग्यो । यस्तो तस्वीर जसलाई म जीवनपर्यन्त आँखामा उतार्न चाहन्थें, जुन तस्वीरलाई हेरेर म चित्त बुझाउन सक्तिनँ । धूवाँको खिरिलो धर्सो हावामा अत्तासिंदै विलीन हुँदै थियो । उसले नदेख्ने गरी खुरुखुरु घरभित्र जान्छु र ऊ कराई भने ए देखिनँ भन्छु भनी विचार गर्दै एक किसिमको ठट्टा गर्ने भावनामा म उसको पछिसम्म गएँ तर वास्तविकतालाई कहाँ ठग्न सक्ने ? रूखको ओझेलमा सुनौलो टाउको र सेतो गर्धनलाई हेर्न पाइरहेछु, उही पनि पछाडिबाट । यो टाउको त अप्राप्ति हो, यो गर्धन त मृगतृष्णा हो, आज त मनग्गे हेर्छु, हेरी नै रहन्छु । यही त हो नि बरीलाई पाएँ भन्नुको गर्व, बरीलाई हराएको मेरो विजय, मेरो सीमा मैले मात्र पर्ने मेरो सन्तुष्टि । माया लाग्दा-लाग्दै उसलाई यसरी तिर्खाएर हेर्नु यही त हो नि मेरो जीवन । आह ! कति ठगिएको छु, कस्तरी वंचित राखिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छु । हेर्दाहेर्दै म आत्मविभोर हुन थालें, मेरा नसाहरूमा रमाइलो झमझम संचार हुन थाल्यो । मैले आफ्नो स्थितिलाई बिर्सन थालें । कस्तो कस्तो एउटा उत्तेजनाले मलाई कब्जे ल्यायो, अनायास मैले भएभरको प्रेम पोखेर बोलाउन पुगेछु "बरी ।"

उसले तर्सेर हेरी र अनुहार उज्यालो पार्दै कराई, "आम्मै, सुयोगजी तपाईं !"

"यहाँ आऊ त ।" आज्ञाकारी बच्चीजस्तै ऊ मेरो घेरै नजीक आई सधैंजस्तै र भनी "किन ?"

म आफ्नो नियन्त्रणमा थिइनँ, स्थिति छुट्टचाउन सक्ने सामर्थ्य ममा थिएन, म सर्वाङ्ग कामिरहेको थिएँ । आवेशमा आएर मैले उसको सेतो गर्धन अँठ्याएर उसको कमलो ओंठमा म्वाई खाइदिएँ र आत्मतृप्तिको अनुभव गर्न नपाई मलाई मोहले छोड्यो । डरलाग्दो सपनाबाट बिउँझेजस्तै म पसीनाले निथ्रुक्क भिजेको थिएँ, मुटु कामिरहेको थियो । के गर्ने, स्थितिलाई साट्न सकिंदैन, त्यो धृष्टतालाई अब फिर्ता लिन सकिंदैन । मलाई चक्कर लाग्न थाल्यो, शिरीषको रूख लगायत सकमबरीलाई साना-साना देख्न थालें । एक पल्ट भएभरको बलले आफूलाई नियन्त्रित पार्दै मैले बरीलाई हेरें, ऊ पनि टोल्लाएकी थिई । म तेंसिएको थिएँ एउटा कुकुरजस्तै, एउटा बोकाजस्तै । आउने जस्तोसुकै अपमान तथा प्रतिक्रिया सहनलाई, अरू मेरो उपाय नै के थियो र । वास्तविकतासँग स्पष्ट एक पल्ट खेल्नलाई म तयार बसिसकेको थिएँ । उसको आँखाको भाव पढ्ने सामर्थ्य ममा आइसकेको थियो । चश्माभित्रबाट गहिरिएर मलाई हेरिसकेपछि बरी लमक-लमक गई, ढोकामा ओझेल भई । त्यो आँखाको हेराइ नौलो हो एकदम नौलो । मैले कति स्थितिमा उसलाई देखिसकेको छु तर यी आँखाहरूमा होइन । के गरेर हेरेको हो बरीले मलाई ? किन त्यो अभिव्यक्ति सोझो मुटुमा गएर बिझ्छ ? किन उसले विरोध नगरेकी ? किन झस्टेर नआएकी ? किन नचिच्च्याएकी ? किन हल्ला नगरेकी ? म अन्तर्द्वन्द्वमा बोलाहा हुन खोजें । ममाथिको आकाश नै सम्पूर्ण हल्लेकोजस्तो मलाई लाग्यो । म प्रश्नमाथि प्रश्न गरेर उल्टो खुट्टा फर्कें ।

कस्तो अनौठो, ऊ सरासर घरभित्र पसी । के गर्न आँटेकी हो उसले ? म सम्झँदै हिंडिरहें उसको आँखाको भाव । त्यो समर्थन शत प्रतिशत होइन, विरोध पनि होइन, क्रोध पनि होइन, लाज पनि होइन, यही हुन सक्छ शायद उसले भन्न खोजेकी थिई 'सुयोगजी, मैले तपाईंबाट यो आशा गरेकी थिइनँ ।' अवश्य ऊ जिल्लिएकी हो । के मैले उसो भए उसको जीवनभरि साँचिराखेको आस्थामाथि आक्रमण गरें त ? के मैले एउटी चोखी र अभिमानी स्वास्नीमान्छेलाई आफ्नो स्पिरिटले डढेको नीलतुतोजस्तो ओठले बिटुल्याइ-दिएँ ? के मैले फेरि अपराध गरें ? पाप गरें ? त्यो स्थिति पनि कुनै निष्कर्षमा पुग्नै नसक्ने स्थिति थियो । आफैंलाई सान्त्वना दिएँ, जो हुनु भइगयो अब पश्चात्ताप गर्नुको के अर्थ ? यति न हो म उनीहरूको आँखाबाट घेरै तल खस्छु, शिवको दृष्टिमा एउटा विश्वास-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घातो र हीन मानिस सिद्ध हुनेछु। सकमबरी थुक्छे मलाई। मेरो पो सत्य प्रेमको आवेग, पहिलो प्रेमको आवेग। बरीको त मर्यादाको प्रश्न छ, आत्मसम्मानको प्रश्न छ। अब जे आइलागे पनि सहन परेको छ। बरीले भन्छे आफ्नो दाइलाई र शिव अनि के के हुन्छ कुन्नि ? एक मनले सम्झें यति विधि आफैंलाई खसाएर हेर्ने हो र ? हुन सक्छ बरी कसैलाई केही नभन्दी हो र एकान्त पारेर मलाई सोद्धी हो 'सुयोगजी' अस्ति तपाईंले मलाई के गर्नुभएको, किन ?' त्यस्तो फर्साइली पहिलो परिचयमा नै उखरमाउलो हुन आएकी के ठेकान सहजसँग यो घटनालाई जीवनमय तुल्याउँदी हो। त्यसपछि आफ्नो मन उदांगो पारेर म बताइदिनेछु कि साँच्चै म तिमीलाई प्रेम गर्छु। तिमीप्रति मेरो कुविचार छैन। कति महीनादेखि पिलिसएर म तिमीलाई यही कुरा त भन्न खोजिरहेको थिएँ यति त थाहा पायौ तिमीले कि कस्तो विवश अवस्थामा सैले तिमीलाई चाहेर आइरहेको छु, कति निर्धो बनेर म तिमीकहाँ आश्रय खोज्दै आइरहेको छु। तिम्रो जीत हो मेरो हार। आँधी आउन लागेको कालो बादल बीचमा एक धर्सो उज्यालो झिलिक्क देखेजस्तो एउटा क्षीण आशाको रूपमा एक कुरा विचारें। मन कता कता हलुंगो भयो।

रात परिसकेको थियो। म निरुद्देश्य भौंतारिंदै लम्पसार तन्केर गएको सडकमाथि हिंडेर छुट्कारा खोजिरहेको थिएँ। लाग्थ्यो यो सडक कहिल्यै नसिद्धियोस्, यो स्थिति कहिल्यै नबदलियोस्, यसैमा गाभियुन् वास्तविकता र जीवन। बिजुलीका लट्ठाहरू एक एक गर्दै ओझेल हुँदै थिए। अँध्यारो उज्यालो, उज्यालो अँध्यारोको जुलुसजस्तै मलाई व्यंग्य गर्दै अघि बढिरहेको थियो। सम्झें आज जीवनमा सबभन्दा बढी निकृष्ट भएको छु,सबभन्दा बढी दुःखी भएको छु। त्यही हो मेरो सबभन्दा बढी हीन अवस्था। सहरको हल्लीखल्ली सुनिन थाल्यो, सभिसको ओहोर-दोहोर म एउटा टाढाको भट्टीपसलमा आश्रय लिन पुगें। जे होस्, आज त शिवराजलाई भेट्नु हुँदैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो भोलि निष्ठुरतासाथ आयो । त्यस्तै किसिमले बित्यो । मैले घरबाट निस्कने आँट गरिनँ । दिनभरि ओछ्यानमा गुट्मुटिएर बसिरहें । आँखा झन् राता राता भएका थिए । सम्झें, यस्ता पोख्न नसकिने पीरहरूको शिकार कहिले नबन्नू । मान्छे एउटा पर्दा नभएको कोठाजस्तो खुला हुनुपर्छ तब सुखी भइन्छ । तर पोख्ने पनि कसरी यी महत्त्वहीन कुराहरू । यो जीवन यस्तो ठाउँ हो जहाँ सन्तुष्टिको एउटा परिधि खिचेर हामीले बाँच्न पर्छ । सडकमा पछारिएर अलपत्र परेका अनुभूतिका प्रत्येक टुक्राहरूलाई स्याहार्दै जान पर्छ, स्वीकार्दै जान पर्छ । यस्तै हो यो जीवन हामीलाई गुनासो गर्नु छैन तर यसको विपरीत मैले सन्तुष्टिको परिधि खिच्न सकेको थिइनँ । म एउटा अवरोधहीन जीवन जिउन चाहन्थें । तर विगतमा मैले जीवनलाई त्यति गहिरो माया गरेर छोडेको होइन त्यो दुःखद परिणामलाई त्यही सहजतासाथ स्वीकारेर लत्याउनु मेरो सामर्थ्य थिएन, त्यो सीमामा म पुगेको थिइनँ । हुन त मजस्तो शून्यतामा खारिएर निस्किसकेको मान्छेले सन्तोषको घेरा हालेर आफूलाई त्यसभित्र थुनुवा पार्नु कुनै असम्भव थिएन तर त्यो परिस्थिति अर्कै, यसो भनूँ म तयार भइनँ ।

साँझ म निस्कें, निरन्तर पस्निएको सडकमाथि सधैंको रमिता हेर्दै । नयाँ सडकमा टनाटन भीड भइसकेको थियो । विभिन्न मोडेलका मानिसहरू आफैं आफैं कुम्रि कस्तरी अभ्यस्त हुँदै बाँच्दै गइराखेका तर प्रत्येक व्यक्तिलाई मैले नियाल्तो देख्न थालें । सबै अव्यवस्थाका शिकार छन् तर व्यवस्थित हुन जानिसकेका । मैले सम्झें म पनि एउटा व्यवस्थित मानिस भए यहाँ एउटा कुनामा अटाउनुपर्छ । मलाई कर लाग्छ हाँस्नु, बोल्नु, खानु र बाँच्नु । यो व्यवस्था हो हामी यहाँ अभ्यस्त भइसकेपछि त्यो अभ्यस्तता नै हाम्रो जीवनको गतिशीलता भएर जाँदो रहेछ । मलाई अटाउने ठाउँ यद्यपि छँदैछ र हुँदै जानेछ जसरी तसरी । के हो र मेरो समस्या ? समस्या लिपिएका अखबारहरू, समस्या लेखिएका अनुहारहरू, गाभिएका छन् आपस्तमा, म छुट्टै कहाँ छु र ? समस्याको पनि यहाँ व्यवस्था छ । यही एउटा व्यवस्था जीवन हो, यही एउटा अभ्यस्तता जीवनको गति हो । म गहिरिंदै गइरहेको थिएँ काला काला टाउकाहरूको माझमा । म पीपलको बोटनिर आइपुगेको थिएँ । एउटा चुरुट सल्काएपछि धूवाँ उडाउँदै प्रत्येक आउने जानेहरूलाई केलाउँदै आफैंसित छुट्कारा पाउन थालें । एक छिनलाई मस्तिष्क हलुंगो हुन लागिसकेको थियो । एउटा रिक्सावालले भएभरका अश्लील शब्दहरू दोहोऱ्याएर छेवैको बूट पालिस गर्ने केटालाई गाली गरिरहेको थियो । यसो हेर्दै उसको अनुहारमा अगाध सन्तुष्टि थियो, सम्झें व्यक्त गरिरहेको छ आफूलाई त्यसैले सन्तुष्ट छ, चाहे त्यो गाली नै किन नहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटी टुरिष्ट ठिटी आफ्नो सुनौली मुडुलो टाउको एक किसिमले हल्लाउँदै आउँदैथिई पछिपछि चुरुटको मुस्लो धूवाँ निकाल्दै उसैलाई पछ्याइरहेको एउटा भुरा मगन्ते। सुनौली टाउको र धूवाँले एकसाथ मलाई छुट्कारा को संसारदेखि यथार्थमा पछ्याऱ्यो। मैले उनी-हरूलाई धेरै परसम्म हेरिरहें। बत्तीको पियाजी रंगको लाइटमा नयाँ सडकको रात बिस्तारै लठारिंदै थियो। रात हो तर मेरो हेराइले समातेको वातावरणभरि अँध्यारो कतै थिएन। अँध्यारोको कुनै अर्थ छैन। दिउँसो हामी अँध्यारोको सृजना गर्न सक्तछौं, रातभरि हामी डुलेर पिएर हिंड्न सक्छौं यस्तो भइसकेको थियो काठमाण्डू। यहाँ रातविरात सडकहरूमा मानिसको टाउको हराउँदैन। म धेरैबेर लगातार चुरुट तानेर त्यहीं उभिइरहें। मानिसको भीड छाँटिन थालिसकेपछि भूगोल-पार्कमा केहीबेर बसें। वरिपरिका बार र रेस्टुराँहरूले निम्त्याइरहेका थिए तर त्यहाँबाट पनि आज मलाई भाग्न परेको थियो। केही समय बिताएपछि घडी हेरें र सम्झें शिवराज यस बेला हत्तारिंदै घर जान्छ शायद गइसक्यो होला हुन सक्छ आज आएन पनि म ढीलो ढीलो हिंडेर बारमा चियाउन पुगें। बियर र ह्विस्कीको बासलँग सम्मिलित भएर आएका बोतल र गिलासको आवाज, रक्स्याहा भाषा, रक्स्याहा उच्चारण, टेम्पोमा पुगिसकेकाहरू कोही बसेरै कोही अल्छी नमानी उठेर देखाइरहेका शेक डान्सका आपना पाराका मुद्राहरू बारभित्र व्यवस्थित युगको व्यवस्थासँग कतै नखुम्चेर नबिग्रेर बसेका थिए। सम्झें यहाँ पनि यिनीहरू आफैंलाई व्यक्त गरिरहेका छन् शेक डान्सका जथाभावी मुद्राहरूमा, तर मेरो दिन म कसरी पनि व्यक्त हुन सक्तिनँ, केही पनि बहाना गर्न सक्तिनँ। कुनामा झ्वाट्ट देखें शिवराज अहिलेसम्म नगई झन् ताउमा आएर बसिरहेको थियो। शिवराजले अवश्य मलाई पर्खेको हो नत्र यस वेलासम्म ऊ भागिसक्थ्यो र शिवराज आज ताउमा आइरहेको छ र हुन सक्छ यो मेरै निम्ति हो। जे होस् स्थितिलाई साट्न सकिंदैन। मलाई देख्नासाथ शिवराजले जोशिएर भन्यो "आउनुहोस् सुयोगजी, तपाईंकै प्रतीक्षा थियो।"

म झसंग भएँ। शिवराजले झन् जोशिएर भन्यो, "आज ढीलो गए पनि हुन्छ, बरीलाई संचो छैन। यस्तो बेला ऊ कोठाबाट बाहिर निस्कन्न।"

'बरीलाई संचो छैन', यसले मलाई ठीक त्यही स्थितिमा कति पनि छोएन तर अहिले छुट्काराको हलुंगो अनुभूति आफैंभित्र पाएँ यसै कारण कि बरीले प्रतिक्रिया लिईन, शिवराजलाई थाहा छैन यी सब। पौडी खेलेर निस्कँदाको जस्तो आफैं छ्याङ भएँ। म कसैलाई चर्को प्रेम गर्छु, उसको मन भएको उसको सिंगो शरीर जम्मामा सम्पूर्ण उसलाई पाउनको निम्ति मैले जीवनलाई चाहिंदोभन्दा बढी अमिल्याइसकेको छु र यो छ्याङ हुनु र छुट्कारा पाउनु मेरो उद्देश्य होइन, लक्ष्य होइन, उपलब्धि होइन यी सब अचेतनमा टाँसिएर बसेको भए तापनि त्यो आवश्यक स्थितिमा मैले सबै बिर्सेको हुँ, जे होस् त्यो एउटा मिठो छुट्कारा थियो। बरी र मेरो बीचमा केही भइसकेको छ र म संसारदेखि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसदेखि भाग्न खोजेको कदापि होइनँ यसो भन्न सक्तिनँ पनि, यसले होइन कि भागेर जाने ठाउँ छैन तर मलाई एउटा प्रतिक्रियाको लोभ थियो । शिवलाई आज स्वाभाविक पाउँदा मैले सोचेको हीन-प्रतिक्रियाको निकै ठूलो चोइटा खस्केर गयो, मैले राम्रै सपना देख्न थालें । बरीलाई संचो छैन यो कुनै विशेष कुरा भएन । सम्झें शिवराज पनि यो व्यवस्थालाई साह्रै विधि मेल खाने मान्छे हो, केही नहुनुमा यो मानिस त्यसै त्यसै भाग्छ, अर्थहीन भाग्छ, वास्तविकतालाई पैले पन्छाउँछ आफूलाई बिर्साएर बाँच्छ । बरीलाई संचो नहुनु उसको पनि आफ्नो पाराको छुट्कारा रहेछ, के ऊ बरीदेखि पनि भाग्छ ? यथार्थमा भाग्न ऊ चाहँदैन वस्तुतः पटाक्षेपमा गजधम्म बसेको जीवन नाउँले परिचित एउटा अपरिमित दुःखको, जसको एउटा जबरजस्त अस्तित्व छ, आफ्ना बाँचिरहेका क्षणहरूलाई उसले त्यसैको छुट्कारा स्वरूप मानेको छ । तर, के जीवन यस्तै छुट्कारा मात्रै हो र ?

के त्यो जड अस्तित्वको हामी हाराहारी छैनौं र ? मुखामुख छैनौं र ? यसो भनूं, काखैमा छैनौं र ? यदि हो र पनि बहानाको मकुण्डो ओढेर शिवराज त्यो अस्तित्वलाई बिर्सन खोज्दै एउटा छुट्कारामा बाँच्छ भने निःसन्देह उसले बाँच्न जानेको छ । उसले व्यवस्थित बनाइसकेको छ आफूलाई आफैं छाँटले आफ्ना पारामा । निष्कर्षमा पुगें यो पनि आत्मविस्मृतिको एउटा विशेष साधन हो, शिव जोगी हो, महात्मा हो ।

अकस्मात् मुखमा जोतिदिन ल्याएको गिलासलाई स्वीकार गर्दै मैले रक्स्याहा शिवराजका साना-साना आँखाहरू हेरें । शिवराज रक्स्याहा हो र म पनि । क्रमशः गिलासहरू खाली हुँदै गए । शिवराज सक्रिय भइसकेर पनि शिथिल हुन थालिसकेको थियो म भर्खर सक्रिय हुँदै थिएँ । एक पल्ट भरी हुँदै फेरि तरल भएर बग्दै र रित्तिदै मानिसहरू बाहिर निस्कन थालिसकेपछि शिवराजले घडी हेर्दै भन्यो, "अझ बस्नुहुन्छ कि सुयोगजी तपाईं ?"

मलाई के थियो समर्थन गरेर टाउको हल्लाइदिएँ । शिवराज सधैं हेरी बढ्तै पिइरहेको थियो तर एउटा रक्स्याहाले अर्को रक्स्याहालाई के सुझाव दिने ? रेडियोमा विथोवीन संगीतको मन खल्बलाउने धून चर्किएर आइरहेको थियो । शिवराजलाई बढ्ता भइसकेकोले गर्दा मलाई डेरा जान पऱ्यो भनी उसलाई पनि निकालें । रानीपोखरी-देखि उता राजपथ भएको ठाउँसम्म साइकल मैले डोऱ्याएँ, शिव बाँकटे हान्दै हिंड्यो । साइकल चढाएर उसलाई बिदा दिएपछि म एक्लो, रत्नपार्कतिर आएँ । यस्तै स्थितिमा अँध्यारो चाहिन्छ, हामीलाई एकान्त चाहिन्छ । चिसो चौतारीमाथि बस्दै सम्झन थालें हरेक मानिस आफूसँग एक्लो कहिले हुन सक्तैन । यो जो हामी एकान्त भन्छौं यो भ्रम मात्र हो । यो पीडित संसारलाई लत्याएर आफूलाई लत्याएर आफ्-आफ्नो आभासदेखि पनि एक्लो हुन सके ? छेवैको चौतारीबाट मीठो मसिनो खित्काको आवाज आयो । फर्केर हेरें उनीहरू एकाअर्कालाई माया गर्न लागेका थिए खुलस्त माया, निसंकोच माया ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनीहरूलाई एकान्त चाहिएको थियो, अँध्यारोको त गन्ध मात्र भए पुग्छ, यो अँध्यारो हो भनी मानिलिए पुग्छ। मलाई भाग्न मन लाग्यो तर भागिनँ। भाग्ने के काम ? पर्दा कहाँ छ र यस संसारमा ? नदेखेको जस्तो गरिदिए त पुगिहाल्यो नि। यसो गर्नु हामीलाई लत पनि त बसिसकेको छ। कुन यथार्थ यहाँ नांगो छैन र ? जानी जानी यो पर्दा हो भन्दै सिथ्थैं आफूलाई ठगेर हामीले भूल गरेका हौं। तर म त्यहाँ बस्न सकिनँ। उनीहरू पर्दा खोजिरहेका थिए म पनि नदेख्ने प्रयत्नमा थिएँ। मायाको अतिक्रमण बढ्दै गएपछि मलाई सहिसक्नु भएन, उठेर बिस्तारै डेरातिर आएँ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हप्ता दिनपछि त्यो घटना अलिकति शिथिल भएर आयो, यसो भनूं मलाई त्यस्तो लाग्यो। अब त्यो घटनाले आलो घाउको दुखाइ दिंदैन, फुटिसकेको थियो र दुख्न केही कम। स्थिति केही स्वाभाविक भए जस्तो लाग्यो मलाई। त्यसपछि म बारमा गइनँ, शिवराज म बिना एक्लो हुँदैन, उसका अरू पनि धेरै साथीहरू छन् घरमा नभए पनि बाहिर भेट्नेहरू, त्यसैले शिव मलाई खोज्दै आएन पनि। शायद बरीले केही पनि भनिन होली, त्यस्तो कुरा आफ्नो दाइलाई भनोस् पनि किन ? त्यही मेरो बलियो सान्त्वना भएको थियो, तर मन एकतमाससँग छट्पटिरहन्थ्यो। लौ भनिन रे बरीले कसैलाई पनि तर उसले के सोची ? विसंचो त ऊ अवश्यै होइन होली तर उसलाई के भइरहेको छ ? अब शिवराजको घरमा नगएर यो कथालाई यसै टुंग्याइदिने हो ? त्यो मेरो माग थिएन, मैले खोजेको अर्कै संसार थियो। मैले जानै परेको थियो त्यहाँ तसर्थ, दुई धारमा रेटिंदै रेटिंदै भए पनि अन्तमा म फेरि उही ढोका भएर त्यहाँ गएँ। मलाई कति विचारहरूको समन्वयले घचेटेर, कति अभिलाषाहरूले कुत्कुत्याएर त्यो घरमा लगे, भनेर साध्य हुँदैन। प्रत्येक फलबारीका निर्जीव वस्तुहरूले, ढोकाले, शिरीषका लादिएका हाँगाहरूले मलाई केही भिन्नता नदेखाई स्वागत गरे। नीला फूलहरू नीलै रंगमा थिए, हरियो चौर हरियैमा, कतै केही विकार थिएन। भोकटेको रूखमा धोती सुकाइरहेकी मुजुरालाई मैले पछिबाट देखें। उसले हेरी र कान-कानसम्म हाँसी। यो घरमा केही भएको छैन मुजुराले यही कुरालाई त प्रमाण दिइरहेकी थिई। मैले धेरै ठूलो बल पाएको अनुभव गरें। मुजुरा म भएतिर आई र आफ्नू मलीन भाषामा भनी "शिव दाइ शहर जानुभएको छ बस्दै गर्नुस् न, बरीलाई त संचो छैन।" यसो भन्दा उसको अनुहारमा कुनै गाह्रोपना थिएन। यही कुरा हो शिवराजले बारमा सुनाएको र यही कुरा हो मुजुराले साता दिनपछि दोहोऱ्याएकी, मलाई अब बरीको संचो नहुनुले पोल्यो। कहाँको मिठो छुट्कारा कहाँ यो घाँटी अँठ्याउने वास्तविकता। मलाई विश्वास लाग्यो कि मैले उम्कने बाटो पाएको छैनँ। मैले सोध्न पनि सकिनँ कस्तो किसिमको संचो नभएको हो बरीलाई। यस्तो लाग्यो मेरो सोध्ने अधिकार पनि छैन, सोधिहालें भने पनि एउटा नांगो सत्य खुल्ला भन्ने डर थियो। खुल्न त खुल्छ खुल्छ त्यो तर अहिले यो क्षण होइन। गाह्रो त ऊ अवश्य भएकी होइन। कारण शिवराज र मुजुराको भनाइ दुइटैमा गाह्रोपना थिएन।

"अहिले जाऊँ काम छ भन्दै" म तलैबाट फर्कें, मुजुराले विरोध गरिन। बाटामा आइपुगेपछि सोच्न थालें वास्तवमा बरीको संचो नहुनुको खास अर्थ के हो ? के कति कारणले ऊ संचो छैन ? उसलाई के भएको छ ? संचो नहुनु अर्थात् बिछ्यौना परेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ ? हिंड्न खान मुख चलाउन ऊ सक्तिन । संचो नहुनुको अरू पनि कारण हुन सक्थ्यो तर उसलाई त्यही दिनदेखि संचो छैन । बरीको उद्देश्य के हो ? मलाई भित्रभित्रै पीडाको अनुभव हुन थाल्यो । बरीको संचो नहुनुले नै मेरो उम्कने बाटो बन्द गरिदिएको छ ? होइन, अवश्य होइन, ऊ संचो भएर होस् चाहे नभएर मैले थाहा पाएँ मेरो चाहिने स्थिति उस्तै हो बरु बरीले ठीक भइदिए हुन्छ । एक मनले लाग्यो के प्रमाण मेरै कारणले गर्दा उसलाई संचो नभएको हो भन्ने? शिवराजले भनी त बस्छ नि कसरी बरी एक पल्ट हृदय रोगको शिकार पनि भएकी थिई, कसरी उसको शारीरिक कमजोरीले गर्दा उसलाई कहिले कलेज नपठाएर घरमै राख्न परेको छ । ऊ कुनै पनि कारणमा संचो नभएकी हुन सक्छे तर त्यो सान्त्वना मेरो उद्देश्य होइन । म त्यो स्थितिदेखि भाग्न चाहँदैन थिएँ ।

प्रश्नमाथि प्रश्न थपिएर म आफू पनि संचो नहोलाजस्तो भइसकेको थिएँ। मस्तिष्क भारी भइरहेको थियो । अहिले मध्याह्न नै छ कहाँ जाने, कता गएर भुलिने ? कतिवटा तथ्यहीन कुराहरू बनाउँदै भत्काउँदै म लुखुर-लुखुर डेरामा नै आएँ। कुनै पनि एउटा खास निष्कर्षमा पुग्न सकेको थिइनँ, पुग्ने पनि कसरी ? साँच्चै नै प्राणघाती सुनगाभाको बिरुवा हो बरी, उसले मलाई गारेर छाड्नेछ । पश्चात्ताप लाग्यो, कुन दिन शिवराजसँग मेरो चिनापर्ची भएछ, कुन दिन शिवराजले मलाई आफ्नो घरमा लगेछ । हरे ! यी दिनहरू मेरो इतिहासको पानाबाट खुरुखुरु मेटिए हुने, जीवनसँग खेल्नु सम्झे जति सजिलो रहेनछ । डेरामा आइपुगेपछि एउटा मधुरो आशाले मलाई लोभ्यायो । मैले काठमाण्डू छाड्ने विचार गरें । प्रेम दुःख हो । मेचमा आँखा चिम्लेर बसेपछि मैले देखें ऊ आफ्नो निकोटिन लागेको ओंठलाहरू हल्लाउँदै भन्दै थिई 'आफ्नो निम्ति फुल्ने, आफ्नै निम्ति फक्रिने । मर्नु-जस्तो एउटा बाध्यतालाई स्वीकार गर्नको निम्ति भँवरासँग लाप्पा खेल्नै पर्छ ? झर्न त पर्छ पर्छ भने भँवराको चोट सहेर किन ? आफू मात्र झर्ने आफ्नो इच्छाले झर्ने ।' मनमनमा दोहोऱ्याएँ बाँच, जरी, बाँच, आफ्नो निम्ति बाँच, अरू मरे मरून्, तिमीलाई के? धेरै हो भन्नुपर्छ मैले तिमीलाई छुनसम्म पाएँ ।

पसल्नी मरिसकेकी थिई अरूले चिताएको समयभन्दा पहिले नै । यसले साहू तीन चारजना केटाकेटी तह लगाउँदै पसल गर्थ्यो । ठिटो आउन छोड्यो अब उसको त्यहाँ केही छैन, दुःखी या सुखी त्यो मलाई थाहा थिएन तर विश्वाससाथ भन्न सकिन्छ त्यसले अवश्यै प्रेमलाई दुःखको रूपमा ग्रहण गरेको थिएन । उसको प्रेम कुन सीमासम्म निस्सार थियो भन्ने कुराको उसलाई ज्ञान थिएन । पसल्नी आफूलाई खेलाउँदा खेलाउँदै मरी, राम्रैसँग मरी । अब त्यो पसलभित्र खापाको ओछ्येल र छिंडीको अँध्यारोले आफूलाई फुका अनुभव गरेको थियो । अब लुकाउनुपर्ने वस्तु त केही थिएन । सम्झन थालें प्रेमको मूल्य छैन, जस्तो यो छिंडीको अँध्यारो र खापाको ओछ्येल उनीहरूको प्रेमको मूल्य होइन, जस्तो मेरो भित्रभित्रै भुट्भुटिएर खरानी हुनु मेरो प्रेमको पनि मूल्य होइन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई लाग्यो म कुनै प्रवंचनामा त छैनँ ? मैले आफैलाई त विश्वासघात गरिरहेको छैनँ। यी सब जो सपनाजस्तै बितेर गए म त्यसलाई अस्वीकार गरूँ। अस्वीकार गरिदिए म सुखी हुन सक्छु ? असम्भव। स्वीकार गरेरै पनि के सुखी छु अहिले ? कुन भावना त्यहाँ सारपूर्ण छ ? मानिस कहाँ सुखी छ। कुन मानिस सुखी छ ? के म बौलाएँ भने सुखी हुन्छु ? के म आत्महत्या गरेर सुखी हुन्छु ? मलाई छातीभरि उकुसमुकुस भएर आयो। उठेर पानी खाएँ, कोठामा ओहोर-दोहोर गरें। पुराना प्रत्येक घाउहरूले पालैपिच्छे वेसकन पोल्दै ल्याए। बरीलाई छोएर मैले राम्रो काम गरेको होइन। म भाग्छु अवश्य भाग्छु। मलाई कराउन मन लाग्यो मानिस जहिले पनि विवश छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो नियमबद्ध जीवनमा जुन मोड आएको थियो त्यो आफैंलाई पनि अनौठो लाग्ने भयो । म काठमाण्डू छोडेर भाग्न खोजें तर भाग्न सकिनँ । भागेर गएँ भने पनि यसभन्दा माथिल्लो तहको जीवन बिताउन सक्छु भन्ने कुरामा मेरो विश्वास मरिसकेको थियो । म तयार थिएँ यसलाई एउटा परिवर्तन मात्र, यस्तो परिवर्तन जसको कुनै विशेषता छैन र जसमा कुनै पनि मज्जा छैन । त्यो यस्तो परिवर्तन जसको दाँजोमा आफ्नो पहिलो स्थिति धेरै सुखद लाग्छ । त्यो आलो घाउ अब चहराउँदैन तर त्यसको खाटाले शरीरको एक अंग यस्तो विकृत बनाइदिएको छ जसलाई हेरी-हेरी तर्सिन पर्छ त्यही विकृतिमा आफूलाई ठड्याउन कर लाग्छ, देखाउन कर लाग्छ ।

केही दिन पश्चात् म फेरि गएँ र बरी आजभोलि संचो हुन्नको स्तरमा उठेको एउटा वाक्यले आघात भएर आएँ । ऊ कहीं देखा परिन, शिवराजको वैठकसम्म पनि आइन । त्यसको केही दिन पश्चात् बाटामा शिवराजले भन्यो "बरीलाई आजभोलि कुन्नि किन संचो हुँदैन" तर यसो भन्दा ऊ रमाएको थिएन, उसले छुट्कारा अनुभव गरेन । उसलाई के हुन्छ कसो हुन्छ भनेर सोध्न मैले आफूलाई कहिले समर्थ पाइनँ । स्वीकार गर्न पर्थ्यो म हीन र अपराधी मात्र नभएर एउटा कातर निष्क्रिय मानिस भएर बाँच्दै थिएँ । अब बरीको संचो नहुनुको कारण र अर्थ मलाई राम्रैसँग स्पष्ट भइसकेको थियो यसमा कुनै सन्देह थिएन । मलाई विश्वास थियो बरी र म आफैंलाई सिवाय यो घटना कसैलाई थाहा छैन र कहिले हुने पनि छैन । विचार गर्थें म कातर, कमजोर मानिस तर बरी त्यस्तो होइन । उसलाई भएको के छ र ऊ यसरी मौन बसेकी ? किन उसलाई कसैले सोद्धैन ? किन उकुसमुकुस हुँदैन ? किन ऊ प्रतिक्रिया लिन्न ? उसको चरित्रले यो संकेत कहिले दिएन । यस्ता प्रश्नहरू जब मेरो मनभरि सल्बलाउन थाल्थे लगत्तै धेरै वटा सम्भावनाको टुंगोमा पुगिहाल्थें । कसैलाई म मेरो विश्वासको कसीमा कसरी राखूँ, कसैलाई म बाहिरबाट कसरी चिनूँ ? सम्भव छ अभिमानको, मर्यादाको, लाजको भारले थिचेर बरी यस्तरी मौन बसेकी होली र सम्भव छ शिवराजको विश्वासी हुनुको नातामा ऊ यस्तरी बसेकी र अनि सम्भव छ एउटा बूढो रक्स्याहा सिपाहीको नीलतुतोजस्तो ओठको स्पर्श पाएर आफैं घृणाको आगोमा जल्दै खरानी बनेर बसेकी होली । यी सबै सम्भव थिए र यी सबैको एउटै निचोड टुंगो म पाउँथें बरी मलाई घृणा गर्दिरहिछ अर्थात् थालिछ । आफू र आफूलाई घेरेको स्थिति मैले निकै कठिन पाउन थालें । जीवन धेरै तीतो भइसकेको थियो । बरीलाई देख्न नपाउनु एउटा पीर, घाउको खाटामा आफूलाई विकृत र वीभत्स समर्थन गर्दै हिंड्नु अर्को पीर । मेरा दिन र रातहरू बेसकन गह्रौं हुँदै आए । आफूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घरैर हिंडेको स्पष्ट अनुभव भइरहेको थियो ।

वरी संचो छैन, हुन्न र आजभोलि उसलाई संचो हुँदैन भनी ओहोर-दोहोर चर्चा अब एउटा समस्याको रूपमा आइसकेको थियो मलाई मात्र होइन शिवलाई पनि । यो मैले उसको हावभाववाट प्रष्ट थाहा पाइरहेको थिएँ । अब बारबाट ढीलो जाने उसको रहर हुँदैन ऊ बलजफ्ती ढीलो जान्छ, अब यी सब हुनु उसको छुट्कारा रहेन ऊ बाध्य भएर ढीलो फर्कन्छ । र म मनमनै सोच्थें अब त्यो वास्तविकताको काखैमा शिवराज छट्-पटिरहेको छ । अब ऊ भागेर भाग्न सक्तैन बहाना गर्न सक्तैन । स्वीकार गर्न पर्थ्यो मैले बरीसँगसँगै शिवराजलाई पनि रोग लगाइदिएको थिएँ ।

एक पल्ट बारमा उसले निधार गाँठो पारेर भन्यो "सुयोगजी, के हुन्छ कुन्नि बरीलाई पटक्क रास्रो भएन । तपाईं उसको कोठामा गएर एक पल्ट हेर्नुस् त ऊ कस्तरी दुब्लाएकी छ । तपाईं तर्सिनुहुन्छ ।" उसका निर्धा आँखाहरूमा विवशता पोखिएर आउन खोज्यो । यी वाक्यहरूले ठीक नयाँ करौंतीले कलेजो रेटेको जस्तो एउटा सहिनसक्नु पीडाको मलाई अनुभव भयो सपनामा धताए झैं मैले रक्सीको गिलास हातमा लिएर 'हो' मात्र भनें र केही वेर निहुरेर बसिरहें । म किटेर भन्न सक्छु शिवराज दिनदिनै दुब्लो भएर गइरहेको थियो र उसका निर्धा आँखाहरूमुनि अस्पष्ट वस्न लागेका नीला डोवहरूले प्रमाण दिइरहन्थे, ऊ कसरी बरीको सजीवता विना जीवनहीन हुँदोरहेछ । यहाँ म होइन शिवराजको अवस्था दयनीय थियो । कहिले काहीं साथीहरूको माझमा वसी त्यसै हाँस्ने बहाना गर्दै जब शिवराज पोरले खुम्चिएका गालाका धर्साहरूमा आफूलाई पलायन गर्ने निरर्थक प्रयास गर्थ्यो त्यस बेला शिवराजको हात समातेर मलाई भन्न मन लाग्थ्यो 'शिव तपाईं भाग्न सक्नुहुन्न, त्यो मिठो छुट्कारा हामी दुइटैको जीवनको वास्तविकता होइन वरु आउनुहोस् स्वीकार गरौं ।' तर यी अभिव्यक्तिको सट्टामा सधैं म उसलाई पेगमाथि पेग थपेर अधमरो बनाइदिन्थें । सत्यको नजीकै पुग्न नसक्ने म निष्क्रिय मानिस मबाट अरू केही हुन सक्दैनथ्यो । उसको गालाका जीवनहीन धर्साहरूमा हाँसिएको मरन्च्यासे हाँसोमा मेरो निम्ति सधैं एउटा मार्मिक अर्थ खुल्थ्यो, तर त्यो मानिस म हुन सकिनँ जसले एउटा पर्दाअघि निर्विरोध आएर शिवलाई भग्न सक्थ्यो 'मैले तिम्रो बरीलाई तिम्रो विश्वासको विरुद्ध हत्या गरिदिइसकेको छ र तिम्रो विश्वासको विरुद्ध बरीले आफ्नो आस्थालाई चकनाचूर पारिसकेकी छ ।' मलाई लाग्थ्यो यो बरी संचो नहुनुको एउटा चर्चा जसले कुहिरो भएर बरी र मलाई प्रत्यक्ष र शिवराजलाई अप्रत्यक्ष रूपले बेहेको छ शायद त्यो कहिले फाट्दैन र हामी कहिले एउटा पर्दा उघारेर एकाअर्कालाई हेर्न सक्तैनौं । के हाम्रो अन्त पनि यसरी नै हुन्छ ? म झस्कन्थें र विचार गर्थें शिवराज किन त्यस्तरी बरीलाई माया गर्छ ? के यो मायालाई मस्तिष्कबाट खोतलेर मिल्क्याउन सकिन्न ? हामी एकाअर्काको म्यागनेटको तानातानमा किन अड्न परेको छ ? हाम्रो अस्तित्व आ-आफ्नो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्तित्वमाथि अडेर कायम रहन सक्दैन ? किन हामीलाई अरूको हुनुको चेतना भइरहन्छ, किन हामी सधैं दुःखी छौं ? सिथ्यैं शिवराज बरीलाई माया गर्छ, कति निरर्थक छ उसको माया ? सट्टामा बरीले के दिन सक्की र उसलाई ?

एक दिन, दुई दिन, एक हप्ता र महीना त्यसै त्यसै खुस्केर गयो । हामीमा कुनै प्रगति देखिएन । बरी बिरामी भइसकेकी छ कारण नभएको बिरामी, अर्थात् उसले कसैलाई केही भनिन । शिवको भनाइअनुसार मैले लख काटें ऊ बाँच्न खोज्दीरहिछ तर जीवनलाई हेला गरेर, जिउनुको विश्वासलाई लत्याएर । बरी खान्छे, बोल्छे, सुत्छे तर ऊ बिरामी छ । शिवराज बरीको निम्ति कति उपायहरू गरिरहेको छ तर सबै निरर्थक सिद्ध भएका छन् । शिवराजको अठोट थियो बरीलाई जसरी हुन्छ निको तुल्याउने, सधैं झैं उसको बैठकमा आउने, समय बेसमय कुरा गरिदिने । तर स्थिति शिवराजको इच्छाको पनि विपरीत गइरहेको थियो । अन्तमा शिवराजले निर्णय दियो "सुयोगजी, बरी अब मान्छे होली जस्तो लागेन, मधेश लिएर जान्छु शायद हावापानीको केही असर पर्न सक्छ ।" त्यस बेलाको उसको आँखाको अभिव्यक्तिलाई साँच्चै रोएको हो भन्न सकिन्थ्यो । यही अभिव्यक्तिमा उसले फेरि भन्यो "बरीलाई केही भइहाल्यो भने म बाँच्न सक्तिनँ, साँच्चै, म आत्महत्या गरिदिनेछु ।" बिजुलीको करेण्ट लागेजस्तो मेरो स्नायुकेन्द्रमा शिवराजका कामेका शब्दहरू थर्किएर गए, मैले उसलाई हेरें मात्र, मानौं म एउटा पशु हुँ । म उसको मर्म बुझ्न सक्छु तर भाषा बुझ्न सक्तिनँ र मर्मले केही फर्काउन सक्छु तर भाषाले होइन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अबको ताली बरी जो मधेश जाने सम्भावनामा थिई त्यो बरी मेरो स्थितिअघि व्यंग्य, उपहास, एक्लोपना र रित्तोपना भएर आइन । अब ऊ मधेस जानुमा कुनै पीर छैन, यस कारण कि म एक कदम पनि धृष्ट हुन सकें भने उसलाई रोक्न सक्छु । अब म खास समस्याहरूबीच आफैं गाँठो पर्न थालें । बरीलाई केही भइहाल्यो भने शिवराजले आत्महत्या गर्नेछ, जब यो विचार मस्तिष्कमा दोहोरिन्थ्यो अनि स शब्दहीन पशुजस्तै शिवराजको अघि बसेर भूईं कोतरिरहेको आफूलाई पाउँथें । जीवनभरि अपराधी र निकृष्ट रहेको मलाई बरीले कुनै दिन कुनै पनि क्षण चिन्ने छैन, यो सम्झँदा आफूलाई एउटा धेरै जीउँदा लाशहरूलाई पचाइसकेको अँध्यारो इनारले आकाशतर्फ सम्झौताको निम्ति हेरिरहेको जस्तो पाउँथें । अझ सबैभन्दा मेरो विवश समस्या त्यही थियो अर्थात् कि कस्तो विवश र दयनीय अवस्थामा पुगेपछि म आवेगको शिकार हुन पुगें र त्यो जो बरीले अमानुषिक सम्झेकी होली मेरो उसप्रतिको कुनै अपराध होइन, पाप होइन । के बरीले कहिले यो रहस्यलाई थाहा पाउने छैन ? पीर लाग्थ्यो, यति त थाहा पाउनुपर्छ बरीले कि म कसरी उसको निम्ति मरेर हिंडेको छु । नैसर्गिकताको यदि कहीं अस्तित्व भए त्यो त्यही क्षण हो, ईश्वरत्वको पनि कुनै अस्तित्व भए त्यो त्यही क्षणमा गएर समावेश हुनपर्छ । मैले खुल्न पाउनपर्छ । मभित्र विरोध भरिएर आयो र निर्णय गरें, म जान्छु र स्वीकार गरिदिन्छु । म भन्नेछु बरीलाई, 'बरी ! मलाई एक क्षणको निम्ति बुझिदेऊ, कुनै पनि एउटा कोणबाट हेरिदेऊ, म सन्तोष लिनेछु । बिर्सिदेऊ मैले एकान्त पारेर तिमीलाई छोइदिएको छु, बिर्सिदेऊ । त्यो कुनै मनमा ज्ञान गाड्न पर्ने घटना होइन, बिर्सिदेऊ हामीमा केही भएकै थिएन । जसरी अरूहरू प्रत्येक सजिलो कोणबाट जीवनका स्थितिहरूलाई लिइदिन्छन् । तिमी पनि लिइदेऊ । सम्झिदेऊ कि लोग्नेमान्छे स्वास्नीमान्छेलाई अतिक्रमण गर्छ, एकान्त पाउन हुँदैन मौका छोप्छ र मलाई पनि त्यति मात्रै ठानी त्यही सस्तो संस्कारमा मेरो मार्मिक कथालाई गाभिदेऊ, गाभिदेऊ म सन्तोष लिनेछु । कि क्षमा गरिदेऊ मेरो धृष्टतालाई, कि शिवसँग खुलस्त भएर मलाई अभिशाप देऊ, चाहे सास्ती, म स्वीकार गर्न तयार छु । तर बरी ! यो तुवाँलोले फाट्नैपर्छ, यो अन्धकारबाट हामी उन्मुक्त हुनैपर्छ ।' म अवश्य भन्छु, अवश्य भन्छु, यही निश्चिततामा रातलाई जसोतसो काटें ।

फेरि शिरीषका नीला फूलहरू क्रमशः झर्न लागेका थिए, करबलले हाँगासँगको आपनो मियादलाई पूरा गर्दै । भर्खर पानी परेर उघ्रेको दिनको बिहानी एउटा सफा मनजस्तै आफैंमा सन्तुष्टि थियो । त्यो घर त्यस्तै थियो, त्यो चौर त्यस्तै, ती प्राणघाती सुनगाभाका फूलहरू त्यसरी नै हावामा हल्लिरहेका थिए । सम्झना आयो यही एक चोक्टा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जमीनमाथि एउटा अनौठो चित्रकलाजस्तै बिहानी धूवाँहरूको माझमा बरीको सुनौलो टाउको देखेको थिएँ, कस्तो जीवनले पूर्ण थियो त्यो दिनको उसप्रतिको रहर र आज कस्तो विवशता हो यो । बाहिर कोही थिएन, म अन्तिम निर्णयमा पाउन अन्तिम आश्रयको, उही पनि विश्वासमा होइन आशामा, आफ्नो बाँच्ने दिनहरू टेकाउन गइरहेको थिएँ । मूलढोकामा शिवराजकी भान्सेबाहुनी के गर्न लागेकी थिई कुन्नि मलाई देख्नासाथ झसंग हुँदै भनी "काजी ! बरी मैयाँको आज बिहान स्वर्ग भयो ।" त्यसपछि आँसु र किल्किलेको गाँठोसँग शब्द पचाउँदै उसले के के भनी, अनि मैले टाढा भन्ज्याङबाट थकिदै आएकाजस्तै ती शब्दहरूका सारांश यति बुझें, यति नै सुनें, "मध्यरातमा बरी मुटुको ढुकढुकी बढेर सुस्त भएकी थिई, कोही डाक्टरहरू समयमा नपाउँदा शिवराजले उसलाई अस्पताल लगेको थियो र आज बिहान उसको स्वर्ग भयो ।" एक छिन, केवल एकै छिन मलाई आफ्नो गति रोकिएजस्तो लाग्यो । एक छिन मैले केही सोच्न सकिनँ, मस्तिष्क सम्पूर्ण रित्तो भइदियो । स्वाभाविक भइसकेपछि सर्वप्रथम सम्झें सकमबरीको अस्तित्व अब यो संसारमा छैन, डरलाग्दो सत्य । सकमबरीको मृत्यु भइसकेको छ, कठिन वास्तविकता । त्यो अपरिमित दुःखको जड अस्तित्व, जसलाई हटाएर हटाउन सकिन्न, जसलाई अनेक अलंकारहरूले सिंगार्न सकिन्न र जसलाई आदर्श भावनाहरूले छोप्न सकिन्न । बरीको मृत्यु एउटा विश्वास, एउटा सत्य । म रुन्थिनँ सुनगाभाहरू झुन्डाइएका पर्खालतिर गएँ । कलिला प्याजी फूलहरू हावामा हल्लिरहेका थिए, एउटा चुरुट सल्काएपछि विचार गर्न थालें, ममा अब कुनै समस्या छैन, अब धृष्ट हुनुको मेरो कुनै अर्थ छैन, अब ममा कुनै छट्पटी र उकुसमुकुस छैन । मैले सकमबरीलाई मारें । मैले सकमबरीलाई दिउँसै बलात्कार गरें ।

बरी मेरो सत्य प्रेमको आवेगलाई एउटा बलात्कार सिद्ध गरेर मरेकी छ । मेरो इतिहास यस्तै छ । मनमनै भन्न थालें 'यो बलात्कारलाई प्रेमको उद्वेग भान्न सारा संसार त के, बरी, म आफैं पनि तयार छैनँ । यस दुःखद जीवनको अन्त मृत्यु हो र त्यसपछि हाम्रा भावनाहरूको कुनै पनि अस्तित्व छैन । हामी एकाअर्कामा स्पष्ट हुन सकेनौं र कहिल्यै सक्तैनौं पनि । यस जीवनकोपछि एउटा महाशून्य छ अब केही पनि चिताउनँ, सब निरर्थक छन् । तिमी एउटा अन्धकारमा निस्सासिएर मऱ्यौ र कुनै दिन म पनि मर्छु, यही हो तिम्रो र मेरो जीवनको मूल्य । मेरी सकमबरी ! एक दिन खूब फूर्ति लगाएर भन्थ्यौ कि जीवघाती सुनगाभाको जस्तो तन्तु राख्न पर्छ, खोइ आज तिमीले के गऱ्यौ ? बरु राखेकी छु भन्ने विश्वासमा तिमीले मलाई मारेकी भए हुने । मलाई किन मार्न सकिनौ ? त्यो पनि कत्रो आइरोनी थियो तिम्रो र मेरो जीवनको । आज त तिम्रा यी सुनगाभाका पातहरू मेरो आँखा-आँखामा ओठ-ओठमा टाँसेर लगूँजस्तो लाग्छ । निस्सार जन्मेकी तिमी, तिमीले मलाई पनि निस्सार छोडिराख्यौ । अब तिमी शिवलाई आत्महत्या गर्न बाध्य गराउने भयौ । मेरी सकमबरी! अब मलाई शरीरभरि खोपेर हिंड्न मन लागेको छ,जीवन असफलता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो, यो जीवन दुर्भाग्य हो, मानिस यसै पनि दुःखी छ उसै पनि दुःखी छ ।' सधैंको रित्तो हात रित्तो मन फर्कन अभ्यस्त मान्छे म रित्तै फर्कें । शिरीषका रित्तिएका हाँगाहरू आपनो रित्तोपनालाई स्वीकार गरेर उभिएका थिए । धूवाँको गुजुल्टोभित्र एउटा सुनौली टाउको दुई निकोटिनले पहेँलिएका औंलाहरू सजीव झैं मेरो अघिअघि गइरहेका थिए । एउटा कार्टून शरीर आफ्नो सानो गर्धन देखाएर हिंडिरहेको र म कैला रौंहरूलाई खेलाउने रहरसँग एउटा सिंगो मानिसको सम्पूर्ण मानसिकता हराएर, नपाएर, फर्किरहेको थिएँ । मेरा क्षणहरू हुन सक्छ घस्रिरहेका थिए, तर म छिटो छिटो हिंडिरहें ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो त्यस्तै दिन र त्यस्तै रात हो, यो त्यही बार हो र यो त्यही शिवराज हो । शिवराजले आत्महत्या गरेन व्यवस्थालाई स्वीकार गरेको छ, ऊ अभ्यस्त भइसकेको छ । पहिलेको हेरी शिवराज आधामासु भएको छ, बढ्ता पिउँछ । ऊ निरर्थक भाग्ने प्रयास गर्छ तर उसलाई भागेको जस्तो लाग्दैन, यसो भनूँ उसले भाग्ने ठाउँ पाउँदैन । मानिसमा माया र भावनाको हत्या भइसकेपछि मानिस बाँच्छ र मानिस एउटा मेशिनभन्दा बढी केही होइन, यही सत्यलाई हामी शिव र म दुवैले आफैंमा प्रमाणित गरिरहेका छौं । बरी एउटा अमूल्यहीन मत्य मरेको छ र शिवराज र म सारहीन जीवन बिताइरहेका छौं । अब शिवराजको भाग्नुको अर्थ छ उसलाई अब छुट्कारा ले होइन वास्तविकताले अँगालेको छ र म मैले वास्तविकताहरूलाई पचाइसकेको छु र अहिले सन्तुष्टिको एउटा परिधि खिच्न सकेको छु । शिव र मेरोबीच अझ त्यो पर्दा बाकिएर बसेको छ, तर म खोल्न चाहन्नँ किनभने अब यसको अर्थ छैन । कहिले काहीं बरीको प्रसंग शिवराज आफैंले उठाउँछ र भन्छ "सुयोगजी ! सुन्नुभो, बरीलाई आज मैले सपनामा देखेको थिएँ,मलाई किन किन बरी मरेकी जस्तो लाग्दैन" त्यसपछि ऊ एक गिलास एकै सासमा उडाइदिन्छ । एउटा शब्दहीन पशुको विवशता ममा यद्यपि छँदैछ तर त्यस विवशतालाई अब परिभाषा लगाएर आफैंलाई अमिल्याउनुको पनि कुनै अर्थ छैन । यसो भनूँ प्रत्येक मेरा भावनाहरू अब सबै अर्थहीन भइसकेका छन् । शिवराज यो जीवनको व्यवस्थामा रात्रै व्यवस्थित भइसकेको छ तर उसलाई यसको चेतना छैन । म सचेत छु । अब म बरीको सम्झनालाई हेलै पचाउन सक्छु ।

गिलासभित्र दुइटा गहिरा काला आँखाहरू देख्छु, एउटा मुडुली, टाउको देख्छु पिइदिन्छु र सन्तुष्ट हुन्छु । मेरा आफ्ना आँलाहरू निकोटिनले पहेँलिसकेका छन् । ती सधैं म हेरिरहन्छु र सन्तुष्ट हुन्छु । बरीको अस्तित्व छैन र सम्झन्छ यहाँ प्रेमको पनि अस्तित्व छैन । एउटा निस्सार संसारभित्र म बाँचिरहेको छु र सधैं स्वीकार गर्छु म एउटा महाशून्यभित्र बाँचिरहेको छु ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिजातका अन्य कृतिहरू

उपन्यास

महत्ताहीन ४।–
पर्खालभित्र र बाहिर ५।–
तोरी बारी बाटा र सपनाहरू ४।५०
अन्तर्मुखी ५।३०

कथासंग्रह

सडक र प्रतिभा २।७५

Jayatu Sanskritam, Kathmandu, Nepal